# नेपाली साहित्यमा शब्दाङ्कुर पत्रिकाको योगदान

## (१–५० पूर्णाङ्कसम्म)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधार्थी
केशवप्रसाद भण्डारी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६८

शोध निर्देशक
सह-प्रा. गोपीन्द्र पौडेल
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

# नेपाली साहित्यमा शब्दाङ्कुर पत्रिकाको योगदान

## (१-५० पूर्णाङ्कसम्म)

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी
केशवप्रसाद भण्डारी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं**

**२०६८**

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री केशवप्रसाद भण्डारीले दसौँ पत्रको प्रयोजनका लागि मेरा निर्देशनमा **नेपाली साहित्यमा शब्दाङ्कुर पत्रिकाको योगदान (१-५० पूर्णाङ्कसम्म)** शीर्षकको शोधकार्य सम्पन्न गरेकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६८/०८/०७

................................

सह-प्रा. गोपीन्द्र पौडेल

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र केशवप्रसाद भण्डारीद्वारा त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत **नेपाली साहित्यमा शब्दाङ्कुर पत्रिकाको योगदान (१-५० पूर्णाङ्कसम्म)** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **नाम** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम (विभागीय प्रमुख) | ............................... |
| २. सह-प्रा.. गोपीन्द्र पौडेल (शोधनिर्देशक) | ............................... |
| ३. अशोक थापा (बाह्य परीक्षक) | ............................... |

मिति : २०६८/०८/०७

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय सह-प्रा. गोपीन्द्र पौडेलको कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यावहारिक कार्यको व्यस्तता बीच पनि आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोध निर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने तत्कालीन विभागीय प्रमुख प्रा.राजेन्द्र सुवेदी एवम् वर्तमान विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति म कृतज्ञ छु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । शोध लेखनका क्रममा आफ्नो अमूल्य समय दिई आवश्यक सामग्री तथा लिखित मौखिक जानकारी समेत प्रदान गरी सहयोग गर्ने शब्दाङ्कुर प्रत्रिकाको प्रधान सम्पादक धीरकुमार श्रेष्ठलगायत शब्दाङ्कुर पत्रिका परिवारप्रति आभार प्रकट गर्दछु ।

मेरो पढाइ एवम् भविष्यप्रति सदा चिन्तनशील बनेर त्रि.वि.को ढोकासम्म पुऱ्याउनु हुने पूजनीय पिता नन्दप्रसाद भण्डारी एवम् माता ज्ञानुका देवी भण्डारीप्रति सदा नतमस्तक छु । यस शोधलेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह, सुझाव एवम् प्रेरणा दिनुहुने आफन्त इष्टमित्र, शुभचिन्तक र आत्मीय साथीहरूप्रति आभार प्रकट गर्दछु । यो शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र कञ्चन राष्ट्रिय छापाखानाप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्रलाई छिटो-छरितो र सजग रूपमा टङ्कन गर्ने क्रियटिभ कम्प्युटर सेन्टर नयाँ बजार कीर्तिपुरलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

........................

| | |
|---|---|
| शैक्षिक सत्र २०६४/०६५ | केशवप्रसाद भण्डारी |
| क्रमाङ्क २५६ | नेपाली केन्द्रीय विभाग |
| मिति : २०६८/०८/०७ | त्रि.वि. कीर्तिपुर, काठमाडौं |

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | | **१-४** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | १ |
| १.४ | पूवकार्यको समीक्षा | २ |
| १.५ | शोधपत्रको औचित्य महत्त्व र उपादेयता | ३ |
| १.६ | क्षेत्र र सीमा | ३ |
| १.७ | सामाग्री सङ्कलन विधि | ४ |
| १.८ | शोध विधि | ४ |
| १.९ | शोधपत्रको सङ्गठन | ४ |
| **दोस्रो परिच्छेद : नेपाली साहित्यिक पत्रिका प्रकाशन परम्परा र शब्दाङ्कुर** | | **५-१९** |
| २.१ | नेपाली साहित्यिक पत्रकारिताको परम्परा | ५ |
| २.१.१ | नेपालबाहिर | ५ |
| २.१.२ | नेपालभित्र | ९ |
| २.१.३ | शब्दाङ्कुरको प्रकाशन र उद्देश्य | १७ |
| २.१.४ | शब्दाङ्कुरको नामकरण | १७ |
| २.१.५ | शब्दाङ्कुरको सम्पादन, मुद्रण र वितरण | १८ |
| २.१.६ | शब्दाङ्कुरका अङ्क र विशेषाङ्कहरू | १८ |
| **तेस्रो परिच्छेद : शब्दाङ्कुरमा प्रकाशित रचनाहरूको विवरण** | | **२०-४९** |
| ३.१ | विषय प्रवेश | २० |
| ३.२ | कविता | २० |
| ३.३ | बालमञ्च स्तम्भ अन्तर्गतका कविताहरू | २९ |
| ३.४ | गीत/गजल | ३४ |
| ३.५ | कथा | ४३ |

३.६ निबन्ध ४५

३.७ पुस्तक परिक्रमा /समीक्षा ४६

३.८ अनुवाद ४८

३.९ लोकसाहित्य ४९

**चौथो परिच्छेद : शब्दाङ्कुर पत्रिकामा प्रकाशित रचनाहरूको विवेचना ५०-९७**

४.१ विषयप्रवेश ५०

४.२ कविताको परिचय ५१

४.२.१ भाव/विषयवस्तुगत आधारमा कविताको अध्ययन ५३

४.२.१.१ राष्ट्रियताको अभिव्यक्ति/देशप्रेमको अभिव्यक्ति ५३

४.२.१.२ युद्धजनिन पीडाको अभिव्यक्ति र शान्तिको कामना ५५

४.२.१.३ नारीवादी चिन्तन ५६

४.२.१.४ निराशावादी चिन्तन ५७

४.२.१.५ मानवतावादी चिन्तन ५९

४.२.१.६ प्रेमप्रणयपरक भावको अभिव्यक्ति ६०

४.२.१.७ प्राकृतिक सौन्दर्यको गायन र मानवीकरण ६१

४.२.१.८ सामाजिक, राजनैतिक, सांस्कृतिक विसङ्गतिप्रति व्यङ्ग्य ६३

४.२.१.९ भाषाप्रेम ६५

४.२.२ शिल्प संरचनागत आधारमा कविताको अध्ययन ६६

४.२.२.१ शीर्षक ६६

४.२.२.२ संरचना ६७

४.२.२.३ लयविधान ६७

४.२.२.४ भाषाशैली ६८

४.२.२.५ कथनपद्धति ६८

४.३ गजल/ गीत ६८

४.४ शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाको विवेचना ६९

४.४.१ कथाको परिचय ६९

४.४.२ कथावस्तु ७२

४.४.३ पात्र वा चरित्र ७६
४.४.४ उद्देश्य ७९
४.४.५ दृष्टिबिन्दु ८०
४.४.६ भाषाशैली ८१
४.४.७ विचारतत्त्व ८२
४.५ शब्दाङ्कुर पत्रिकामा प्रकाशित निबन्धहरूको विवेचना ८३
४.५.१ निबन्धको परिचय ८३
४.५.२ विषयवस्तु ८५
४.५.३ भाषाशैली ८६
४.५.४ उद्देश्य ८७
४.६ अन्तर्वार्ता /संवाद ८७
४.७ अनुवाद साहित्य ८८
४.८ समालोचना/समीक्षा ९०
४.९ लोकसाहित्य ९२
४.१० साहित्यिक अनुसन्धान, भाषा व्याकरण ९३
४.११ सम्पादकीय ९३
४.१२ अन्य विधाहरू ९६
**पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष** **९८-१०४**
५.१ अध्यायगत सारांश ९८
५.२ समष्टिगत निष्कर्ष १०३
**सन्दर्भ सामग्री सूची** **१०५-१०६**

# सङ्क्षेपीकरण सूची

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| उप-प्रा. | उप प्राध्यापक |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

शब्दाङ्कुर साहित्यिक पत्रिकाको पहिलो अङ्क २०५८ कात्तिक महिनाबाट प्रकाशन प्रारम्भ भएर २०६८ सम्म (अङ्क १०० भन्दा बढी) पनि निरन्तर रूपमा प्रकाशित हुँदै आएको छ । यस शोधकार्यमा शब्दाङ्कुरको पूर्णाङ्क १ देखि ५० सम्म मात्र अध्ययन गरिएको छ । यस पत्रिकाको प्रधान सम्पादक धीरकुमार श्रेष्ठ हुन् । व्यक्तिगत प्रयासबाट प्रकाशन हुँदै आएको यस पत्रिकाले साहित्यका विभिन्न प्रमुख विधाका रचनालाई प्रकाशन गर्दै आएको छ । राजधानीबाट प्रकाशन भएको यस पत्रिकाले यहाँका स्थापित साहित्यकारका रचनालाई भन्दा मोफसलका साहित्यकारका रचनालाई बढी महत्त्व दिने गरेको छ । सानो आकारमा प्रकाशन हुने यस पत्रिकाले उत्कृष्ट रचनालाई स्थान दिएको छ । समकालीन साहित्यका विविध विधाका नवीनतम प्रवृत्तिहरूको प्रतिनिधित्व गर्दै यस साहित्यिक पत्रिकाले आफूलाई निरन्तर अगाडि बढाइरहेको छ ।

## १.२ समस्याकथन

शब्दाङ्कुर २०५८ कात्तिकबाट प्रकाशन हुन थालेको साहित्यिक पत्रिका हो । विभिन्न साहित्यिक पत्रिकाहरूका माझ आफ्नो छुट्टै स्थान बनाउन सफल यस पत्रिका र यसमा प्रकाशित विभिन्न रचनाका बारेमा समग्र रूपमा अध्ययन हुन नसकेको सन्दर्भमा यस साहित्यिक पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा गरेको योगदानका चर्चा गर्ने उद्देश्य सहित प्रस्तुत शीर्षकमा केन्द्रित रही कार्य अघि बढाउने क्रममा निम्न समस्याहरू देखिएका छन् :

(क) शब्दाङ्कुर पत्रिकाको प्रकाशन कहिलेदेखि कुन रूपमा हुँदै आएको छ ?

(ख) शब्दाङ्कुरमा प्रकाशित रचना कुन कुन विधासँग सम्बन्धित रहेका छन् ?

(ग) शब्दाङ्कुरमा प्रकाशित रचना के कस्ता छन् ?

(घ) कला मूल्य र विचार वा विषय विन्यासका दृष्टिले शब्दाङ्कुरमा प्रकाशित रचनाहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूको समाधान गर्नु नै प्रस्तुत शोधकार्यको उद्‌देश्य रहेको छ। ती उद्देश्यहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) शब्दाङ्कुर पत्रिकाको प्रकाशन र अवस्थाबारे जानकारी प्रस्तुत गर्ने।

(ख) शब्दाङ्कुरमा प्रकाशित रचना कुन कुन विधासँग सम्बन्धित छन् छुट्याउने।

(ग) शब्दाङ्कुरमा प्रकाशित रचना के कस्ता छन् देखाउने।

(घ) कलामूल्य र विचार वा विषय विन्यासका दृष्टिले शब्दाङ्कुरमा प्रकाशित रचनालाई विश्लेषण गर्ने।

## १.४ पूर्वकार्यको समीक्षा

शब्दाङ्कुरको प्रकाशन सुरु भए तापनि हाल सम्म नै यसका बारेमा साहित्यिक अनुसन्धान गर्ने कार्य भएको छैन। यसै पत्रिकामा छापिएका केही लेखहरू र शब्दाङ्कुरकै सम्पादकीय स्तम्भमा भने शब्दाङ्कुरका बारेमा केही सामान्य चर्चाहरू भएका देखिन्छन्। यस बाहेक पाठकीय प्रतिक्रियामा पनि शब्दाङ्कुरका बारेमा जानकारी दिने प्रयास गरिएको पाइन्छ। यिनै कुराहरूलाई पूर्वकार्यका रूपमा उल्लेख गर्न सकिन्छ।

दीपक सुवेदी (वर्ष २, पूर्णाङ्क २४) ले 'राम्रो लाग्दालाग्दै कविताले गजललाई ढाकेको, छोपेको पो हो कि। जसले असारे अचारमा भने जस्तो, सोचेजस्तो स्वाद भने पाइनँ। तसर्थ आउँदा अङ्कमा शब्दाङ्कुर छुटेका विधाका लागि पनि सोपान भइदिए यसको नूरले झ्यामोलोङमाको उचाइमा पुग्ने अवसर पाउने थियो कि !' भन्दै सबै विधालाई समेट्न आग्रह गरेको देखिन्छ।

प्रेम शर्मा (वर्ष ३ अङ्क ४) ले आजको महङ्गीमा साहित्यिक पत्रिका, त्यो पनि बिना विज्ञापन नियमित प्रकाशन गर्नु फलामको च्युरा चपाउनु सरह हो। शब्दाङ्कुरले जुन नियमितता कायम गर्दै आएको छ त्यो नै प्रशंसनीय पक्ष हो भन्दै शब्दाङ्कुरको निरन्तरताको कामना गरका छन्।

धीरकुमार श्रेष्ठ (सम्पादकीय वर्ष २ अङ्क १२ ) ले साहित्यको 'स' पनि नलेख्नेका लागि हामीले कलम समाउन प्रेरित र उत्साहित गरेका छौं भन्दै शब्दाङ्कुरले साहित्य लेखन प्रति केही सहयोग गरेको कुरा बताएका छन्। लगभग दुई दसकदेखि कलम

चलाएर पनि प्रकाशनको उज्यालो घाम देख्न नपाएका रचनाकारका रचनालाई समेत हामीले स-सम्मान स्थान दिएर पाठक सामु उभ्याएका छौँ ।

केशव भण्डारी (वर्ष ४, अङ्क ३) ले नेपालमा बढेको विकृतिजन्य राजनीतिक संस्कारलाई औँल्याएको कुरा बताएका छन् घाइते वर्तमानको पीडापूर्ण नियतिलाई सम्पादकीय मार्फत् चिरफार गर्ने सफल भएको पनि बताएका छन् ।

### १.५ शोधपत्रको औचित्य महत्त्व र उपादेयता

शब्दाङ्कुर नेपाली साहित्यिक पत्रिकाको इतिहासमा एउटा स्थापित पत्रिकाको रूपमा देखापरेको छ । यसमा प्रकाशित रचनाहरू नेपाली साहित्य र समाजका निम्ति अमूल्य निधि बनेका छन् । यस पत्रिकाको सम्बन्धमा आजसम्म स्नातकोत्तर तहमा कुनै औपचारिक शोध र अनुशन्धान कार्य भएको छैन । यसमा प्रकाशित रचनाहरूको लेखकका नाममा आधारित वर्णानुक्रम विवरणका अभावमा शोधार्थी लेखक र पाठकलाई अप्ठ्यारो परेको हुन सक्छ । त्यसकारण लेखकीय सन्दर्भ विवरण तयार पारेर त्यसको साहित्यिक अध्ययन गर्नु आफैंमा महत्त्वपूर्ण छ । त्यस्तै शब्दाङ्कुरमा प्रकाशित रचनाहरूले सिङ्गो नेपाली साहित्यको इतिहासमा के कस्तो योगदान दिएको छ भन्ने कुराको अध्ययनले पछिका अनुसन्धाताहरूलाई सहयोग पुग्नुका साथै उपयोगी हुने विश्वास लिन सकिन्छ ।

### १.६ क्षेत्र र सीमा

नेपाली साहित्यिक पत्रिकाको प्रकाशनको क्रममा शब्दाङ्कुरको प्रकाशन र यसको एक देखि पचास पूर्णाङ्क सम्मको साहित्यिक योगदानलाई दृष्टिगत गर्दै नेपाली साहित्यमा शब्दाङ्कुर पत्रिकाको योगदान शीर्षकमा केन्द्रित रहेर यस शोधपत्रको सीमा र क्षेत्र निर्धारण गरिएको छ । साहित्यिक पत्रिकाको इतिहासका क्रममा नेपालभित्रबाट प्रकाशित हुने साहित्यिक पत्रिकालाई नै मुख्य आधार बनाइएको छ । साहित्यिक योगदानसम्बन्धी अध्ययनमा कथा, कविता, निबन्ध जस्ता विधाको विधागत वर्गीकरण गरी समग्रतामा प्रवृतिहरू केलाइएको छ । अन्य साहित्यिक र साहित्येतर विधालाई सूचीमा समावेश गरिएको छैन । यिनै कुराहरू यस शोधपत्रका क्षेत्र र सीमाका रूपमा रहेका छन् ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामग्री सङ्कलनमा मुख्यत पुस्तकालयीय विधि नै अवलम्वन गरिएको छ । यस बाहेक पत्रिकाको परिचयात्यमक अध्ययन गर्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपले शब्दाङ्कुरसँग सम्बन्धित व्यक्तिहरूसँगको भेटवार्ता र मौखिक जानकारीलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

## १.८ शोध विधि

आवश्यकता अनुसार विश्लेषणात्मक, विवरणात्मक र ऐतिहासिक विधिको यहाँ अवलम्वन गरिएको छ । पत्रिकाहरूको इतिहासको अध्ययनमा ऐतिहासिक र विश्लेषणात्मक दुबै विधि अपनाइएको छ । प्रकाशित सामग्रीहरूको सूची पूर्ण रूपमा विवरणात्मक रहेको छ ।

## १.९ शोधपत्रको सङ्गठन

प्रस्तुत शोधपत्र निम्नबमोजिम पाँच सङ्गठनमा विभाजन गरी राखिएको छ ,

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : नेपाली साहित्यिक पत्रिका प्रकाशनको परम्परामा शब्दाङ्कुर आगमन/प्रकाशन

तेस्रो परिच्छेद : शब्दाङ्कुरमा प्रकाशित रचनाहरूको विवरण

चौथो परिच्छेद : शब्दाङ्कुरका रचनाहरूको विश्लेषण र मूल्याङकन तथा साहित्यिक योगदान

पाचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

## दोस्रो परिच्छेद

# नेपाली साहित्यिक पत्रिका प्रकाशन परम्परा र शब्दाङ्कुर

### २.१ नेपाली साहित्यिक पत्रकारिताको परम्परा

नेपाली साहित्यिक पत्रकारिताको परम्परा खोतल्दै जादाँ लगभग १२४ वर्ष अघिसम्म पुग्न सकिन्छ। राणाशासनकालमा देशमा पत्रिका प्रकाशनका दृष्टिले अनुकूल वातावरण नरहेकाले यस परम्पराको सुरूवात नेपालभित्रबाट हुन सकेन । फलतः नेपाली साहित्यिक पत्रिका प्रकाशनको आरम्भ नेपालबाहिरबाट हुन गयो । यसकारण नेपाली साहित्यिक पत्रिका प्रकाशनको परम्परालाई नेपालभित्र र नेपाल बाहिर गरी दुई भागमा राखेर अध्ययन गर्नु पर्ने हुन्छ । यस शोधपत्रमा नेपाली साहित्यिक पत्रकारिताको परम्परालाई नेपाल बाहिर र नेपालभित्र भन्ने शीर्षकहरूमा विभाजित गरी चर्चा गरिएको छ।

### २.१.१ नेपाल बाहिर

नेपाल बाहिर भएका नेपाली साहित्यिक गतिविधिहरूको चर्चा गर्दा सबैभन्दा पहिले भारतको बनारसको नाम आउँछ । बनारस निकै पहिलेदेखि नै नेपाली साहित्यिका निम्ति उर्वर भूमि रहदै आएको छ। नेपालमा शिक्षाको अवसर नभएका समयमा बनारस नेपालीहरूको शिक्षा हासिल गर्ने प्रमुख केन्द्रको रूपमा थियो । शिक्षा हासिल गर्ने क्रममा धेरै नेपालीहरूको जमघट बनारसमा हुने गर्थ्यो । त्यहाँ साहित्यिक गतिविधिहरूलाई अगाडि बढाउन स्वतन्त्र (अनुकूल) वातावरण रहेकाले त्यहाँ पुगेका नेपालीहरूले पनि आफ्ना साहित्यिक रचनाहरूको प्रकाशनको मौका प्राप्त हुने देखे । यसै क्रममा बनारस पुगेका मोतीराम भट्टले वि.सं. १९४३ मा बनारसमा सञ्चालित साहित्यिक गतिविधिहरूलाई प्रकाशनको मौका प्रदान गर्ने उद्देश्यले 'गोर्खा भारत जीवन' भन्ने पत्रिका निकालेका थिए । बाबु रामकृष्ण बर्माले निकाल्ने गरेको 'भारत जीवन' भन्ने पत्रिकासँगै निस्केको भनिने यो पत्रिका हालसम्म अप्राप्त छ र यसको प्रकाशन समयका बारेमा पनि विद्वानहरूबीच मतैक्य पाइँदैन तापनि तल उल्लेख गरिएका केही तर्कहरूका आधारमा 'गोर्खा भारत जीवन' लाई नै नेपाली भाषाको सबैभन्दा पुरानो पत्रिका मान्न सकिन्छ।

विदेशबाट सबैभन्दा अगाडि बाबु रामकृष्ण वर्माको सम्पादनमा श्री मोतीराम भट्टद्वारा गोर्खा भारत जीवन नामक नेपाली भाषाको मासिक पत्रिका निस्कियो । बनारसको भारत जीवन प्रेसबाट छापी निस्कने गरेको यस पत्रिकाको कुनै पनि प्रति नभेटिएकाले यसको आकृति र यसमा छापिने गरेका विषयमा केही भन्न सकिन्न (देवकोटा, २०५९ : ४१) ।

डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लिखित नेपाली साहित्यिको सक्षिप्त इतिहास भन्ने पुस्तकको परिशिष्ट तीनमा दिइएको नेपाली पत्र पत्रिकाको कालक्रम अनुसारको सूचीमा पनि वि.सं. १९४३ मा प्रकाशित भएको र मोतिराम भट्ट सम्पादक रहेको गोर्खा भारत जीवन लाई नै पहिलो नेपाली पत्रिका मान्दै यसलाई बनारसको नागरी प्रचारिणी सभाले प्रकाशित गर्ने गरेको भारत जीवन पत्रिकाको नेपाली अनुवाद वा सस्करण भनिएको छ (शर्मा र श्रेष्ठ, २०५० : १९) । यी भनाइहरूलाई आधार मान्दा गोर्खा भारत  जीवन नै नेपाल बाहिर प्रकाशित हुने पहिलो नेपाली पत्रिकाको रूपमा देखापर्छ । गोर्खा भारत जीवनबाट सुरू भएको नेपाली साहित्यिक पत्रकारिताको परम्परामा आएका अन्य पत्रिकाहरू निन्न बमोजिम रहेका छन्:

| **पत्रिकाकककाे नाम** | **प्रकाशन वर्ष** | **सम्पादक स्थान** |
|---|---|---|
| गोर्खे खबर कागत | १९५८ | पादरी गङ्गा प्रसाद दार्जेलिङ |
| उपन्यास तरिङ्गीणी | १९५८ | सदाशिव शर्मा वनारस |
| सुन्दरी | १९६३ | गङ्गा प्रसाद शर्मा वनारस |
| माधवी | १९६५ | राममणि आ.दी. वनारस |
| चन्द्र | १९७१ | |
| गोर्खाली | १९७२ | सूर्य प्रसाद ज्ञवाली |
| चन्द्रिका | १९७४ | पारसमणि प्रधान |
| जन्मभूमि | १९७९ | सूर्य प्रसाद ज्ञवाली |
| गोर्खा संसार | १९८३ | ठाकुरचन्दन सिंह |
| राजभक्ति | १९८३ | शम्भुप्रसाद ढुङ्गेल |
| तरुण गोर्खा | १९८५ | ठाकुरचन्दन सिंह |
| नेपाली साहित्य | १९८५ | |
| सम्मेलन | | |
| गोर्खा सेवक | १९९२ | मणिसिंह गुरुङ |
| उदय | १९९३ | काशीबहादुर श्रेष्ठ |
| नेवुला | १९८३ | के.बि. नेपाली |

| | | |
|---|---|---|
| परिवर्तन | १९९४ | के.डी. प्रधान |
| खोजी | १९९७ | रुपनारायण सिंह |
| सर्वहितैषि | १९९७ | तेजबहादुर |
| गोर्खा | २००२ | रणधीर सुब्बा |
| पर्वते | २००३ | |
| युगवाणी | २००४ | लक्ष्मीप्रसाद देवकोटा |
| उथ्थान | २००४ | एस.पी. प्रधान |
| पुकार | २००५ | नरेन्द्रकुमार कुमाई |
| भारती | २००६ | पारशमणि प्रधान |
| हाम्रो कथा | २००६ | कमलकुमार शर्मा |
| साथि | २००७ | एस.एल. बाङ्देल |
| छात्र | २००७ | भरतमणि शर्मा |
| हिमाञ्चल | २००८ | |
| हिमाल किशोर | २००८ | देवकुमारी सिन्हा |
| फिलिङ्गो | २००९ | त्रिलोकसिंह थापा |
| आरती | २००९ | रामबहादुर रावल |
| जनयुग | २००९ | चिन्तनमणि ज्ञवाली र अन्य |
| विहान | २००९ | रघुवीरसिंह खत्री |
| कमल | २००९ | अगमसिंह गिरी |
| सुस्केरा | २०१० | वीरेन्द्र |
| प्रभात | २०१० | शिवप्रसाद उपाध्याय |
| स्वतन्त्र नेपाली | २०११ | ठाकुरचन्दन सिंह |
| क्रान्तिकारी | २०११ | ज्ञानरत्न बज्राचार्य |
| जागृत गोर्खा | २०१२ | आनन्दसिंह थापा |
| अञ्जली | २०१२ | अग्निराज श्रेष्ठ |
| छात्रवाणि | २०१२ | पासाङ गोपर्मा |
| छात्रदुत | २०१२ | अग्निप्रसाद रिजाल |
| नौलो पाइलो | २०१३ | बालकृष्ण रुपावासी |
| आसाम गोर्खा | २०१४ | भोलानाथ गुरुङ |
| कञ्चनजङ्घा | २०१४ | काशीराज प्रधान |
| सन्देश | २०१४ | एकराज शर्मा |
| उजेली | २०१५ | शिव भट्टराई |
| नयाँ प्रकार | २०१५ | जयराज पन्त र अन्य |
| पूर्णिमा | २०१५ | नरा गुरुङ |
| साहित्य सङ्गम | २०१६ | गुमानसिंह चामिलङ |
| दियालो | २०१६ | |
| उषा | २०१६ | भीमप्रसाद जैसी र अन्य |
| सगरमाथा | २०१६ | बालकृष्ण पोखरेल |
| फूलपात पत्कर | २०१८ | |

| | | |
|---|---|---|
| तेस्रो आयाम | २०२० | बैरागी काइँला इन्द्र बहादुर राई र ईश्वर बल्लभ |
| आशा | २०२० | गोपीनारायण प्रधान |
| मालिङ्गो | २०२१ | कुमार प्रधान |
| सुमन | २०२२ | कृष्णप्रसाद पराजुली |
| रहर | २०२३ | प्रदीप गिरी लगायत |
| रवि | २०२६ | पदमप्रसाद न्यौपाने लगायत |
| वाणी साधना | २०२८ | डिल्लीराम तिमल्सिना |
| गुनासो | २०२६ | जय योञ्जन प्यासी लगायत |
| अक्षर | २०२७ | प्रदीप गिरी र लक्ष्मण खनाल लगायत |
| शिरीष | २०३० | सुखमान मोकतान |
| टाकुरा | २०३३ | प्रशान्मत धमला दोषी |
| आयतन | २०३४ | प्रमनाथ मनेन |
| आकुञ्चन | २०३६ | विनोदप्रसाद भट्टराई लगायत |
| संवेग | २०३७ | उदय सुब्बा |
| सम्मेलन | २०३८ | राज के श्रेष्ठा लगायत |
| सम्बर्द्धन | २०४० | शशिकला देवी |
| बितर्क | २०४१ | सचेन्द्रम दुमी राई |
| आग्रह | २०४४ | नारायण प्रधान गंगा सिंह राई |
| युगदृष्टि | २०४५ | विक्रमवीर थापा |
| उन्नयन | २०४५ | अच्युतरमण लगायत |
| ज्ञानोदय | २०४६ | सुरेन्द्र पोद्धार चन्द्र शर्मा |
| निर्वाण | २०४७ | विनञ्जय गुरुङ निराशा |
| प्रभा | २०४८ | छविलाल पोखरेल लगायत |
| सम्प्रेषण | २०४८ | जीवनचन्द्र कोइराला |
| उदय | २०४९ | काशीबहादुर श्रेष्ठ |
| जनज्वाला | २०५० | अनन्त श्रेष्ठ |
| लोहितपुत्र | २०५१ | सागर सुबेदी |
| हिमरेखा | २०५२ | डा. शान्ति क्षेत्री |
| लालीगुराँस | २०५३ | सुरेशजंग साह |
| प्रभास | २०५३ | कृष्ण क्षेत्री शरद रावल उत्तम क्षेत्री |
| स्पन्दन | २०५४ | अमिर गुरुङ |
| प्रयास | २०५५ | टंक सुबेदी |
| नेसाप्रस | २०५६ | शान्तिराज शर्मा |
| जमर्को | २०५७ | सुवास तामाङ अमीत |
| बसुधा | २०५८ | लक्खीदेवी सुन्दास लगायत |
| शताब्दी | २०५९ | अम्मर मिश्र घायल |
| प्रेरणा | २०६० | दिनेश खाती |

| | | |
|---|---|---|
| सर्वदा | २०६० | मोहन कुमार शर्मा |
| विपश्यना | २०६१ | विजय ब्लोन लगायत |
| हाम्रो लक्ष्य | २०६१ | छोगेन लोप्चा र भरत रोयल राई |
| संकल्प | २०६२ | विद्रोही साइँला |
| प्रतिबिम्ब | २०६२ | सागर गुरुङ |
| फ्रि.नेपाल.कम. | २०६२ | डा.मधुकृष्ण श्रेष्ठ माधुर्य |
| सगुन | २०६२ | वी.एम. शर्मा र वी.वी सुब्बा |
| विचलन | २०६३ | सुधीर क्षेत्री उज्जवल वजमन |
| सागर | २०६३ | डा. विद्याराज सुबेदी |
| रुचि | २०६३ | तेजमान बराइली |
| चिनारी | २०६३ | चन्द्र दुलाल |
| नव प्रभात | २०६४ | तारा दास |

### २.१.२ नेपालभित्र

नेपाली पत्र पत्रिकाको प्रकाशनको आरम्भ नेपालबाहिरबाट भएको कुरा यस अगाडिको तथ्यबाट स्पष्ट भइसकेको छ । (बनारसबाट सुरु भएको नेपाली पत्र पत्रिकाको प्रकाशनको कम नेपालमा भित्रिन एक दशक भन्दा बढी समय लागेको कुरा वि.सं. १९५५ मा काठमाडौँबाट सुधासागर प्रकाशित भएबाट पुष्टि हुन्छ) । वि.सं. १९५५ साल श्रावण महिनामा काठमाडौँबाट पं नरदेव मोतीकृष्णको सम्पादनमा सुधासागर नाम गरेको मासिक पत्रिकाको प्रकाशन भएको देखिएको छ । पशुपत प्रेसमा छापी निस्कने गरेको यस पत्रिकाको उद्देश्य नेपाली भाषाको उन्नति गर्नु थियो र यसमा कविता कथाहरू छापिने गर्दथ्यो (देवकोटा, उही : २८) ।

गोरखा भारत जीवन जस्तै सुधासागर पनि अप्राप्त हुनाले यसको स्वरूप कस्तो थियो भन्ने बारेमा यकिनसाथ भन्न सकिने स्थिति छैन । यसो भएतापनि हालसम्मका अनुसन्धानहरूका आधारमा यसैलाई नेपालबाट प्रकाशित पहिलो नेपाली पत्रिका मानिएको छ । आर्थिक विपन्नताको कारण प्रकाशन भएको केही समयपछि नै यो पत्रिका बन्द भयो (दीक्षित, २०२८ : १२) । नेपालभित्रबाट प्रकाशित हुने श्रेय पाएको पहिलो पत्रिका सुधासागरले प्रकाशनलाई निरन्तरता दिन नसके तापनि अन्य पत्रिका प्रकाशनका लागि बाटो भने खोलिदिएको देखिन्छ । सुधासागर प्रकाशनको झण्डै झण्डै तीन वर्ष पछिको समयमा गोरखापत्रको जन्म भएको देखिन्छ । यो

नेपालीमा सरकारी तवरबाट प्रकाशित प्रथम पत्रिका र नेपालबाट प्रकाशित दोस्रो पत्रिकाका रूपमा देखापर्छ । गोरखापत्र मुलत समचारमुलक पत्रिकाको रूपमा देखापरेको थियो । यस पत्रिकाले साहित्यिक लेख रचनालाई भन्दा पनि समसामयिक घटनालाई प्राथामिकता दिएर समचारहरू प्रकाशित गर्ने गर्थ्यो । नेपाली भाषामा नयाँ कीर्तिमान कायम गर्ने भविष्य प्राप्त गरेको यो गोरखापत्र उही नरदेव मोतीकृष्णकै सम्पादकत्वमा वि.सं. १९५८ साल जेठ ३ गते सोमवारका दिन पशुपत प्रेशमा छापी काठमाण्डौंबाट प्रकाशित भएको हो (कुँरव, २०३३ : १०) । सुधासागरबाट सुरु भएको नेपाली साहित्यिक पत्रपत्रिकाको प्रकाशनको परम्परामा शब्दाङ्कुर मासिक सम्म आइपुग्दा देखापरेका अन्य साहित्यिक पत्रपत्रिकाहरूलाई निम्न बमोजिम देखाइएको छ

| **पत्रिकाको नाम** | **प्रकाशन वर्ष** | **सम्पादक** |
|---|---|---|
| सुधासागर | १९५५ | नरदेवमेती कृष्ण |
| गोरखापत्र | १९५८ | नरदेवमती कृष्ण |
| शारदा | १९९१ | रीदिबहादुर मल्ल |
| उद्योग | १९९२ | सूर्यभक्त जोशी |
| साहित्यस्रोत | २००४ | हृदयचन्द्रसिंह प्रधान |
| आँखा | २००५ | देवीप्रसाद रिमाल |
| नेपाली शिक्षा | २००५ | बुद्धिसागर शर्मा र शेषराज शर्मा |
| जागरण साप्ताहिक | २००७ | हृदयचन्द्रसिंह प्रधान |
| आवाज | २००७ | सिद्धिचरण श्रेष्ठ |
| सेवा | २००८ | श्यमप्रसाद शर्मा |
| महिला मासिक | २००८ | कुमारी कामक्ष र अन्य |
| झन्कार | २००८ | तारणीप्रसाद कोइराला |
| प्रतिभा | २००९ | कुन्ती देवी |
| नेपाली साँस्कृतिक परिषद् | २००९ | ईश्वर वराल |
| जागृति | २००९ | शारदा प्रसाद उपाध्याय |
| झिल्को | २००९ | नारायण प्रसाद बाँस्कोटा |
| विद्यार्थी | २००९ | भारतप्रसाद धिताल र अन्य |
| आव्हान | २००९ | केशवलाल कर्माचार्य र शरदचन्द्र |
| प्रगति | २०१० | नारायणप्रसाद बाँस्कोटा |
| संस्कृत सन्देश | २०१० | योगी नरहरिनाथ |
| डाँफेचरी | २०१० | धर्मराज थापा |
| कोपिला | २०१० | शेखरबाबु मान्नधर र अन्य |
| परोपकार | २०१० | डिल्लीबहादुर नेपाली |
| जनचेतना | २०१० | हृदयचन्द्रसिंह प्रधान |

| | | |
|---|---|---|
| जनसाहित्य | २०११ | यादवप्रसाद पन्त |
| समाजदैनिक | २०११ | पशुपतिदेव पाण्डे |
| कर्मविर | २०११ | रामचन्द्रबहादुर सिंह |
| मानव जागृति | २०१२ | हरिभक्त प्रधान |
| देशसेवा | २०१२ | अनङ्गकेशरी उपाध्याय |
| नेपाल सन्देश | २०१२ | वासुदेव जोशी |
| सन्देश | २०१२ | वुद्धिराज काफ्ले |
| विकाश | २०१२ | गणेशलाल मानन्धर |
| इन्द्रेनी | २०१३ | केशवराज पिंडाली ईश्वर वराल |
| धरति | २०१३ | भवानी भिक्षु र ईश्वर वराल |
| समय | २०१३ | मणिकलाल श्रेष्ठ |
| हालखबर | २०१३ | विन्दुनाथ प्याकुरेल |
| सही सन्देश | २०१३ | जनकमान श्रेष्ठ |
| दियालो | २०१३ | तारणीप्रसाद कोइराला |
| इन्साफ | २०१३ | केदारनाथ शर्मा |
| संयुक्त प्रयास | २०१३ | कलानाथ अधिकारी |
| प्रेरणा | २०१३ | विजयराज शर्मा |
| गोरेटो | २०१४ | डिल्लीबहादुर श्रेष्ठ |
| भूगोलपार्क | २०१४ | मङ्गलमान नेपाली |
| नयाँ समाज | २०१४ | पशुपतिदेव पाण्डे |
| जनमत | २०१४ | योगेन्द्रराज श्रेष्ठ शंकर |
| जनता | २०१४ | गणेशलाल मानन्धर |
| बाछिटा | २०१४ | ध्रुवचन्द्र गौतम |
| कल्पना | २०१४ | तारिणीप्रसाद कोइराला |
| फिलोङ्गो | २०१४ | कमलप्रसाद धिमिरे |
| नवयुग | २०१४ | देवीप्रसाद अधिकारी |
| राष्ट्रिय प्रज्ञा सन्देश | २०१४ | मणिकलाल श्रेष्ठ |
| प्रौढ शिक्षा | २०१४ | ईश्वरीप्रसाद श्रेष्ठ |
| शान्ति | २०१४ | केशवलाल कर्माचार्य |
| रेडियो दर्पण | २०१४ | रेडियो नेपाल |
| आदर्श प्रेरणा | २०१४ | शङ्करराज र अन्य |
| नवीन शिक्षा | २०१४ | माधवप्रसाद धिमिरे र अन्य |
| शान्ति | २०१४ | स्वामी ईश्वरनन्द |
| नयाँ जमाना | २०१५ | कृष्णदास श्रेष्ठ |
| लोकमञ्च | २०१५ | विजयनाथ शास्त्री |
| जनकल्याण | २०१५ | काजीमान कन्दन्वा |
| नयाँ मोड | २०१५ | राधेश्याम भट्ट |
| लोकदूत | २०१५ | गोविन्द यिबोगी |
| लोकतन्त्र | २०१५ | भेषराज शर्मा |

| | | |
|---|---|---|
| आर्थिक नेपाल | २०१५ | केशवराज जोशी |
| ज्ञानविज्ञान | २०१५ | सूर्यप्रसाद श्रेष्ठ |
| विकास | २०१५ | सत्यमोहन जोशी |
| नेपाल कानुन पत्रिका | २०१५ | बबरप्रसाद |
| दीपाशिखा | २०१५ | जुलुम श्रेष्ठ |
| केटाकेटी | २०१५ | नरेन्द्रप्रसाद रेग्मी |
| स्वास्नीमान्छे | २०१५ | शशिकला शर्मा |
| साहित्य | २०१६ | श्यामप्रसाद शर्मा |
| नेपाली | २०१६ | कमलमणि दीक्षित |
| सिर्जना | २०१६ | शिवगोपाल रिसाल |
| चिराग | २०१६ | वासुपासा |
| प्रहरी | २०१६ | जितेन्द्र किरण |
| पालुवा | २०१६ | कृष्णप्रसाद पराजुली र अन्य |
| रुपरेखा | २०१६ | वासुदेव रिसाल |
| दर्पण | २०१६ | गोपाल रिमाल |
| सोझो बाटो | २०१६ | लक्ष्मण शास्त्री |
| इन्दु | २०१६ | के.पी. शैल |
| कविता | २०१७ | सिद्धिचरण श्रेष्ठ |
| रचना | २०१८ | रोचक धिमिरे र नरेश बाँस्कोटा |
| निर्देशन | २०१८ | राजेन्द्र शर्मा |
| शिक्षा समाचार | २०१८ | लवबहादुर प्रधान |
| आचल | २०१८ | किरण खरेल |
| आनन्द | २०१८ | भिखारी शर्मा |
| हिमानी | २०१९ | केदारमान व्यथित |
| राप्ति सन्देश | २०१९ | रामलोचन सिंह |
| खुड्किलो | २०१९ | शिवप्रसाद देवकोटा |
| सिंहनाद | २०१९ | ठाकुरप्रसाद पराजुली |
| बालपत्रिका | २०१९ | रामचन्द्र न्यौपाने |
| मुकुट | २०१९ | पुरुषोत्तम न्यौपाने |
| घ्यौराली | २०१९ | त्रि.वि. मा अध्ययनरत विधार्थीहरुबाट |
| रत्नश्री | २०२० | मदनदेव भट्टराई |
| नयाँ संसार | २०२० | नरेन्द्रविकास पाण्डे |
| राजमार्ग | २०२० | सत्यमोहन जोशी |
| युवक | २०२० | शैलेन्द्र कुमार शर्मा |
| अरुणदोय | २०२० | चेतोनाथ शर्मा अचार्य |
| आरोग्य | २०२० | लेखनाथ अधिकारी |

| | | |
|---|---|---|
| भानु | २०२० | भवानीप्रसाद घिमिरे |
| विहान | २०२० | कमलप्रसाद घिमिरे |
| आत्मविकास | २०२० | पं. छविलाल शर्मा |
| दैलो | २०२१ | प्रेमनारायण प्रेमी |
| फूलपाती | २०२१ | बालकृष्ण पोखरेल |
| तुँवालो | २०२१ | प्रेम कोइराला |
| आरती | २०२१ | हरिशङ्कर अमात्य |
| बालक | २०२२ | प्रेमकुमार कसजू |
| नबकुञ्ज | २०२२ | शान्तलाल मुल्मी |
| अर्पण | २०२२ | मञ्जुन्त शाक्य |
| सगुन | २०२२ | माधव भण्डारी |
| कल्पना | २०२२ | इन्द्रप्रसाद श्रेष्ठ र अन्य |
| युगभाषा | २०२२ | केदारप्रसाद शर्मा |
| पीपल | २०२३ | संस्कृत छात्र पुस्तकालय |
| नेरावि | २०२४ | कृष्णप्रसाद पराजुली |
| मघुपर्क | २०२५ | गेरखापत्र संस्थानबाट |
| पञ्चामृत | २०२५ | वासुदेव शर्मा |
| जस्केलो | २०२६ | वावुराम सापकोटा र कुमार जोशी |
| जयशारदा | २०२६ | माथवरसिंह बस्न्यात |
| प्रज्ञा | २०२७ | रत्नध्वज जोशी |
| कलियुग | २०२७ | राजकुमार पाण्डे |
| सामग्री | २०२७ | कृष्णप्रसाद पौडेल र अन्य |
| नौलो नेपाली | २०२७ | खेम कोईराला बन्धु |
| जयन्ती | २०२७ | नगेन्द्रराज शर्मा |
| सुस्केरा | २०२७ | रामचन्द्र भट्टराई |
| सञ्चय | २०२७ | बासु जोशी |
| आँखा | २०२८ | लक्ष्मण खरेल |
| रहस्य | २०२८ | मुरारी प्रसाद गौतम |
| भानु | २०२८ | भवानी घिमिरे |
| संकल्प | २०२९ | कुन्ता शर्मा |
| विदेह | २०२९ | वावु रिमाल यात्री |
| मिर्मिरे | २०२९ | राष्ट्रबैंकबाट |
| रश्मि | २०२९ | अशोक सायमी |
| किरण | २०२९ | रमेशकुमार प्रधान |

| | | |
|---|---|---|
| शुभकामना | २०२९ | विजय कार्की |
| पारिजात | २०३० | शैलेन्द्र खरेल |
| दमना | २०३० | ध्रुवबहादुर सुमन |
| सिर्जना | २०३१ | इन्द्रमणि मानवलगायत |
| सुसेली | २०३१ | दधिराज सुवेदी |
| रत्न | २०३१ | हरि रुपाखेती घटराज भट्टराई |
| भानुदर्शन | २०३१ | भागीरथ खड्का |
| बाणी | २०३२ | गोपाल ज्ञावली लगायत |
| दीपिका | २०३४ | हरिशङ्कर आमात्य |
| अनुभूति | २०३४ | |
| नौलो साहित्य | २०३५ | जागृतप्रसाद भेटवाल |
| झिसमिसे | २०३५ | रघु पन्त |
| कविता | २०३६ | भूपि शेरचन |
| उषा | २०३६ | |
| जुनेली | २०३६ | अनिता तुलाधर |
| लाँकुरी | २०३६ | जितेन्द्रराज पोखरेल |
| तन्नेरी | २०३६ | मोक्षबहादुर अमात्य |
| उपकार | २०३७ | शिवगोपाल रिसाल |
| अङ्कुर | २०३७ | लेखनाथ ज्ञावली |
| समष्टि | २०३७ | कृषिविकास बैंक |
| वाङ्मय | २०३७ | नेपाली केन्द्रीय विभाग त्रि.वि. |
| कल्याण | २०३७ | ऋषिहर्ष बज्राचार्य |
| रैवारे | २०३७ | गिरीराज जोशी |
| वाङ्मय | २०३७ | डा. वासुदेव त्रिपाठी र अन्य |
| जूही | २०३८ | प्रदिपमणि रेग्मी |
| अक्ष्यलोक | २०३८ | सिद्धिश्वरमान श्रेष्ठ |
| गरिमा | २०३९ | बिष्णुविभु घिमिरे |
| सांग्रिला | २०३९ | विजय चालिसे |
| रश्मि | २०४० | घनश्याम कँडेल |
| अस्मिता | २०४५ | कृष्णचन्द्र सुमन मास्के र अञ्जु क्षेत्री |
| समकालिन साहित्य | २०४७ | कृष्णचन्द्रसिंह प्रधान |
| जनसाहित्य | २०४८ | हरिहर खनाल |
| शिक्षाशास्त्र सौरभ | २०४८ | |
| गोधुली | २०४९ | कृष्णप्रसाद पराजुली |
| बह्मपुत्र | २०५० | रञ्जना अधिकारी |
| योषा | २०५० | एच.डी. रञ्जितकार |

| | | |
|---|---|---|
| बूँद | २०५० | श्याम रिमाल |
| यथार्थकुरा | २०५१ | चूडामणी रेग्मी |
| ओलन | २०५१ | कृष्णप्रसाद पराजुली |
| अनामिका | २०५१ | शैलेन्द्रप्रकाश नेपाल |
| उद्‌बोधन | २०५२ | दामोदर ज्ञावली |
| तृष्णा | २०५२ | दयाराम श्रेष्ठ सम्भव |
| मनोभाव | २०५२ | बुद्धिराज पाण्डे लगायत |
| रजनी | २०५२ | कृष्णहरि बराल |
| दीप्ति | २०५३ | उपेन्द्र पागल |
| गोलार्द | २०५३ | शशि लुमुम्बु |
| गोरखा बायम | २०५३ | तीर्थराज अधिकारी लगायत |
| श्रीजा | २०५३ | विनय रावल |
| संचेतना | २०५३ | नारायण परिश्रमी |
| सारस्वत | २०५३ | सरुभक्त र तेजनाथ घिमिरे |
| गुञ्जन | २०५४ | बुद्धिराज पाण्डे |
| जम्को | २०५४ | छाँयादत्त न्यौपाने |
| नवयुगपुकार | २०५४ | रामलाल जोशी |
| पहार | २०५४ | भूपाल राई |
| पाथीभरा | २०५४ | डिल्लीरमण बराल लगायत |
| भावना | २०५४ | किशनचन्द्र प्रतिशोध |
| मोदिनी | २०५४ | टंकध्वज थापा |
| लालीगुँरास | २०५४ | खिमलाल पोखरेल |
| वनिता | २०५४ | लक्ष्मी उप्रेती |
| संगम | २०५४ | उत्तमप्रसाद भट्टराई |
| अनुभूति | २०५५ | वर्तमान |
| घुयेँत्रो | २०५५ | विमल भौकाजी |
| जमर्को | २०५५ | दिव्य सागर साउद |
| परिक्रमा | २०५५ | वावु मार्मिक |
| बावरी | २०५५ | विष्णु राई |
| साहित्यसागर | २०५५ | रजनी थापा |
| सिस्नुपानी | २०५५ | लक्ष्मण गाम्नागे |
| अंकुरण | २०५६ | सुरेश पन्त |
| अन्यथा | २०५६ | गोविन्द गिरी प्रेरणा |
| चड्‌कन | २०५६ | लक्ष्मण गाम्नागे |
| भानुमोती | २०५६ | नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई |
| भाषान्तर | २०५६ | गोविन्द गिरी प्रेरणा |
| मधुलिका | २०५६ | लक्ष्मणप्रसाद गौतम |
| सारांश | २०५६ | भिष्म उप्रेती |

| | | |
|---|---|---|
| अंशु | २०५७ | गणेश घिमिरे मार्मिक |
| कलश | २०५७ | नरेशबहादुर सिंह |
| भानुप्रभा | २०५७ | लम्बोदर पौडेल लगायत |
| मानश्री | २०५७ | भरत भारद्धाज र कृसु क्षेत्री |
| सम्पदा | २०५७ | प्रकट पंगेनी शिव |
| शब्दाङ्कुर | २०५८ | धीरकुमार श्रेष्ठ |

यसरी सुरुवातदेखि शब्दाङ्कुरको प्रकाशन समयसम्मको (पुरै एक शताब्दी भन्दा केही बढी) पत्रपत्रिकाको परम्परालाई हेर्दा नेपाली साहित्यिक पत्रपत्रिकाको आरम्भ सर्वप्रथम नेपालबाहिर बनारसबाट वि.सं. १९४३ मा गोरखा भारत जीवन पत्रिका मार्फत भएको देखिन्छ भने नेपाल भित्र चाहिँ सुधासागर (१९५५) बाट यो परम्पराको सुरुवात भएको स्पष्ट हुन्छ । गोरखापत्र (१९५८) ले सुरुमा कथा कविता र अन्य लेखरचना प्रकाशित गरे पनि समचारप्रधान पत्रिकाको रूपमा हालसम्म निरन्तरता कायम गरिरहेको छ । शारदा (१९९१) एक त्यस्तो उल्लेख्य पत्रिका हो जसले नेपाली साहित्यमा आधुनिक कालको श्री गणेश गरेको देखिन्छ । यस परम्परामा देखा परेका जति पनि पत्रिकाहरू छन् ती मध्ये कतिपय पत्रिकाहरू विविध समस्याका बाबजुद वर्तमानसम्म निरन्तर रूपमा प्रकाशित हुँदै आइरहेका छन् भने कतिपय प्रकाशनको छोटो समयमै पनि विभिन्न समस्याले गर्दा बन्द हुन पुगेका छन् । एउटै मात्र विधा विशेषलाई प्राथामिकता दिएर प्रकाशित हुने पत्रिकाहरू पनि देखा परेका छन् भने एउटै पत्रिकाभित्र विभिन्न विधाहरूलाई समान महत्त्व दिएर प्रकाशित हुने पत्रिकाहरू पनि रहेका छन् । साहित्यिक पत्रिकाहरू देशको राजनीतिक अवस्थासँग सापेक्ष भई समानान्तर रूपले अघि बढिरहेको हुन्छ । देशमा जस्ता प्रकारका घटनाहरू घटे त्यसैबाट प्रभावित भई त्यस्ता घटनाहरूलाई उकास्ने(समर्थन) या दबाउने(विरोध) हिसावले पनि पत्रपत्रिकामा विभिन्न साहित्यिक रचनाहरू प्रकाशित भएका पाइन्छन् । सरकार या सत्ताको गुणगान गाउनमा नै आफूलाई समर्पित गर्ने पत्रपत्रिकाहरू पनि २०१७ सालपछि प्रकाशित भएका छन् । कतिपय पत्रिकाले भने विश्वसाहित्यमा देखापरेका विभिन्न वाद र प्रवृत्तिलाई आत्मसात् गर्ने कोसिस गरेको देखिन्छ । २००७ सालभन्दा पछिका पत्रपत्रिकाहरूले प्रगतिवादी लेखनलाई व्यापक रूपमा अघि बढाएको

देखिन्छ । २०१७ साल र त्यसपछिका केही पत्रिकाहरूले प्रयोगवाद, विसङ्गतिवाद, र अस्तित्ववादजस्ता साहित्यिका नवीनतम विचारहरूलाई स्थापित गराउन मद्धत गरेको देखिन्छ ।

### २.१.३ शब्दाङ्कुरको प्रकाशन र उद्देश्य

२०५८ सालको कात्तिक महिनादेखि शब्दाङ्कुरको प्रकाशन प्रारम्भ भएको हो । कोटेश्वर बहुमुखी क्याम्पस प्रकाशक रहेको यस पत्रिका सुरुमा एकपानाको रूपमा प्रकाशित भएको थियो । जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा ८२/०५८/०५९ मा दर्ता भई अहिलेसम्म निरन्तर रूपमा प्रकाशन हँदै आइरहेको छ ।

शब्दाङ्कुर पत्रिकाको प्रकाशनको प्रारम्भ हुनुभन्दा अघिसम्म धेरै पत्रपत्रिकाहरू प्रकाशित भइरहेको देखिन्छ । पत्रिकाहरू कुनै विधा विशेषलाई प्राथामिकता दिएर प्रकाशित हुने र सबै विधाले पत्रिकामा समान महत्त्व पाइरहेका पनि छैनन् । विशेषत राजधानीबाट प्रकाशित हुने धेरैजसो पत्रिकाहरूले लेख रचनाहरू प्रकाशित गर्दा यहींका स्रष्टाहरूको रचनालाई मात्र महत्त्व दिइरहेका र बाहिरका स्रष्टाहरूका रचनाहरू भने ओझेलमा परेको देखेपछि ती राजधानी बाहिरका स्रष्टाहरूको रचनालाई पनि महत्त्व दिइ प्रकाशित गर्ने र उनीहरूलाई पनि चिनाउने उद्देश्यले (प्रधान सम्पादकसँगको कुराकानी अनुसार) यस पत्रिकाको प्रकाशन प्रारम्भ गरेको देखिन्छ । तापनि राजधानी भित्रका स्रष्टा र तिनका रचना प्रति पूर्वाग्रह राख्ने काम भने यस पत्रिकाले गरेको छैन ।

### २.१.४ शब्दाङ्कुरको नामकरण

शब्दाङ्कुर शब्द र अङ्कुर दुई छुट्टै नाम शब्दको योगबाट बनेको देखिन्छ । नाम, वर्ण वा वर्णसमूहबाट बनेको कुनै अर्थ बुझाउने सार्थक पद शब्द हो । अनुभूत विषयवस्तुलाई व्यक्त गरिने वर्णात्मक वा ध्वन्यात्मक ध्वनि वा आवाज नै शब्द हो । वनस्पतीको बीजबाट निक्लिएको टुसो,बीजले विरुवाको रूप लिने क्रममा लिने प्राथामिक रूप, कुनै रुख वा विरुवाबाट निक्लिएको नयाँ टुसो, प्रस्फुटित कुनै नयाँ कुरो, नयाँ विचार को आरम्भ (त्रिपाठी र अन्य, २०६७ : १०) भन्ने अङ्कुरको अर्थ रहेको छ ।

यसरी नेपाली साहित्यमा प्रस्फुटन हुँदै गरेको कुनै नया कुरा, नयाँ विचारको प्रारम्भिक अवस्था भन्ने अर्थमा शब्दाङ्कुरको नामाकरण गरिएको देखिन्छ । जुन अर्थका

साथ शब्दाङ्कुरको नामकरण गरिएको छ त्यसरी नै यस पत्रिकाले आफ्नो नामाकरणको सार्थकता पनि प्रमाणित गरेको देखिन्छ ।

### २.१.५ शब्दाङ्कुरको सम्पादन, मुद्रण र वितरण

शब्दङ्कुर पत्रिकाको सुरुदेखि ५० सम्मका पूर्णाङ्कहरू हेर्दा यसको प्रधान सम्पादकका रूपमा धीरकुमार श्रेष्ठ रहेका छन् भने अ्ङ्क ४देखि प्रधान सम्पादकसँगै सह-सम्पादकका रूपमा देवी नेपाल रहेका छन् । अङ्क ५ देखि सह सम्पादकलाई कार्यकारी सम्पादकको रूपमा परिवर्तन गरेको देखिन्छ । अङ्क १ देखि ३ सम्म भने देवी नेपालसँगै जगन्नाथ उपाध्याय, जगन्नाथ ज्ञवाली र डिल्लीराम ढुङ्गेल सम्पादकका रूपमा रहेका छन् ।

अङ्क ५देखि भने सम्पादकका रूपमा जगन्नाथ उपाध्याय, डिल्लीराम, सुवर्ण कर्माचार्य र कल्याण रोक्का रहेका छन् ।

पूर्णाङ्क ४९ को अङ्क १ देखि भने सम्पादकका रूपमा चंकी श्रेष्ठ, डिल्लीराम ढुङ्गेल, सुवर्ण कर्माचार्य, जगन्नाथ उपाध्याय, नर्मदेश्वरी सत्याल र मायामितु न्यौपाने रहेका छन् साथै सहायक सम्पादकको रूपमा पनि भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे र प्रकाशचन्द्र निङ्लेकु रहेका छन् ।

पूर्णाङ्क ९५ मा भने सम्पादकको रूपमा डिल्लीराम ढुङ्गेल र नर्मदेश्वरी सत्याल रहेका छन् भने सहायक सम्पादकका रूपमा भोगेन्द्र लिङ्देन र गोविन्द घिमिरे नै रहेका छन् ।

यस पत्रिकाको प्रधान सम्पादकका रूपमा १ अङ्क देखि १०० अङ्कसम्म धीरकुमार श्रेष्ठ नै रहेका देखिन्छन् । शब्दाङ्कुर पत्रिकाको मुद्रण कार्य भने कञ्चन प्रेस का. म.पा. ३१ पुतलीसडकमा भएको देखिन्छ ।

शब्दाङ्कुरको वितरण कार्य एलाईड न्यूजपेपर डिस्ट्रिब्युटर्स, नरदेवी मछिन्द्रबहालले गरेको छ ।

### २.१.६ शब्दाङ्कुरका अङ्क र विशेषताहरू

शब्दाङ्कुरको प्रथम प्रकाशन २०५८ कात्तिकमा भएको हो । बर्ष एक, अङ्क एक, र पूर्णाङ्क एकका रूपमा प्रकाशित पहिलो पत्रिका एक पानाको रहेको देखिन्छ ।

प्रधान सम्पादक एक जना र तीन जना सम्पादक राखी प्रकाशित पहिलो पत्रिकामा कवितात्मक रूपमा सम्पादकीय राखिएको छ ।

२०५८ कात्तिकबाट प्रकाशन प्रारम्भ गरेको यस शब्दाङ्कुर पत्रिकाले ५० अङ्कसम्म आइपुग्दा नियमित रूपले प्रत्येक महिना पत्रिका प्रकाशित गरिरहेको देखिन्छ ।

२०५९ असारमा प्रकाशित (पूर्णाङ्क ९) पत्रिका भने छन्द कविता विशेषाङ्कका रूपमा रहेको देखिन्छ । २०६० भदौमा प्रकाशित (पूर्णाङ्क २३) पत्रिकामा गजल सम्बन्धी लेख र गजलमात्र प्रकाशित भएकाले यो अङ्क गजल विशेषाङ्कका रूपमा रहेको छ । २०६२ मंसिरमा प्रकाशित शब्दाङ्कुर भने स्वर्ण अङ्कका रूपमा प्रकाशित भएको छ । बाँकी सबै पत्रिकाहरू सामान्य पत्रिकाका रूपमा मासिक प्रकाशित भएका देखिन्छन् ।

## तेस्रो परिच्छेद

# शब्दाङ्कुरमा प्रकाशित रचनाहरूको विवरण

### ३.१ विषय प्रवेश

शब्दाङ्कुर पत्रिकाको १ देखि ५० पूर्णाङ्क सम्ममा प्रायः सबै विधाका साहित्यिक रचनाहरू प्रकाशित भएका पाइन्छन् । यस अध्यायमा तिनै रचनाहरूको विवरण प्रस्तुत गरिएको छ । रचनाका शीर्षक जे जसरी पत्रिकामा रहेका छन् त्यसरी नै राख्ने प्रयास गरिएको छ । साहित्येतर रचनालाई विवरण सूचिमा समावेश गरिएको छैन । साहित्यका विधाहरूमध्ये पनि प्रमुख विधा मानिने कविता, (गीत, गजल) कथा, निबन्ध, समीक्षा आदिका अतिरिक्त अन्य विधामध्येबाट अनुवाद साहित्यलाई मात्र सूचीबद्ध गरी प्रस्तुत गरिएको छ । प्रकाशित रचनाको विवरण दिइने क्रममा सजिलोका लागि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोश मा दिइएको वर्णानुक्रमलाई आधार मान्दै लेखकीय वर्णानुक्रम मिलाउने प्रयास गरिएको छ ।

### ३.२ कविता

| क.सं. | कवि | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अनमोलमणी | मुक्तक | १ | ४ |
| २ | अनाथबन्धु घिमिरे | तिमी र म बिच<br>मूर्दा र मलामीहरु | १६<br>१४ | ६<br>५ |
| ३ | अनिल पौडेल | भयो | ६ | ५ |
| ४ | अमिशा खड्का | प्रश्न | १३ | ३ |
| ५ | अविज्ञ | भनेकै थिएन तिमिलाई आमाले | १७ | ५ |
| ६ | अर्जुन थापा | शान्तिद्वारा शान्तिको माग | ३७ | ६ |
| ७ | अज्ञात युवक | आगतहरु | ४८ | ८ |
| ८ | अशोक भौकाजी | चाहाना | ११ | ३ |
| ९ | अस्मिता तामाङ् | मानिस | १४ | ५ |
| १० | आर.एम. डङ्गोल | क्रमशः अरु अरु अरुहरु | ३ | १ |
| ११ | आर .के. जिज्ञासु | नबेच मलाई नगर मलाई दान<br>पिँजडाको सुगा | ७<br>४५ | ८<br>९ |
| १२ | उज्जवल के.सी. | र लज्जित पनि छु | ४७ | ६ |
| १३ | उत्साही | नियति | ३६ | ६ |

| | | | | |
|---|---|---|---|---|
| १४ | उदय ठाकुर | साहुजी | ३५ | ६ |
| १५ | उर्मिला पन्त  पाण्डेय | यात्रा<br>नजान्नेलाई<br>केही हाइकु | २१<br>३३<br>४० | १६<br>१०<br>१६ |
| १६ | ऋतु पण्डित | कोही हाइकु | ३९ | ७ |
| १७ | ऋतु तन्नम क्षेत्री | हाइकु | ४६ | ८ |
| १८ | ऋषिराम न्यौपाने | शेखी हर्दछ त्यो<br>कोको हल्लाउँदै छु म<br>काढा बढार्दै गए | ९<br>१६<br>२८ | २<br>९<br>६ |
| १९ | एन.वि. लामा | दु:खी नेपाल | २१ | १६ |
| २० | ओमप्रकाश दाहाल | मेरो पाताल यात्रा | १७ | ७ |
| २१ | कञ्चन पुडासैनी | मरण जागरण | ४ | ४ |
| २२ | कलानिधि दाहाल | त्रास ! त्रास ओहो त्रास !!! | ९ | ८ |
| २३ | कल्पना नेपाल | समय | २७ | ७ |
| २४ | कल्पलता श्रेष्ठ | मुक्तक | ६४ | १३ |
| २५ | कर्णाखर खतिवडा | मूल खोजौं | १० | ७ |
| २६ | कविता गिरी | हे आमा | १४ | ३ |
| २७ | किरण अधिकारी | मुक्तक | ८ | ६ |
| २८ | किशोर न्यौपाने यदु | मेरो देश<br>केही हाइकु | ४६<br>३५ | ६<br>१६ |
| २९ | कृष्ण धरावासी | जन्मदै कालोमा | १९ | ८ |
| ३० | कृष्णप्रसाद ढकाल | रक्तिम खबरहरु | ८ | ८ |
| ३१ | कृष्णप्रसाद पराजुली | मुक्तक | १ | ४ |
| ३२ | केवलपुरे किसान | सम्झना | ९ | ५ |
| ३३ | केशवराज शिल्वाल | गुप्तवासपछि | ३८ | ७ |
| ३४ | केशव भण्डारी | मेरो देश चम्किरहोस्<br>केही हाइकु | ३६<br>३९ | ७<br>७ |
| ३५ | कैलाश खत्री | मुक्तक | १० | ४ |
| ३६ | खगेन्द्र दाहाल | इच्छा | ४५ | ९ |
| ३७ | खनाल मेघनाथ बन्धु | साहित्यले मनलाई शान्ति सुशिल<br>र विवेक बनाउँछ सोचौं त<br>विश्व विचित्र छ किन ?<br>हाइकु | २९<br>३९<br><br>३३ | ६<br>६<br><br>१२ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | खेम कौशिक | प्रतिज्ञा | २२ | ६ |
| ३९ | गङ्गाप्रसाद भेटवाल | अघि बढाउनुपर्छ | ४४ | १२ |
| ४० | गण्डकी पुत्र | सुन्दरताको बयान | ४६ | ९ |
| ४१ | गीता कोइराला | यो त विपना होइन रहेछ<br>दौलतको सम्झनामा<br>मेरो सानो बस्ती<br>बेहाल | १६<br>२०<br>३३<br>१३ | ७<br>७<br>७<br>४<br>६ |
| ४२ | गीता न्यौपाने | किन विदेसियौं | १७ | ६ |
| ४३ | गुणराज मुक्तान प्रभात | यथार्थ दुखेको मनको चेतावनी | १४ | ६ |
| ४४ | गोपाल उदयपुरे खड्का | हाइकु | ३३ | १२ |
| ४५ | गोपाल चापागाई | हाइकु | ४५ | १८ |
| ४६ | गोपाल भण्डारी | जनकपुर<br>सन्त्रसित शिखर<br>टुसाहरु<br>अदृश्य बल्लभमणि<br>अलपत्र पत्र | २४<br>२७<br>३१<br>३४<br>३७ | ६<br>६<br>६<br>६<br>६ |
| ४७ | गोर्खाली काँइला | गोरखा | ४७ | ८ |
| ४८ | गोर्खे साहिँलो | मलाई शान्ति देऊ | ४९ | ६ |
| ४९ | गोविन्द आचार्य | यसरी चल्छ शासन<br>अनौठो | १<br>९ | ४<br>६ |
| ५० | गोविन्द वराल | बुद्ध<br>सुन्दरी | २१<br>३५ | १४<br>१५ |
| ५१ | गोविन्दराज भट्टराई | मुक्त गर मलाई<br>भ्रष्टचारको रङ्ग हुन्थ्यो भने | २<br>१६ | २<br>८ |
| ५२ | गोवर्द्धन पूजा | अक्षरको अर्थ | ७ | ८ |
| ५३ | गौरीनाथ उपमुन्यु | मुख | १२ | १९ |
| ५४ | चंकी श्रेष्ठ | अब सत्यलाई पनि साक्षि<br>चाहिएको छ | २० | ६ |
| ५५ | चट्याङ् मास्टर | नेता र हजाम | ५ | ४ |
| ५६ | चन्द्र अधिकारी | हाइकु | ३३ | १२ |
| ५७ | चन्द्र कुमार हतुवाली | इतिहास<br>म मरिरहेछु | ३३<br>३७ | ६<br>७ |
| ५८ | चेतकान्त चापागाइँ | देख्ताहुन सपना | १५ | ८ |

| | | | | |
|---|---|---|---|---|
| ५९ | चेतकान्त कुँवर | अर्थ नजानी धरतीको<br>कहाँ छ मूल्य यहाँ | ३<br>६ | ४<br>२ |
| ६० | छविरमण सिलवाल | बन्दुकको विश्राम | २२ | १४ |
| ६१ | जगन्नाथ लम्साल | हात्ती आतङ्क र श्वेत पत्र | १६ | ७ |
| ६२ | जयन्ति स्पन्दन | ऊ भित्र | १५ | ७ |
| ६३ | जया सत्याल सन्ध्या | के सोच्नुभएको छ ? | ८ | ४ |
| ६४ | जीवनाथ अधिकारी | किन ? | २५ | ६ |
| ६५ | जीवेन्द्रदेव गिरी | समपर्ण | १ | २ |
| ६६ | जे.वि. खत्री | वर्तमान<br>कविताको मन | २७<br>४९ | ६<br>७ |
| ६७ | जोतारे धाइवा | तिन मुक्तक | ३५ | १५ |
| ६८ | टङ्क आचार्य | प्यासको अर्थमा मान्छे | ३९ | ६ |
| ६९ | टङ्कप्रसाद निरौला | हाम्रा पूर्खा | ४१ | ६ |
| ७० | टीका दाहाल | मुक्तक<br>रोग | ३<br>९ | ४<br>४ |
| ७१ | ठाकुर बेलवासे | ढुङ्गा बोल्यो भने | ९ | ५ |
| ७२ | ठाकुर शर्मा | कथा हो यो बन्यो ब्यथा | ९ | ४ |
| ७३ | डमरु पौडेल | मुक्तक<br>मुक्तक | ६ | ६ |
| ७४ | डिल्लीराम गौतम | आजको सत्य<br>के भनूँ | ३०<br>३९ | ६<br>६ |
| ७५ | तीर्थराज अधिकारी | तिमी | ९ | ८ |
| ७६ | तुलसी मैनाली | आज फेरी फूल रोयो<br>म मन्त्री हुन्न | १६<br>२५ | ६<br>७ |
| ७७ | तेज विलास अधिकारी | हाइकु | ४६ | १७ |
| ७८ | तेजेन्द्र कुमार ओली | बेरोजगार | ५ | ८ |
| ७९ | थमन काउचा | सपना | २७ | ७ |
| ८० | दामोदर पुडासैनी किसोर | झरी<br>साइनो | २७<br>२९ | ६<br>९ |
| ८१ | दीपक काफ्ले | तपोभूमि नेपालमा | ४३ | ७ |
| ८२ | दीपक चिन्तक | उज्यालोको चाहनामा | ३२ | ६ |
| ८३ | दीपक विक्रम थापा | ए हजुर आज नेपाल बन्द छ | ३६ | ६ |
| ८४ | दीपक सुवेदी | मुक्तक<br>हाइकु | ४१<br>२० | १४<br>८ |

| | | | | |
|---|---|---|---|---|
| ८५ | देवी नेपाल | समय | १४ | १ |
| ८६ | धीर कुमार श्रेष्ठ | इच्छा | ९ | ४ |
| ८७ | धीरज गिरी कल्पित | हाइकु | १८ | १४ |
| ८८ | नयाँघरे जेठो | हाइकु | ३३ | १२ |
| ८९ | नर्मदेश्वरी सत्याल | बल्ला बिजेता कुन ? | ९ | ७ |
| ९० | नानु ओझा | आमा<br>शुभकामना तिमीलाई | १०<br>१७ | ५<br>५ |
| ९१ | नारद निठुरी | भित्ताको पेण्डुलम घडी | २१ | ६ |
| ९२ | नारायण पराजुली | देशको अवस्था | १३ | ५ |
| ९३ | नारायण श्रेष्ठ | पहाडको फेदीमा | १९ | १७ |
| ९४ | निमेष निखिल | दुर्नियतः नयाँ वर्ष | ८८ | |
| ९५ | निर्दोष डेविट | मुक्तक<br>मुक्तक | २८<br>२६ | ८<br>७ |
| ९६ | निर्मला पन्थी | बाँकी नै छ | १८ | ६ |
| ९७ | निर्मला सुवेदी | मुक्तक | २९ | ८ |
| ९८ | निशान लिम्बु अभिलाषी | हाइकु | २२ | ७ |
| ९९ | नेत्रप्रसाल न्यौपाने | फिर्छौ कि भानु घर | ९ | ४ |
| १०० | नेत्रमणि अचार्य | सहित्य नै शान्ति | १४ | १ |
| १०१ | पारु पाठक | छिचिमिराको मृत्यु | १९ | ७ |
| १०२ | पवन गड्तौला | टाढैबाट | ६ | ८ |
| १०३ | पारसमणि वियोगी खतिवडा | शान्ति<br>फेरीयो ? | १३<br>१७ | ३<br>५ |
| १०४ | पार्वती थापा | स्वतन्त्रता | १३ | २ |
| १०५ | प्रियम्बदा काफ्ले | भानुको सम्झनामा<br>सृष्टिको शान | ९<br>३५ | २<br>६ |
| १०६ | पीडित लक्ष्मी | उनको आगमनमा ! | १९ | ८ |
| १०७ | पुष्पराज कुँवर | बाबाको ठुले | १७ | ६ |
| १०८ | प्रकाशचन्द्र निङ्कलेकु | विलौना<br>फूल<br>बहिनी<br>शुभकामना<br>चाहना | १८<br>२०<br>२५<br>११<br>१३ | ६<br>६<br>६<br>६<br>४ |
| १०९ | प्रकाश पौडेल माइला | हाइकु<br>हाइकु | ४१<br>४७ | १४<br>१४ |

| | | | | |
|---|---|---|---|---|
| ११० | प्रकाश विमल | सपना मृत्युशैयामा<br>वर्तमान | ४४<br>४९ | ६<br>७ |
| १११ | प्रदीप क्षेत्री सानु | स्वतन्त्रता | ४८ | ९ |
| ११२ | प्रभात विरही मुक्तान | अनुभूति | १३ | १ |
| ११३ | प्रविना विरही मगर | वसन्तमा लालीगुराँस | ३९ | ६ |
| ११४ | प्रेम घिमिरे | चेलीको बिलौना | २४ | ७ |
| ११५ | बम बहादुर जिताली | कस्तो लाग्छ | १ | ४ |
| ११६ | बद्रिप्रसाद भिखारी | अचेल म कवितै लेख्तिनँ | ८ | ४ |
| ११७ | बालकृष्ण भट्टराई | उद्बोधन<br>फुलाऔँ नव यौवन | २५<br>९ | ६<br>१० |
| ११८ | बिकेश क्षेत्री | कैदी कीट | ३२ | ४ |
| ११९ | बि.पि. काफ्ले | ताण्डव नृत्य<br>यथार्थ<br>म फसिरहेको छु | २५<br>२८<br>३८ | ७<br>६<br>६ |
| १२० | बी.पी.घिमिरे | म | ३० | ७ |
| १२१ | बैगुनी नेपाल | मान्छेको कुरा | २४ | ७ |
| १२२ | भक्तबहादुर कार्की | प्रयास | १९ | ९ |
| १२३ | भानुभक्त पोखरेल | मुक्तक | २ | ४ |
| १२४ | भारद्वाज मित्र | प्रेमले भन्दछिन्<br>पानीलाई पातलिन के को डर | १५<br>५ | ६<br>६ |
| १२५ | भाष्कर भण्डारी | मृत आत्मा चिराग | १५ | ९ |
| १२६ | भीमकुमारी पौडेल | मन | २७ | ७ |
| १२७ | भीमप्रसाद घिमिरे | कविता | २४ | ८ |
| १२८ | भूपाल कडरिया | युद्धकथा | २२ | १६ |
| १२९ | भूपाल श्रेष्ठ | विजयादशमी<br>प्रश्न ???? | १२<br>१६ | ५<br>८ |
| १३० | भोगेन्द्र लिङ्देन | अधुरा चाहानाहरु<br>खाडीतिर भाग्य खोज्दा | १६<br>२८ | ८<br>६ |
| १३१ | मणि लोहनी | मुक्तक | १ | ४ |
| १३२ | मधुसूदन लामिछाने | कैले फुट्ला मुल | २६ | ६ |
| १३३ | महेन्द्र श्रेष्ठ | विवेक र चेतना | ५ | ८ |
| १३४ | माधव निरौला विलासी | मुक्तक | ३० | १० |
| १३५ | मित्रजी | जिन्दगी<br>हाइकु | २२<br>३३ | १६<br>१२ |

| | | | | |
|---|---|---|---|---|
| १३६ | मित्रलाल पंगेनी | म अम्मली | १५ | ९ |
| १३७ | मिली कोइराला | केवल सम्झनाहरु | २२ | ६ |
| १३८ | मीना शाह | तिमी | २५ | ७ |
| १३९ | मुकुन्द पोखरेल | सरिताको सुनौलो सपना | ४५ | ८ |
| १४० | मुकुन्दप्रसाद मैनाली | आज देश | १४ | २ |
| १४१ | मुकुन्द बागी | दुई मुक्तक<br>मुक्तक<br>हाइकु | ३४<br>४०<br>३५ | ७<br>६<br>१५ |
| १४२ | मुक्तिनाथ शर्मा | चङ्गा र जीवनचक्र | ९ | ७ |
| १४३ | मुना बास्कोटा | मोतीको सम्झनामा | १४ | २ |
| १४४ | यादव भट्टराई | म | ७ | ८ |
| १४५ | युवराज बराल | उनी | २४ | ६ |
| १४६ | रमेश खकुरेल | वेश होला | ९ | १० |
| १४७ | रमेश शुभेच्छु लुइटेल | श्रमभित्रको कथा<br>हिजो र आज<br>मुक्तक<br>मुक्तक | १४<br>३२<br>२०<br>१६ | ६<br>४<br>६<br>९ |
| १४८ | रमेशजङ्ग सिजापित | वर्तमान बाँचिरहेछु | ४३ | ६ |
| १४९ | रश्मि सुवेदी | नयाँ वर्ष | १० | २ |
| १५० | राकेश कार्की | भूत | ४९ | ६ |
| १५१ | राजाराम बन्धु खनाल | हाइकु | ३९ | ७ |
| १५२ | राजेश कुमार तिमिल्सना | होरियार | १३ | ६ |
| १५३ | राजेश लामा | सगरमाथा रोइरह्यो | १३ | ३ |
| १५४ | राजकुमार श्रेष्ठ | मान्छेहरुको भीडमा हामी<br>भोनगर प्रतिशोधका कुरा | २६<br>३५ | ७<br>१६ |
| १५५ | रामचन्द्र भट्टराई | पानी बग्दैन भेरीमा | ९ | ४ |
| १५६ | रामप्रसाद डोटेल | हिमाल<br>हाइकु | ४९<br>३० | ६<br>७ |
| १५७ | रामप्रसाद ज्ञवाली | स्वतन्त्र देश बाँच्न द्यौ | ९ | २ |
| १५८ | रामहरि ढकाल | शुभकामना | १९ | ९ |
| १५९ | रासा | ऐंठन | ५ | ६ |
| १६० | रेणुका भट्ट | म माछापुच्छ्रे र घाम | ४८ | ८ |
| १६१ | रेणुका भट्टराई | मुक्त कलम | १२ | ११ |

| | | | | |
|---|---|---|---|---|
| १६२ | रोशन थापा नीरव | जीवन बाँच्नका लागि<br>भावनासँगै नयाँ वर्षा भएर | ४<br>१९ | ४<br>६ |
| १६३ | लक्ष्मीप्रसाद देवकोटा | धनको महिमा | ४४ | ६ |
| १६४ | लक्ष्मी मिश्र | हाइकु | ७ | ५ |
| १६५ | लक्ष्मी वाग्ले | रातो बगैंचाका मनहरु | २० | १७ |
| १६६ | लाटो साथी | मुक्तक | १ | ३ |
| १६७ | लावण्य ढुंगाना | मानवता<br>कविता<br>अब चेत् फिरोस्<br>मुक्तक | १<br>९<br>२६<br>३ | २<br>५<br>६<br>४ |
| १६८ | वसन्त कुमार बस्नेत | अस्ताउँदै गरेको घामका विरुद्धमा | ४३ | १७ |
| १६९ | वसन्ती उप्रेती | कविता | ८ | ४ |
| १७० | वासु काफ्ले | मगाइ<br>कविता<br>सम्झना धेर हुन्छ | २६<br>६<br>९ | ६<br>८<br>६ |
| १७१ | विजय सापकोटा | सपना तिरोहित | ३६ | ७ |
| १७२ | विजयकुमार महर्जन | शून्य<br>......? | १२<br>३३ | ९<br>६ |
| १७३ | विजय सत्याल स्मृति | मेरो सगरमाथा | १० | ५ |
| १७४ | विनोद ओझा | सपनाकी रानी तिमी<br>पीडा<br>वेसहारा जीवन | १९<br>२०<br>३३ | १७<br>८<br>१४ |
| १७५ | विमल कार्की चञ्चल | हाइकु | ३५ | १६ |
| १७६ | विमल श्रेष्ठ | एउटा औपचारिक<br>मेरो गाउँका चौवाटोमा | ३२<br>३५ | ६<br>६ |
| १७७ | विश्वमणि आचार्य | विडम्बना<br>मेरो वर्तमान | ३६<br>२९ | ६<br>७ |
| १७८ | विश्वराज आचार्य | शुभकामना | १ | ४ |
| १७९ | विष्णु ज्ञवाली | प्रायश्चित समय | ४६ | १६ |
| १८० | विष्णु सङ्गम | हाइकु | ३९ | ७ |
| १८१ | शंकर नकर्मी | चाहना<br>म पियन कार्यलयको | २<br>६ | २<br>२ |
| १८२ | शम्भु लामा | मुक्तक | १० | ४ |
| १८३ | शम्भु गुरागाइँ | शान्ति क्षेत्र नेपाल | ३२ | १० |

| | | | | |
|---|---|---|---|---|
| | | अन्तस्करणको वेदनामा | ४६ | १६ |
| १८४ | शम्भु दुर्गम | सुमन मनको | ९ | ७ |
| १८५ | शर्मिला नेपाल | आमाको विलौना | ३१ | १० |
| १८६ | शशि तिमिल्सना | आजकाल | २८ | ७ |
| १८७ | शिजनकुमार ढकाल | हामी उसको विहेमा गएनौं | १८ | ९ |
| १८८ | शिव अप्रिय | मेरो सपना | ४२ | ६ |
| १८९ | शिव रेग्मी प्रणत | विनिर्माणको पोखरीमा<br>प्रजातन्त्र<br>वयस्क मृत्यु<br>के संसार बनाऔं | ३१<br>१<br>६<br>१५ | १०<br>२<br>५<br>७ |
| १९० | शीतल राई | मानवता | १६ | ६ |
| १९१ | शुष्मा खड्का | अनुभूति | २१ | १६ |
| १९२ | शेषयात्री | हाइकु | ४८ | १२ |
| १९३ | श्याम के महर्जन | धर्ती रोइन ....किन ? | १८ | ७ |
| १९४ | श्यामकृष्ण लामिछाने | समर्पण | ४९ | ९ |
| १९५ | श्याम थापामगर | हाइकु | ४४ | ९ |
| १९६ | षडराज अधिकारी | धन्य भानु | ९ | ७ |
| १९७ | सकु थापा | वर्तमान रोएको बेला | ४७ | ७ |
| १९८ | सचिन प्रधान | विचारा पापी आँखाहरु | ३३ | ६ |
| १९९ | सञ्जु पोखरेल | हाँसो | २२ | ७ |
| २०० | समर हुम्ली | हिउँदको फूलः हुम्लाको शूल<br>दशैं तिहार र भूगोल | १०<br>२४ | ४<br>७ |
| २०१ | सम्झना के.सी. | जिन्दगी | २० | १४ |
| २०२ | सर्वज्ञकुमार लेखी | उद्‌वेग | २० | ७ |
| २०३ | सविना सिन्धु अधिकारी | हाइकु | ४३ | १६ |
| २०४ | सिद्धार्थ | ऊ कनि आइन ? | १६ | ९ |
| २०५ | सी.एम. (अपिल चितौने) | हाइकु | ३९ | ७ |
| २०६ | सकुदेव उपाध्याय | नूतन युग | १२ | ९ |
| २०७ | सुकुम शर्मा | कालो चस्मा | ६ | ८ |
| २०८ | सुधन पौडेल | खोजौं बिहानी कहाँ | ४२ | ६ |
| २०९ | सुभाषचन्द्र न्यौपाने | आमाको पुकार | ९ | ६ |
| २१० | सुमन के.सी. | मेरो देश नेपाल | १८ | ६ |
| २११ | सुमन श्रेष्ठ अविज्ञ | साहित्य | १३ | ३ |

| | | | | |
|---|---|---|---|---|
| २१२ | सुरेन्द्र के.सी. | परिचय | १३ | ४ |
| २१३ | सुरेन्द्र देवकोटा | मन | ३२ | ७ |
| २१४ | सुरेश सुवेदी | मन | ४१ | ६ |
| २१५ | सूर्यबहादुर घिमिरे | बाध्यता | २० | ७ |
| २१६ | सुषमा खड्का | छोरीको जीवन | १३ | ३ |
| २१७ | सोमनाथ दाहाल | भानु ! तिमी नआउनु | ४६ | ६ |
| २१८ | स्मृति | तिमी | २७ | ७ |
| २१९ | हरिबहादुर दनुवार | मुक्तक | ४ | १ |
| २२० | हरि सङ्कल्प खतिवडा | मेरो आँखामा पोखरा<br>सहरिया सावित्रीको चरित्र | ९<br>४५ | ९<br>६ |
| २२१ | हरिश पौडेल | जिन्दगीको रहर | १० | २ |
| २२२ | हरिशरण ढुंगाना | वर्तमान फोविया र बुद्धको खोजी | ३१ | ६ |
| २२३ | हेमचन्द्र नेपाल | सुन्दरीजल प्रेमप्रसङ्ग | ९ | १ |
| २२४ | हेमराज अधिकारी | छोड्नु हुँदैन | ९ | ९ |
| २२५ | श्री कृष्ण खड्का | देऊ मलाई<br>परिवर्तन | २६<br>३५ | ६<br>१५ |
| २२६ | श्री भद्र शर्मा | के भानु फेरि फर्किएलान ?<br>जब हेलिकप्टर उड्छ ? १<br>जब हेलिकप्टर उड्छ ? २<br>युवा तिमी छिटो बढ<br>आज र मैले के देखें यस्तो डरलाग्लो सपनी | ९<br>११<br>१२<br>१५<br>४५ | ५<br>६<br>७<br>६<br>७ |
| २२७ | श्री हरि रुपाखेती | हाइकु<br>ट्राफिकान्ट गयौं जेल | २८<br>१२ | ७<br>१५ |
| २२८ | त्रिलोचन आचार्य | बुद्धका भावनासँग | ११ | १ |

## ३.३ बालमञ्च स्तम्भ अन्तर्गतका कविताहरू

| क्र.सं. | कवि | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अनिता दाहाल | मेरो देश | ३२ | १६ |
| २ | अनिता वाग्ले | शान्ति | ४२ | १९ |
| ३ | अनिता खड्का | हामी को हौं | २८ | १६ |
| ४ | अनिशा श्रेष्ठ | आशै आशमा | ४७ | २० |
| ५ | अभिषेक कार्की | सकिन्छ कि ? | ३२ | १६ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अनुजा मैनाली | शिक्षा | २० | १६ |
| ७ | अर्जुनप्रसाद दाहाल | मेरो दाजुभाइ | ३६ | १७ |
| ८ | आकृति ज्ञवाली | बालअधिकार | १५ | १६ |
| ९ | आङ्दोर्जे सेर्पा | म कसैको होइन | १२ | २० |
| १० | आभाष कर्माचार्य | खाते<br>नेपाल | १०<br>१८ | ७<br>१६ |
| ११ | आयुष घिमिरे | हामी विद्यार्थी | ३४ | १७ |
| १२ | आश्मा घिमिरे | पुतली | ३९ | १६ |
| १३ | इशा धौमडेल | जिन्दगी | १३ | ७ |
| १४ | ईश्वर ओझा | म नै नेपाल हुँ | ४१ | १९ |
| १५ | ईश्वर प्रसाद अर्याल | म सानो केटो | ४८ | १९ |
| १६ | उत्सवराज डोटेल | अकर्मण्यता | २६ | १० |
| १७ | उदिभा जोशी | खाते बालकको इच्छा | ७ | ७ |
| १८ | ओमप्रकाश | मेरो सानो घर छ | २९ | १६ |
| १९ | कनिस्का कार्की | हामी | २७ | १६ |
| २० | कमल अर्याल | म को हुँ ? | ३४ | १७ |
| २१ | कमलप्रसाद दाहाल | देशभक्ति | ४५ | १९ |
| २२ | कमला पराजुली | गरिबी | १५ | १६ |
| २३ | कमला परियार | बालअधिकार र शान्ति | ४४ | १९ |
| २४ | कमला बास्तोला | देशको स्थिति | ३० | १६ |
| २५ | कल्पना खरेल | यस्तै छ हाल | ४० | १६ |
| २६ | कल्पना थापा | प्यारा छोराछोरी | १८ | १६ |
| २७ | कल्पना राई | बिन्ति छ | ४५ | १९ |
| २८ | कवियत्रि चापागाइँ | किन रुवाउँछौ आमालाई | १५ | १५ |
| २९ | कृष्ण राई | हामी वीर नेपाली | २८ | १६ |
| ३० | कविता बराल | फूलरानी | ४४ | १९ |
| ३१ | काशीराम कार्की | खाते | ११ | ७ |
| ३२ | किरण राई | कलम | ३९ | १६ |
| ३३ | कुमार ढुंगाना | बन्द गरौँ हत्या र हिंसा | ४८ | २० |
| ३४ | केशन कार्की | जन्मभूमि | १५ | १५ |
| ३५ | गीता अधिकारी | हत्या हिंसा किन ? | ३५ | १७ |
| ३६ | गौरा पौडेल | मेरो देश<br>विदेशी संस्कृति | ४४<br>४१ | १९<br>१९ |

| | | | | |
|---|---|---|---|---|
| ३७ | गोविन्द अर्याल | जीवनको सङ्घर्षमा मैले के पाएँ | ४१ | २० |
| ३८ | चञ्चला ढकाल | आमाप्रति माया | २७ | १६ |
| ३९ | जानकी लिम्बू | एक बालकको कथा | २२ | १७ |
| ४० | जितबहादुर चौधरी | धनी र गरिब | ४ | ३ |
| ४१ | जीवन लिम्बू | सहरभित्र | २५ | १६ |
| ४२ | जुनु दाहाल | म कविता लेख्न सक्तिनँ<br>झरना | १९<br>२१ | १६<br>१७ |
| ४३ | ज्योति दाहाल | हाम्रो स्कुल<br>हे आमा नेपाल | ४०<br>३० | १६<br>१६ |
| ४४ | टीका लामा | खाते | २० | १२ |
| ४५ | तारा दाहाल | नगरौं छोरीलाई हेला | ४० | १६ |
| ४६ | तुलसा सिवा | यो मेरो खाते जीवन | ३६ | १६ |
| ४७ | दावा लामा | घाम छायाँ | १३ | ७ |
| ४८ | दिलिप सुब्बा | पुस्तक मेरो साथी | ३० | १६ |
| ४९ | दीपक अधिकारी | आमा | ५ | ७ |
| ५० | दीपकप्रसाद दाहाल | देशको माया | ४३ | २० |
| ५१ | दीपेशजग कुँवर | परिक्रमा | ८ | ७ |
| ५२ | दुर्गा अधिकारी | पुतली | ३४ | १७ |
| ५३ | दुर्गा खतिवडा | आँसु | ४५ | १९ |
| ५४ | धनमाया खड्का | मलाई | ४२ | १९ |
| ५५ | धर्म कार्की | मायाको भण्डार | ३६ | १७ |
| ५६ | नरेश तिमिल्सना | मेरो देश | ४३ | २० |
| ५७ | निमा शेर्पा | माया<br>गरिबको ब्यथा | १२<br>७ | २१<br>७ |
| ५८ | निरा महर्जन | मानवता हराइरहेछ<br>नेपाल | १५<br>४८ | १६<br>१९ |
| ५९ | निशा शाही | बुद्ध नहुँदा | ४४ | २० |
| ६० | निश्चला भट्टराई | चुस्ने तरिका | ४१ | २० |
| ६१ | पार्थ सापकोटा | यो कस्तो बिडम्बना | १० | ७ |
| ६२ | प्रतिक्षा आचार्या | जन्मभूमि | १४ | ७ |
| ६३ | प्रतिक्षा पराजुली | नेपालको शीर | ४९ | १७ |
| ६४ | प्रदिप दाहाल | वनजङ्गल | ४६ | १९ |
| ६५ | प्रमिला खड्का | नयाँ ऋतुको आगमन | ४६ | १९ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | पिंकी सिंह | पर्खिरहेकी छिन मातृभूमि<br>लट्टाइ समाउने हातमा | ३१<br>२५ | १६<br>१६ |
| ६७ | प्रमिला तामाङ | बुद्ध तिमी आउनैपर्छ | २६ | १६ |
| ६८ | प्रवेश पौडेल | आह्वान | १७ | १६ |
| ६९ | प्रियंका सिंह | धर्तीको बिलौना | २९ | १६ |
| ७० | पुकार मैनाली | मेरो प्रतिज्ञा | २९ | १६ |
| ७१ | पूर्णकला राई | प्रश्नोत्तर | ३६ | १७ |
| ७२ | बरदान सुनुवार | जीवन | ३४ | १७ |
| ७३ | बुसनप्रताप कुमार देव प्रसाइँ | सन्देश<br>गुरुप्रति | ५<br>८ | ७<br>७ |
| ७४ | भीष्मजङ्ग कार्की | प्रताप र सूर्योदय | ४२ | १९ |
| ७५ | मनिषा प्रधान | मेरो सानो  भाइ | १९ | १६ |
| ७६ | माधव आचार्य | खै कहाँ छ मानवअधिकार | ३ | ३ |
| ७७ | मन्दिरा अधिकारी | बालअधिकार | २० | १६ |
| ७८ | मन्दिरा बस्नेत | वर्तमान नेपाल | ३९ | १६ |
| ७९ | महेश दाहाल | बुद्ध मलाई माफ गर | २४ | १६ |
| ८० | महेश वशिष्ठ | बन्द गर हत्या .......<br>तिम्रो शिष्य हुन सकूँ | १७<br>२ | १६<br>३ |
| ८१ | रजनीश भण्डारी | छाडी गयौ | ६ | ७ |
| ८२ | रमेश कार्की | देशको हाल | १५ | १६ |
| ८३ | रक्षा गौतम | खुकुरी वीर | ३३ | १६ |
| ८४ | राजीव बस्नेत | मेरो नेपाल | ३५ | १७ |
| ८५ | राधिका महर्जन | आमाको माया | ४७ | २० |
| ८६ | रिना यादव | शरद ऋतु | ४९ | १७ |
| ८७ | रीजु महजृन | तीतो यथार्थ<br>बालअधिकार | ११<br>२० | ७<br>१६ |
| ८८ | रीनु महर्जन | मेरो देश | ११ | ७ |
| ८९ | रुक्मिणी के.सी. | जनताका छेउमा | २५ | १६ |
| ९० | रोशन श्रेष्ठ | गौथलीको गुँड | ३५ | १७ |
| ९१ | ललिता चौधरी | अशान्ति | ६ | ७ |
| ९२ | ललिता प्याकुरेल | टुहुरो | ३ | ३ |
| ९३ | लक्ष्मी गिरी | शिक्षा | १० | ७ |
| ९४ | लक्ष्मी लोहनी | हाम्रो देश नेपाल | ३० | २० |
| ९५ | लाबुनहाङ्ग चेम्जोङ | बाध्यता | २७ | १६ |

| | | | | |
|---|---|---|---|---|
| ९६ | वन्दना अर्याल | मेरो सानो भाई | ४ | ३ |
| ९७ | वसुधा मैनाली | पटुकी खोली राख्न सक्तिनँ | १७ | १६ |
| ९८ | विकाश आलेमगर | शिक्षा | ३८ | १६ |
| ९९ | विनिता श्रेष्ठ | छोरीको वेदना | ४२ | २० |
| १०० | विन्ध्या काफ्ले | आज यो के भइरहेछ | ४६ | २० |
| १०१ | विभोर कुमाल | देशको परिस्थिति यस्तै छ | २१ | १७ |
| १०२ | विमल सिंह | कस्तो अवस्था ? | १९ | १६ |
| १०३ | विवेक नेपाल | तारा<br>मेरी सानी बहिनी | १२<br>२४ | २०<br>१६ |
| १०४ | विशाल खतिवडा | देशलाई सजाऊँ | १२ | २१ |
| १०५ | विष्णुहरि भण्डारी | अनुरोध मेलम्चीलाई | २८ | १६ |
| १०६ | शर्मिला श्रेष्ठ | आमा | १२ | २१ |
| १०७ | सकुना जोशी | केही चाहिँदैन<br>सङ्घर्ष | १८<br>१७ | १६<br>१६ |
| १०८ | सकिना जोशी | समय<br>चिसो हावा | २<br>२० | ३<br>१६ |
| १०९ | सजिता बस्नेत | मेरो भाइ | ४५ | १९ |
| ११० | संजीव कुमार दाहाल | सम्झना | ४७ | २० |
| १११ | सत्य विश्वास | मेरो किरण | २१ | १७ |
| ११२ | सन्तोष कटुवाल | पसिना बगाउने जिन्जगी | १५ | २५ |
| ११३ | सपना अधिकारी | मेरो देश | २६ | २६ |
| ११४ | समीप वराल | हामी विद्यार्थी | ३७ | २० |
| ११५ | सवनम चित्रकार | खाते | १८ | १६ |
| ११६ | सविता बास्तोला | सहिद | २८ | १६ |
| ११७ | सीमा यादव | नेपाल आमा | ३३ | १६ |
| ११८ | सुगम बस्नेत | नेपाल र नेपाली | ४० | १६ |
| ११९ | सुजन पोखरेल | फूल<br>सडक बालक | १६<br>२४ | १६<br>१६ |
| १२० | सुजना पराजुली | बालअधिकार | ३२ | १६ |
| १२१ | सुजिता वैद्य | मेरा सपना | ३६ | १७ |
| १२२ | सुधीर श्रेष्ठ | पर्छ पढ्नु धेरै<br>हामी कोपिला<br>मेरो शुभकामना तिमीलाई<br>म खाते | १<br>९<br>१९<br>२६ | ३<br>११<br>१६<br>१६ |

| | | | | |
|---|---|---|---|---|
| | | सहिदहरु | ३९ | १६ |
| १२३ | सुनिता बिष्ट | मेरो चाहना | ४२ | १९ |
| १२४ | सुनिता नेपाल | आह्वान | ४३ | १९ |
| १२५ | सुन्दरी लामा | भानुभक्त तिमी | १२ | २० |
| १२६ | सुमित्रा लामिछाने | नेपाल आमा रोइरहिछिन् | ४७ | २० |
| १२७ | सुरज प्याकुरेल | विद्यालय<br>बालअधिकार | २२<br>३१ | १७<br>१६ |
| १२८ | सुशान्त मकाजू | मेरो देश नेपाल | ३७ | २० |
| १२९ | सष्मा पोखरेल | विद्या पढौँ | ३२ | १६ |
| १३० | सोनाम नोर्गे शेर्पा | मान्छे<br>शान्ति | ४९<br>३९ | १७<br>१६ |
| १३१ | श्रीपा खतिवडा | मेरो प्यारो हजुरबुवा | २७ | १६ |

## ३.४ गीत/गजल

| क.सं. | गीतकार/गजलकार | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अगिव बनेपाली | गजल | २३ | १६ |
| २ | अग्निप्रसाद कोइराला | गजल<br>गजल | २३<br>३२ | १६<br>१८ |
| ३ | अच्युत घिमिरे | गजल<br>गजल | ३५<br>२३ | ८<br>१६ |
| ४ | अधिकारी राजुश्री | गजल | २३ | १६ |
| ५ | अनुपा वाग्ले 'अनु' | गजल | ३३ | ८ |
| ६ | अमृका | गजल | २३ | १६ |
| ७ | अमोघ काफ्ले | गजल | २३ | १७ |
| ८ | अर्जुन दाहाल ओखलढुङ्गे | गजल | २३ | १७ |
| ९ | इन्द्रकुमार श्रेष्ठ | गजल | २३ | १७ |
| १० | ईश्वर बुढाथोकी | गजल | ४५ | २० |
| ११ | ईश्वरी कार्की | गजल | १० | ६ |
| १२ | ईशहाक हुसैन | गजल | २३ | १७ |
| १३ | उदय ठाकुर | गजल | २३ | १७ |
| १४ | उमा सुवेदी | गजल<br>गीत | २३<br>१ | १७<br>३ |

| | | | | |
|---|---|---|---|---|
| | | गीत | २ | २ |
| १५ | उर्मिला पन्त पाण्डेय | गजल<br>गजल | २९<br>२३ | ८<br>१७ |
| १६ | उषा घिमिरे पृथक | गजल<br>गजल | ३५<br>२३ | ८<br>१८ |
| १७ | ऋषिराम शर्मा | गजल | २३ | १८ |
| १८ | एकु घिमिरे | गजल | २३ | १८ |
| १९ | ओमप्रकाश दाहाल | गजल<br>गजल<br>गजल<br>गजल | १३<br>३९<br>४८<br>२३ | ६<br>१३<br>१०<br>१८ |
| २० | कमला राज भण्डारी | गजल | ४७ | ७ |
| २१ | कर्णकुमार श्रेष्ठ | गजल<br>गजल | २३<br>२८ | १८<br>८ |
| २२ | कर्कट काश्यप | गजल<br>गजल | ३०<br>२७ | ८<br>८ |
| २३ | कुसुम ज्ञवाली | गजल | २३ | १९ |
| २४ | कृसु क्षेत्री | गजल | २९ | १९ |
| २५ | कृष्ण घिमिरे | गजल<br>गजल | ३४<br>२९ | ८<br>१९ |
| २६ | कृष्णप्रसाद पराजुली | गीत<br>गीत | ५<br>१० | ५<br>१ |
| २७ | कृष्णहरि बराल | गजल | २९ | १९ |
| २८ | केशर के. राई | गीत | ३७ | ६ |
| २९ | खगेन्द्र गिरी 'कोपिला' | गजल | २३ | १९ |
| ३० | खगेन्द्र दाहाल | गजल<br>गजल | २७<br>४६ | ८<br>१८ |
| ३१ | खनाल मेघनाथ बन्धु | गजल | ३२ | ८ |
| ३२ | खेमराज भुसाल | गीत<br>गजल | ७<br>२३ | ४<br>१९ |
| ३३ | खेम सुवेदी | गजल | ३९ | १३ |
| ३४ | गीता कार्की | गजल | २३ | २० |
| ३५ | गीता कोइराला | गीत<br>गजल | १४<br>२३ | ४<br>२० |

| | | | | |
|---|---|---|---|---|
| | | गजल | ३२ | ८ |
| | | गजल | ४४ | २० |
| ३६ | गीता न्यौपाने | गजल | २३ | २० |
| ३७ | गुणराज राई | गजल | १७ | ७ |
| | | गजल | २३ | २० |
| ३८ | गोपीकृष्ण ढुंगाना पथिक | गीत | १३ | ५ |
| | | गजल | १४ | ५ |
| | | गजल | २३ | २० |
| ३९ | गोविन्द घिमिरे प्रयासी | गजल | २३ | २० |
| | | गजल | २७ | ८ |
| | | गजल | ३१ | ८ |
| ४० | गोविन्द बराल | गजल | २३ | २१ |
| ४१ | घनश्याम खड्का | गजल | २३ | २१ |
| ४२ | घनश्याम दाहाल | गजल | ३२ | ६ |
| ४३ | घनश्याम न्यौपाने परिश्रमी | गजल | १६ | ५ |
| ४४ | चंकी श्रेष्ठ | गजल | २३ | २१ |
| | | गजल | १० | ६ |
| ४५ | चक्रव्यूह क्षेत्री | गजल | २३ | १० |
| ४६ | चन्द्र अधिकारी | गजल | २३ | २१ |
| | | गजल | २५ | ८ |
| | | गजल | ४० | १३ |
| ४७ | चिरञ्जीवी दाहाल | गजल | ३८ | ८ |
| | | गजल | २३ | २१ |
| ४८ | चुडामणी कट्टेल | गीत | ३१ | १० |
| ४९ | जयराम तिमिल्सिना | गीत | ६ | ५ |
| ५० | जीवन ज्योति शर्मा अदिति | गजल | २३ | २२ |
| ५१ | जुद्ध जि.ए | गजल | ४६ | १८ |
| ५२ | जे.वी. खत्री | गजल | २३ | २२ |
| ५३ | जोतारे धाइवा | गजल | २३ | २२ |
| | | गजल | ४१ | १४ |
| | | गजल | १७ | ७ |
| ५४ | ज्ञानु विद्रोही | गजल | २ | ४ |
| | | गजल | ७ | ४ |
| | | गजल | १६ | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | गजल<br>गजल | ३१<br>२३ | ८<br>२२ |
| ५५ | टङ्क भण्डारी दुःखी | गजल<br>गजल | ३२<br>३८ | ८<br>८ |
| ५६ | टीकाराम उदासी | गजल<br>गजल | २३<br>२६ | २२<br>८ |
| ५७ | टीकाराम शर्मा | गजल | २३ | २२ |
| ५८ | टेकेन्द्रराज चेम्जोङ | गजल<br>गजल | ३२<br>२४ | ८<br>८ |
| ५९ | डिल्लीराम सुवेदी | गजल | ११ | ६ |
| ६० | डिल्लीराम गौतम | गजल | २३ | २३ |
| ६१ | ढकाल रामहरि | गजल | १३ | ६ |
| ६२ | तारा काफ्ले | गजल | १६ | १५ |
| ६३ | तीर्थराज अधिकारी | गजल | १२ | १० |
| ६४ | तुलसी मैनाली | गजल<br>गजल | ३९<br>२३ | १३<br>२३ |
| ६५ | तेजविलास अधिकारी | गजल | ४० | १३ |
| ६६ | दीपक चिन्तक | गजल<br>गजल<br>गजल | ३९<br>२६<br>३४ | १३<br>८<br>८ |
| ६७ | दिनमान गुर्मछान दिगु | गजल<br>गजल<br>गजल | ३३<br>३९<br>२३ | ८<br>१३<br>२३ |
| ६८ | दीपक सुवेदी | गजल<br>गजल<br>गीत | २३<br>१९<br>११ | २४<br>९<br>६ |
| ६९ | दिलिप घिमिरे | गजल | २३ | २३ |
| ७० | दिव्य गिरी | गजल | २३ | २४ |
| ७१ | दीपा ढकाल आसुँ | गजल | ४४ | २० |
| ७२ | दीवसु क्षेत्री | गजल | २३ | २४ |
| ७३ | देवी पन्थी | गजल | २३ | २४ |
| ७४ | देवीप्रसाद रिजाल | गजल | ३३ | ८ |
| ७५ | देवेन्द्र सुगाला | गजल<br>गजल | ६<br>८ | ४<br>५ |

| | | | | |
|---|---|---|---|---|
| | | गजल | २३ | २४ |
| ७६ | द्रोणचार्य | गजल | ४५ | २० |
| ७७ | दोषी तिरस्कृत | गजल | ४३ | ९ |
| ७८ | धनकुटे कान्छा | गजल<br>गजल<br>गजल | ३८<br>३२<br>१२ | ८<br>८<br>१० |
| ७९ | धीरज गिरी कल्पित | गजल | २३ | २४ |
| ८० | नरेन्द्र घिमिरे | गजल | २३ | २४ |
| ८१ | नरेश विक्रम नेम्वाङ् | गजल | ४७ | ९ |
| ८२ | नर्मदेश्वरी सत्याल | गजल | २३ | २५ |
| ८३ | नवीन बस्नेत | गीत | ४५ | ९ |
| ८४ | नवीन विभाष | गजल | २३ | २५ |
| ८५ | नारद ठकुरी | गजल | २३ | २५ |
| ८६ | नारद निठुरी | गजल<br>गजल | ३<br>५ | ४<br>५ |
| ८७ | नारायण श्रेष्ठ | गजल | २३ | २५ |
| ८८ | निरज लिम्बु | गजल | ४३ | ९ |
| ८९ | निर्दोष डेविट | गजल | २३ | २५ |
| ९० | निशा सेर्मा याक्थुङ् | गीत | २१ | १४ |
| ९१ | निशान लिम्बु अभिलाषी | गजल | २३ | २६ |
| ९२ | नेत्र एटम | गीत | ७ | ४ |
| ९३ | नेत्र प्रसाद न्यौपाने | गजल<br>गजल<br>गजल | ७<br>२३<br>१ | ४<br>२६<br>१ |
| ९४ | पदम गौतम | गजल | २३ | २६ |
| ९५ | पद्मराज सापकोटा | गजल | २३ | २६ |
| ९६ | पर्शुराम पराजुली पराशर | गजल | २३ | २६ |
| ९७ | पवन गड्तौला | गजल | ३६ | ८ |
| ९८ | पुर्ण भण्डारी पङ्कज | गजल<br>गजल<br>गजल | ३४<br>२३<br>२७ | ८<br>२६<br>८ |
| ९९ | पुष्कर दीप | गीत | १६ | १० |
| १०० | पुष्करराज भट्ट | गजल | ४९ | ८ |
| १०१ | प्रकाश | गजल | २३ | २७ |

| | | | | |
|---|---|---|---|---|
| १०२ | प्रकाश आङ्देम्वे | गजल<br>गजल | २३<br>१५ | २७<br>४ |
| १०३ | प्रकाश दाहाल दु:खी | गजल | १८ | ७ |
| १०४ | प्रकाशचन्द्र निङ्लेकु | गजल<br>गीत | २३<br>३ | २७<br>१ |
| १०५ | प्रतिरोध कार्की | गजल | २३ | २७ |
| १०६ | प्रमोद स्नेही | गजल | २३ | २७ |
| १०७ | बालकृष्ण रेग्मी | गजल | २३ | २८ |
| १०८ | बालकृष्ण लामिछाने | गजल | २३ | २८ |
| १०९ | बालकृष्ण अधिकारी | गीत | ४९ | ९ |
| ११० | बिकेश क्षेत्री | गीत | ४२ | १८ |
| १११ | बी.के. सुवेदी | गजल | २३ | २८ |
| ११२ | बी.के. पाल्पाली | गजल | २३ | २८ |
| ११३ | बुद्धी सागर चपाई | गजल<br>गजल | २३<br>६ | २८<br>४ |
| ११४ | बूँद राना | गजल<br>गजल | २३<br>१९ | २८<br>९ |
| ११५ | बोधराज पौडेल | गीत | ४९ | १२ |
| ११६ | भरत भारद्वाज | गजल | २३ | २८ |
| ११७ | भीम खतिवडा | गजल | २३ | २९ |
| ११८ | भेषराज नेउपाने | गजल | २३ | २९ |
| ११९ | भोगेन्द्र लिङ्देन | गजल | २३ | २९ |
| १२० | मधुसुदन लामिछाने | गजल | ३३ | १४ |
| १२१ | मनु ब्राजाकी | गजल | २३ | २९ |
| १२२ | मन्दिरा कोइराला मधुश्री | गजल | २३ | २० |
| १२३ | महेश सुवेदी | गजल | १८ | ९ |
| १२४ | माधव निरौला विलासी | गजल | ३९ | १३ |
| १२५ | मायामितु न्यौपाने | गजल<br>गजल | ३३<br>२३ | ८<br>३० |
| १२६ | मिलनसार समिर | गजल<br>गजल | ४२<br>४७ | १४<br>९ |
| १२७ | मित्रजी | गीत<br>गीत | ३२<br>३३ | ७<br>८ |

| | | | | |
|---|---|---|---|---|
| | | गजल<br>गजल | ३५<br>२३ | ८<br>२० |
| १२८ | यम बाँस्तोला | गजल | २३ | ३० |
| १२९ | यमन सुवेदी | गजल | ४७ | ९ |
| १३० | यादवप्रसाद निरौला | गजल | २५ | ८ |
| १३१ | याम थुलुङ् परदेशी | गजल | २६ | ८ |
| १३२ | युवराज बराल | गजल | २३ | ३० |
| १३३ | योगेन्द्र विमली | गजल | २३ | ३१ |
| १३४ | रत्न प्रजाति | गजल | २३ | ३१ |
| १३५ | रमेश शुभेच्छुक लुइटेल | गजल | २३ | ३१ |
| १३६ | रश्मि असफल | गजल | ३८ | ८ |
| १३७ | राजीव गिरी आभाष | गजल | ७ | ४ |
| १३८ | राजेश खतिवडा | गजल<br>गजल | ३६<br>४८ | ८<br>१० |
| १३९ | राजेश्वर रेग्मी | गजल | २३ | ३१ |
| १४० | राधा कँडेल | गजल<br>गजल | ३७<br>४९ | ८<br>८ |
| १४१ | राधाकृष्ण भट्टराई | गजल | २३ | ३१ |
| १४२ | राम अविराम | गजल | २३ | ३१ |
| १४३ | रामकुमार श्रेष्ठ | गजल<br>गीत | २३<br>२४ | ३२<br>८ |
| १४४ | रामगोपाल आशुतोष | गजल<br>गजल<br>गजल | २३<br>२९<br>३६ | ३२<br>८<br>१२ |
| १४५ | रामप्रसाद डोटेल | गजल<br>गजल<br>गजल | ३८<br>४५<br>३४ | ८<br>२०<br>२० |
| १४६ | रामप्रसाद साह | गजल | १५ | ४ |
| १४७ | रामहरि ढकाल | गजल<br>गजल<br>गजल | २३<br>११<br>४० | ३२<br>६<br>१३ |
| १४८ | रासा | गजल | २३ | ३२ |
| १४९ | रीता बलामी | गजल<br>गजल | २३<br>३४ | ३२<br>३२ |

| | | | | |
|---|---|---|---|---|
| १५० | रुपक बनवासी | गजल<br>गजल | २३<br>२८ | ३३<br>८ |
| १५१ | रोशन थापा नीरव | गजल | २३ | ३३ |
| १५२ | रोशनकुमार राज भण्डारी | गजल | २३ | ३२ |
| १५३ | रोहित ढकाल अभागी | गजल | ४६ | १८ |
| १५४ | लक्ष्मण सागर साह | गजल<br>गजल<br>गजल | २३<br>२८<br>३४ | ३३<br>८<br>८ |
| १५५ | लक्ष्मीप्रसाद न्यौपाने | गीत | ३५ | ८ |
| १५६ | लावण्या ढुंगाना | गीत | १२ | १० |
| १५७ | लोकबहादुर चौधरी लक्की | गजल | २६ | ८ |
| १५८ | लोकेन्द्र बञ्जारा निश्चल | गजल<br>गजल | २३<br>३० | ३३<br>८ |
| १५९ | लोहरुङ सोनु दिवाकिरण | गजल | ४१ | १४ |
| १६० | वसन्त विवश आचार्य | गजल | २३ | ३३ |
| १६१ | वाइ आर प्यासी | गजल | ४९ | ८ |
| १६२ | विजय सुब्बा | गजल<br>गजल | २६<br>२३ | ८<br>३३ |
| १६३ | विजय योणित | गजल | २१ | ८ |
| १६४ | विन्दु दाहाल | गजल | ३३ | ८ |
| १६५ | विपिनचन्द्र बनेपाली | गजल | ३१ | ८ |
| १६६ | वियोग सापकोटा | गीत | १७ | ५ |
| १६७ | वियोगी बुढाथोकी | गजल | २३ | ३४ |
| १६८ | विवश बलिभद्र | गजल | २३ | ३४ |
| १६९ | विष्णु मिश्र | गजल | ३० | ८ |
| १७० | विष्णुबहादुर सिंह | गजल | २३ | २८ |
| १७१ | वीरेन्द्र वियोगी बलामी | गीत | ५ | ४ |
| १७२ | शम्बु लामा | गजल | २३ | ३४ |
| १७३ | शान्ता याखा | गजल | ४६ | १८ |
| १७४ | शिव रेग्मी प्रणत | गजल<br>गजल | २३<br>२८ | ३४<br>८ |
| १७५ | श्याम सङ्कल्प | गजल | २३ | ३४ |
| १७६ | श्रेष्ठ प्रिया पत्थर | गजल<br>गजल | ५<br>१८ | ४<br>७ |

| | | | | |
|---|---|---|---|---|
| | | गजल | २३ | ३५ |
| | | गजल | २९ | ८ |
| | | गजल | ४० | १३ |
| १७७ | सनदकुमार सिंह | गजल | ३७ | ८ |
| | | गजल | ३८ | ८ |
| | | गजल | ४७ | ९ |
| १७८ | संगीता देउजा | गजल | २३ | २५ |
| १७९ | समीर विवश | गीत | २५ | ८ |
| १८० | सरस्वती शर्मा जिज्ञासु | गजल | ४८ | १० |
| १८१ | सामना पहाड | गजल | ४८ | १० |
| १८२ | सिद्धराज न्यौपाने | गजल | २३ | ३५ |
| १८३ | सिद्धार्थ | गजल | २० | ८ |
| | | गजल | २३ | २५ |
| १८४ | सी. एम. (शर्मा निर्दोष) | गजल | २३ | ३५ |
| १८५ | सीता आस्था | गजल | २३ | ३६ |
| १८६ | सुदर्शन शर्मा | गजल | ३७ | ८ |
| १८७ | सुन्दर कुरुप | गजल | ४ | १ |
| | | गजल | १२ | १० |
| | | गजल | १६ | ५ |
| | | गजल | २३ | ३६ |
| १८८ | सुभाषचन्द्र न्यौपाने | गजल | ६ | ४ |
| | | गजल | २३ | ३६ |
| १८९ | सुमित्र बाङ्देल चेली | गजल | २३ | ३६ |
| | | गजल | ३१ | ८ |
| १९० | सुरेन्द्र राई विवर भूटानी | गजल | ३० | ८ |
| १९१ | सुरेश वाग्ले | गजल | २३ | ३६ |
| १९२ | सुरेश सुवेदी | गजल | २३ | ३६ |
| १९३ | सूर्य चापागाइँ | गजल | २३ | ३७ |
| १९४ | सुवास दाहाल | गजल | ३० | ८ |
| १९५ | सुविसुधा आचार्य | गजल | ४२ | १४ |
| | | गजल | ४९ | ८ |
| १९६ | सुशिला काफ्ले | गजल | ४० | १३ |
| १९७ | सोमनाथ दाहाल | गीत | ४१ | ६ |
| | | गजल | ४५ | २० |

| | | | | |
|---|---|---|---|---|
| | | गजल | ४७ | ९ |
| १९८ | सोमनाथ सुवेदी | गजल | २३ | ३७ |
| १९९ | स्वागत नेपाल | गजल | ६ | ४ |
| २०० | होमशङ्कर बास्तोला | गजल | २९ | ८ |

## ३.५ कथा

| क.सं. | कथाकार | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अगिव बनेपाली | समाधान | २६ | ७ |
| २ | अच्युत घिमिरे | सन्तुष्टिको सुस्केरा<br>प्रतिभाको मृत्यु | ४० | १४ |
| ३ | अरुणबहादुर खत्री | शान्तिका निम्ति घण्टी<br>दोष<br>उत्प्रेरणा<br>धुत्याइँ<br>सोचाइ | २५<br>३१<br>३६<br>४३<br>४३ | ८<br>१४<br>१०<br>१८<br>१८ |
| ४ | अर्जुनप्रसाद दाहाल | सूत्रकथा | ४९ | १० |
| ५ | आर. एस. बोगटी | सावधान | १ | १ |
| ६ | इन्द्र कुमार श्रेष्ठ | बिकृति<br>दोषी निर्दोषी | ३३<br>४२ | १४<br>१८ |
| ७ | ईश्वरमान राई | उपचार | २७ | १४ |
| ८ | उषा घिमिरे पृथक | अस्तित्वहीन सपना | ३३ | १० |
| ९ | गोविन्द कुइकेल अपजसी | नरे | ८ | ६ |
| १० | गोविन्द घिमिरे | मौलिकता | ५ | ८ |
| ११ | गोविन्द बराल | न्याय | २९ | १४ |
| १२ | घिमिरे युवराज | प्रदुषण | ६ | ४ |
| १३ | चिरञ्जीवी दाहाल जीवन | सानेको मृत्यु | ३० | १० |
| १४ | जोतारे धाइवा | अन्योल | ३२ | १३ |
| १५ | दिनमान गुर्मछान दिगु | दायित्व<br>भत्किएको धरातल | ३७<br>४४ | ७<br>१८ |
| १६ | दीपक सुवेदी | आन्दोलन<br>सम्पत्ती<br>कथा-१ | २८<br>३७<br>४५ | १४<br>७<br>१८ |

| | | | | |
|---|---|---|---|---|
| | | कथा -२ | ४५ | १८ |
| १७ | दीपक प्रसाद नेपाल | विष्णुमती बगिरहेकै थियो | ११ | ३ |
| १८ | ध्रुव नेपाल | अपारदर्शिता | ३५ | ७ |
| १९ | निमिष | सुभद्राको चोलो<br>यो नाटक होइन | १६<br>४९ | १०<br>१८ |
| २० | निशा थापा प्राप्ति | सम्झना | ३२ | ७ |
| २१ | पवित्रा राई | गल्ती महसुस गर्नु बुद्धिमानी हो | २९ | १६ |
| २२ | पीडित लक्ष्मी | कालो चस्मा | ३४ | १० |
| २३ | पुष्करराज भट्ट | मूल्याङ्कन<br>यात्रा | ४३<br>२८ | १८<br>१४ |
| २४ | भोगेन्द्र लिङ्देल | चोटिल स्वाभिमान<br>महेश सर एउटा कथा<br>अन्तिम इच्छा | २४<br>१३<br>३१ | १३<br>१४<br>१४ |
| २५ | माधव निरौला | सुत्रकथा | ४२ | १४ |
| २६ | रत्नमणि नेपाल | सोध्न बाँकी छ | ५० | ४४ |
| २७ | राजेन्द्र सुवेदी | सर्वगुण सम्पन्न सम्राट<br>नैतिकता | ६<br>१० | ६<br>३ |
| २८ | रामविक्रम थापा | मानसिकता | १४ | ४ |
| २९ | लुमडी आचार्य | सयकडा बिस | ४९ | ९ |
| ३० | वासु काफ्ले | ईश्या | ३ | २ |
| ३१ | विजय कुमार महर्जन | हँ ..... ! | ४४ | १८ |
| ३२ | विजया स्मृति | फनक्क फर्क्यो | ३० | १४ |
| ३३ | विधुर चालिसे | आत्मग्लानी | ४१ | १६ |
| ३४ | विमल भौकाजी | यस्तो एउटा परम्परा | ४ | ३ |
| ३५ | विमल श्रेष्ठ | बानी<br>व्यवहार | १८<br>२० | ७<br>१४ |
| ३६ | श्याम के. महर्जन | छेपारो<br>परिणाम | १२<br>२८ | १९<br>१४ |
| ३७ | श्री ओम रोदन | आयोग | २१ | १४ |
| ३८ | सरिता कार्की | सङ्गत | ४३ | १९ |
| ३९ | सादना प्रतिक्षा | परिचय | ४८ | १८ |
| ४० | सुमित्रा वाङ्देल चेली | प्रतिप्रश्न | २२ | १४ |
| ४१ | सुवर्ण कर्माचार्य | प्रवृत्ति | ७ | ६ |
| ४२ | सुशीलकुमार | दोषी को ? | ४९ | ९ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | सोमनाथ दाहाल | कथा एउटा मान्छेको | ३८ | ११ |
| ४४ | हरिप्रसाद भण्डारी | खा देवे खा | ४९ | १२ |

## ३.६ निबन्ध

| क.सं. | कथाकार | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अनिल बस्नेत | के नेपाल विश्वको जलस्रोतमा दोस्रो धनि देश हो त ? | १८ | १७ |
| २ | क्रान्ति श्रेष्ठ | फुजीको शिखरमा नेपाली झण्डा | ४० | ७ |
| ३ | चन्द्र ढकाल | जङ्गल र कपाल | ४८ | ११ |
| ४ | तुलसी विवस | विभ्रम | १२ | १३ |
| ५ | दीपक चिन्तक | गजलमय दमकको पहिलो साहित्यिक यात्रा | ४९ | १० |
| ६ | देवेन्द्र राज शर्मा वञ्जरा | आकाशको रङ्ग | २१ | २२ |
| ७ | ध्रुव नेपाल | साँच्चै सातो गएको थियो | ४२ | ९ |
| ८ | नर्मदेश्वरी सत्याल | वारि जमुनाको स्मृतिमा | ३८ | १३ |
| ९ | नारायण प्रसाद पौडेल | भोजन | ११ | २ |
| १० | निशा थापा प्राप्ति | ऊ म डोली र सपना | २५ | १४ |
| ११ | पवन गड्तौला | मेरो जीवन वारुदको फुल | २४ | १४ |
| १२ | प्रनिता चित्रकार | यथार्थ र मेरो जीवनको अनुभूति | ४५ | १७ |
| १३ | भोगेन्द्र लिङ्देन | आस्थाकी देवी मनकामनाको काखमा | ४३ | ७ |
| १४ | रघु अधिकारी | दलबहादुर | २ | २ |
| १५ | रमेश चौलागाई | जीवन र यथार्थ | १८ | ६ |
| १६ | राजेन्द्र सुवेदी | आतङ्क फेला पारेको सूचना<br>आधुनिक कालिदासको रुख कटान र कुन्सान काकासँगको बसयात्रा | १<br>१२ | ३<br>१६ |
| १७ | राजकुमार श्रेष्ठ | पहिचान | २० | ९ |
| १८ | रामप्रसाद पन्त | मलेसियामा एक दिन | १० | २ |
| १९ | रामहरि ढकाल | काठमाडौँदेखि दार्जिलिङ्सम्म | २८ | १२ |
| २० | सचिन प्रधान | सहिद | ३० | ११ |
| २१ | सञ्जिव विश्गान्त | शून्य आँखा | २८ | ११ |
| २२ | सविन चित्रकार | मुक्ति | ४४ | १७ |
| २३ | निगा श्रेष्ठ | बालअधिकार | ४६ | २० |
| २४ | सीमा यादव | अनुशासन | ३८ | १६ |

## ३.७ पुस्तक परिक्रमा /समीक्षा

| क्र.सं. | निबन्धकार | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | अभिमन्यु | व्याङ्ग्यात्मक लधुकथा सङ्ग्रह र<br>अन्धाहरुको देशमा | ४९ | १६ |
| २ | गोपाल भण्डारी | दाहालको पहिलो कोशेली | ४० | १५ |
| ३ | जगन्नाथ<br>उपाध्याय | शङ्कर लामिछानेका निबन्धजन्य प्रवृत्ति<br>शङ्कर लामिछानेका साहित्यिक यात्रा | १२<br>११ | १८<br>३ |
| ४ | ज्ञानु विद्रोही | दुरदर्शी कथाको सङ्गालो 'चिराग'<br>तन्नेरी मनको एउटा कथा<br>मायाले पिरोलेका मौनताका रातहरु<br>समालोचनाको स्वरुपमाथि पाठकिय टिप्पणी<br>चुपचापको अन्त्यः आवाजहरुको सुरुवात<br>पुरस्कारको नयाँ थालनी<br>दम्पतीको पहिलो सन्तान<br>वियोगको आँसु शब्द बनेपछि<br>वैचारिक सशक्तताः सङ्ग्रहको विशेषता<br>ओदानबीचको परिकारः त्रिवेदना<br>नारी संवेदनाको उत्कृष्ट प्रस्तुति : गंगाजल<br>खरिएका अभिव्यक्तिका बीचका कलात्मक<br>प्रस्तुति<br>हास्यव्यङ्ग्यको धनी घामपानी | ४१<br>४२<br>४४<br>४५<br>४६<br>४७<br>४८<br>३३<br>३४<br>३५<br>३६<br>३७<br><br>३८ | १५<br>१७<br>१५<br>१६<br>१५<br>१५<br>१५<br>१५<br>१५<br>१४<br>१४<br>१५<br><br>१५ |
| ५ | डिल्लीराम<br>ढुङ्गेल | 'बहुला काजीको सपना' को वैचारिक पक्ष<br>ध्रुवचन्द्रको घुर्मीः विधाविभग्नताले<br>निम्त्याएको<br>नयाँ अनुहार | ७<br><br>५०<br> | ३<br><br>४८<br> |
| ६ | देवी नेपाल | राष्ट्र प्रकृति र परिस्थितिको संयोजन<br>'गतिमान गण्डकी'<br>'सम्भावनाको मनहरु' भित्रका कवि दुवाल<br>विविध विचारको एउटै संयोजन<br>महासम्मेलन<br>गजलको इतिहासमा एउटा उल्लेखनीय<br>प्राप्ति 'ऋतम्भरा'<br>तीन छोरी र एउटी आमा एउटै कृतिमा | <br>१६<br>१७<br>१८<br>१९<br><br>२०<br>२४ | <br>१४<br>१५<br>१५<br>१५<br><br>१५<br>१५ |

| | | | | |
|---|---|---|---|---|
| | | गुणात्मक लेखको एउटा प्रगति 'पहाड हाँस्दा पहिरो जान्छ' | २५ | १५ |
| | | गीत र गजलमा समेटिएको लेक-वेसी | | |
| | | चेलीका लागि चेलीको आह्वान | २७ | १५ |
| | | आख्यानको शुभथालनी 'शुभयात्रा' | २८ | १५ |
| | | एउटा साथी काव्य बनेर आएछ | ३० | १५ |
| | | ज्या मा पोखिएको पिताको आँसु | ३१ | १५ |
| | | 'मेरो देश' कवितामा बिम्वयोजना | ५ | ४ |
| | | एउटा नयाँ प्रयोग आँखिझ्याल | ६ | ३ |
| | | एउटा पठनीय कृति खण्डकाव्य | ७ | ३ |
| ७ | धीर कुमार श्रेष्ठ | 'तिम्रो सहरमा' का मिलन | २३ | ३८ |
| ८ | धनकुटे कान्छा | अभागी थेगुवा र उनका दर्बिला सम्पत्ति 'बुद्धले अस्त्र' | १० | ३ |
| ९ | निमिष | अन्तहीन युद्धका योद्धा नीरव | २१ | १५ |
| | | खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ | २२ | १५ |
| | | गन्तव्य यात्राका कम्पोनहरु | २६ | १५ |
| | | यात्रा साहित्यमा मेरो मनाङ यात्रा | २९ | १५ |
| | | सुदुर-पश्चिमबाट कर्मयोद्धा | ३८ | १४ |
| | | रिमिक्स गजलकाव्य कुन्ती | ३९ | १५ |
| | | फोटोग्राफिक यथार्थ नेपाली समालोचना परम्परा र प्रवृत्ति | ४२ | १५ |
| | | बालसाहित्य समालोचनाका महŒव पूर्ण कृति | | |
| | | 'नेपाली बालपत्रिकाको बालसाहित्यमा | ४३ | १५ |
| | | योगदान' | ४५ | १५ |
| | | फूलबिनाका शाखामा गजलकार चंकी श्रेष्ठ | ८ | ३ |
| | | पुतली र झुसिल्किराको ज्वारभाटा | | |
| | | नेपाली भाषाका प्रथम कवि विष्णुप्रसाद आचार्य र 'बडेराजा मलयबम्म' कविता | १२ | १२ |
| १० | यादव भण्डारी | उपयोगी लक्षणग्रन्ध : छन्द पराग | ४९ | १५ |
| | | 'पाखण्ड गीत' एउटा पठनीय कृति | ३ | २ |
| ११ | रश्मि असफल | बोक्सी बुढी : एक चर्चा | ४४ | १६ |
| १२ | रश्मि शेखर | भो नलेख धरावासी : अल लेख्न के बाँकी | ३२ | १४ |

| | | | | |
|---|---|---|---|---|
| | | नैछ र ? | | |
| १३ | राजेन्द्र सुवेदी | समालोचक रममणी आ.दी.<br>प्रगतिवादी नेपाली समालोचना<br>लघुउपन्यास र 'अन्धकार' लघुउपन्यास | ४<br>१९<br>४४ | २<br>१३<br>७ |
| १४ | लक्ष्मी मिश्र | 'लोकसाहित्यको अवलोकन' एक चिनारी | २ | २ |
| १५ | लावण्य<br>ढुङ्गाना | 'वन' कविताको शीर्षकविधान | ६ | ३ |
| १६ | वासुदेव त्रिपाठी | कवि दैवज्ञराज न्यौपाने र बालसाहित्य<br>राम्रो कविता कसरी रच्ने होला | १२<br>१५ | १२<br>१२ |

## ३.८ अनुवाद

| क्र.सं. | मूल लेखक | अनुवाद | विधा | शीर्षक | पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | एलिसिया रिको बर्नल | नेत्र सुवेदी | कविता | तीन कविता | १७ | २० |
| २ | तसलीमा नसरिन | प्रा.राजेन्द्र सुवेदी | कविता | मृत्यदण्ड | १५ | ८ |
| ३ | मरीआन मुन | लक्ष्मीप्रसाद न्यौपाने | समीक्षा | जेलीमाछा | ४८ | १६ |
| ४ | रवर्ट लि फ्रस्ट | लक्ष्मीप्रसाद न्यौपाने | – | समीक्षा | ४७ | १६ |
| ५ | लक्ष्मीप्रसाद देवकोटा | अग्नी अधिकारी | कविता | यात्री | ११ | ४ |
| ६ | ल्याङ्स्टन ह्युज | लक्ष्मीप्रसाद न्यौपाने | समीक्षा | हर्ल्याम | ४९ | २० |
| ७ | विलियम सेक्सपियर | श्री भद्र शर्मा | कविता | रति र काम | १७ | १० |

## ३.९ लोकसाहित्य

| क्र.सं. | कथाकार | शीर्षक | पूर्णाङ्क | पृ. |
|---|---|---|---|---|
| १ | चतुर्भक्त राई | दुई किराँत लोककथा | ४२ | ७ |
| २ | मोती पराजुली | लोक नाटक : परिभाषा र स्वरुप | ४१ | ७ |
| ३ | तुलसी मैनाली | लोकसाहित्य<br>लोक गीत<br>टुक्का र यसमा आर्थिक सामाजिक<br>पक्ष<br>नेपाली उखानमा नारीप्रति कुदृष्टि<br>पहेली | २८<br>२९<br>३०<br>३१<br><br>३३ | १०<br>७<br>७<br>७<br><br>७ |
| ४ | सफल | उपेक्षीत जनजाति भित्रको मुसहर संस्कृति | ११ | २ |
| ५ | सी.एम् अपिल चितौने | थारु लोक साहित्य | ४७ | १२ |

# चौथो परिच्छेद

# शब्दाङ्कुर पत्रिकामा प्रकाशित रचनाहरूको विवेचना

## ४.१ विषयप्रवेश

नेपाली पत्रकारिताको क्षेत्रमा देखा परेका विभिन्न साहित्यिक पत्रिकामध्ये शब्दाङ्कुर पनि एक हो । २०५८ साल कात्तिक बाट पहिलो अङ्क प्रकाशित गरेको शब्दाङ्कुरले २०६८ साल सम्म आइपुग्दा पनि आफूलाई निरन्तरता दिइरहेको छ । अरु कसैको सहयोग वा कुनै संस्थागत रूपमा नभई व्यक्तिगत स्वामित्वमा प्रकाशित यस पत्रिकाले साहित्यका प्रायः सबै विधालाई आत्मसात गर्दै नेपाली साहित्यको विकासमा महत्त्व पूर्ण योगदान दिँदै आइरहेको छ ।

साहित्यका प्रायः सबै विधालाई समेट्दै साहित्यको बहुपक्षीय विकासमा सहयोग गर्ने उद्देश्य लिएर अगाडि बढेको यस पत्रिकाले देशका सबै भागमा छरिएर रहेका साहित्यिक प्रतिभाहरूका रचनाहरूलाई स्थान दिएको छ । यस पत्रिकाले एकातिर साहित्यका स्थापित स्रष्टाहरूका रचनाहरू समावेश गरेर साहित्यिक महत्तालाई माथि उठाएको छ भने अर्कातिर नवीन उदीयमान प्रतिभाहरूलाई स्थापित गर्ने काममा पनि उत्तिकै महत्त्व पूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । २०५८ सालदेखि प्रकाशित यो पत्रिका नियमित रूपमा प्रकाशित हुँदै आइरहेको छ । यस पत्रिकाको अङ्क १ देखि ५० सम्म कविता, कथा, लेख/निबन्ध, समालोचना, लोकसाहित्य/लोकसंस्कृति, यात्रासंस्मरण, अनुवाद साहित्य, भाषाव्याकरण, सम्पादकीय, पाठकीय, लेखकपरिचय जस्ता विविध सामग्रीहरू प्रकाशित भएका छन् । यस पत्रिकामा अङ्क १ देखि ५० सम्मका के कस्ता सामग्रीहरू के कति मात्रामा प्रकाशित भएका छन् भन्ने कुरालाई स्पष्ट पार्न यसमा प्रकाशित रचना वा सामग्रीहरूलाई सङ्ख्याका आधारमा सूचीबद्ध रूपमा तल प्रस्तुत गरिएको छ :

## विधागत विवरण

| प्रकाशित रचना | रचनाकार संख्या | रचना संख्या |
|---|---|---|
| १. कविता/मुक्तक | ३५८ | ४५९ |
| २. कथा | ४४ | ६१ |
| ३. निबन्ध | २५ | २८ |
| ४. गीत/गजल | २०० | ३०२ |
| ५. अनुवाद साहित्य | ७ | ७ |
| ६. समीक्षा समालोचना | १६ | ५६ |
| ७. अनुसन्धान तथा भाषा व्याकरण | २ | ३ |
| ८. लोकसाहित्य | ६ | ११ |

### ४.२ कविताको परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये कविता एक महत्त्वपूर्ण र प्रमुख विधा हो । साहित्यका अन्य विधाहरूमध्ये कविता जेठो विधाका रूपमा रहेको देखिन्छ । अभिव्यक्तिले कलात्मक बान्कीमा अनुहारिने पहिलो अवसर पद्यमा पाएको हुनाले कविता नै नेपाली साहित्यको जेठो काव्य विधा हो भन्ने ठहरिन्छ (श्रेष्ठ र शर्मा २०४९ पृ. २०) । पूर्वीय साहित्य शास्त्र (छन्द शास्त्र र प्रयोगसमेत) लाई हेर्दा छन्दोबद्ध पदयोजनालाई पद्य भनिएको पाइन्छ र त्यो कविताको बोधक देखापर्छ (त्रिपाठी र अन्य २०५३ पृ. ५) । भाषिक विकाससँगै लेख्य रूपमा विकसित भएपछि अनेक घुम्तिहरू पार गर्दै आफ्ना कतिपय आधारभूत तत्त्वहरूको निरन्तरताका साथ आजसम्म पनि कविता विधाले गतिशील यात्रा गरिरहेको छ । प्रारम्भमा पद्यबद्ध/छन्दोबद्ध रचनालाई मात्र कविताका रूपमा हेरिन्थ्यो तर अहिलेको समयमा छन्दमुक्त वा गद्य पनि कविताको रूपमा स्थापित भइसकेको छ । वर्तमान समयमा छन्दबद्ध पद्य कविताभन्दा छन्दोमुक्त गद्य कविता नै बढी प्रचलित रहेको देखिन्छ । पद्यमा जस्तो गद्य कवितामा लयको माधुर्य कम हुने भएता पनि त्यसमा अन्तः साङ्गीतिक झङ्कार रहेकै हुन्छ । पद्य कविताको रचनामा छन्दको ज्ञान आवश्यक हुने र शास्त्रीय नियम पालन गरी

लेख्नुपर्ने भएकाले यसको निर्माण जटिल प्रकारको देखिन आउँछ तर गद्य कविताको रचनामा भने छन्दको आवश्यक नपर्ने हुनाले यसको रचना सरल प्रकारको देखिन आउँछ । गद्य कविताको रचना सरल भए पनि यस्तो कवितामा बिम्ब र प्रतीकको प्रयोग पद्य कविताको तुलनामा अधिक हुनाले यो केही दुर्बोध्य हुन जान्छ । छन्दोबद्ध कविता प्रति पाठक झट्ट आकर्षण भए पनि भाव वा विचारका हिसाबले पद्य कविता भन्दा गद्य कविता बढी सबल देखिने गरेको छ । कवि मानसमा जुन प्रकारका भावहरू प्रस्फुटित हुन्छन् तिनको अभिव्यक्ति तदनुकूल शब्दावलीमा पूर्णताका साथ हुनु नै कविताका लागि अपर्याप्त छ, छन्दको बन्धन आवश्यक छैन (उपाध्याय २०६७ पृ. १६) ।

पूर्वीय साहित्यमा आयामका आधारमा कविताका लघुरूप अर्थात् फुटकर कविता, मध्यम रूप अर्थात् खण्डकाव्य र बृहत् रूप अर्थात् महाकाव्यात्मक रचना गरी तीन रूप मानिन्छन् भने पश्चिममा छोटा कविता र लामा कविता गरी दुई भेद प्रचलित छन् । कविताको लयात्मक आवृत्तिका लागि न्यूनतम दुई हरफको आवश्यक पर्दछ । त्यसैले दुई, तीन वा चार हरफको लयात्मक आवृत्तिकै माध्यमबाट कविताको लघुतम रूपढाँचा वा संरचना प्रकट भएको अनुभव हुन आउँछ (त्रिपाठी र अन्य उही पृ. ७) ।

नेपाली साहित्यिक पत्रपत्रिकाहरूले कविताको विकासको निम्ति आफ्नो प्रकाशनको प्रारम्भदेखि विभिन्न प्रकारले योगदान दिँदै आएका छन् । आज नेपाली साहित्यमा कविताले जुन स्थान प्राप्त गर्न सफल भएको छ त्यसमा पनि पत्रपत्रिकाहरूको देन  महत्त्व पूर्ण रहेको छ भन्न सकिन्छ । साहित्यिक र समचारमूलक पत्रपत्रिकाहरू वर्तमान समयमा राष्ट्रिय, स्थानीय र अन्तर्राष्ट्रिय स्तरमा पनि प्रकाशन हुँदै आइरहेका छन् । यसरी प्रकाशन हुने पत्रपत्रिकाहरूमा पनि कविता प्रकाशित हुने गरेको पाइन्छ । जसले गर्दा कविता पढ्न चाहने पाठकका निम्ति पत्रिका एउटा अभिन्न साथी बनिसकेको छ । यसरी कविता विधालाई माथि उठाउने क्रममा शब्दाङ्कुर पत्रिकाको स्थान निकै महत्त्व पूर्ण देखापर्दछ ।

शब्दाङ्कुरका १ देखि ५० पूर्णाङ्क सम्ममा जम्मा ३५८ रचनाकारका ४५९ कवितात्मक रचनाहरू प्रकाशित भएका देखिन्छन् । यस गणनामा मुक्तक र हाइकु शैलीका कविताहरू समेत समाविष्ट छन् । तर अन्य भाषाबाट नेपालीमा अनुवाद

गरिएका कविताहरूलाई भने यस गणनामा समावेश गरिएको छैन । तिनलाई अनुवाद साहित्यअन्तर्गत राखिएको छ । शब्दाङ्कुरमा प्रकाशित साहित्यका विधाहरूमध्ये कविता विधाले बढी स्थान पाएको देखिन्छ । १ देखि ५० अङ्क सम्मका सबै अङ्कहरूमध्ये गजल विशेषाङ्क (पूर्णाङ्क २३) र स्वर्णअङ्क (पूर्णाङ्क ५०) मा बाहेक सबैमा कविता प्रकाशित भएको देखिन्छ ।

समसामयिक नेपाली साहित्यमा देखापरेका सबैखाले प्रवृत्तिका कविता शब्दाङ्कुरमा प्रकाशित भएका छन् । नेपाली कविता साहित्यमा स्थापित कविहरूदेखि लिएर नवोदित प्रतिभाका कविताहरूले समेत शब्दाङ्कुरमा उत्तिकै स्थान पाएका देखिन्छन् । एउटा मात्र कविताबाट पत्रिकामा प्रतिनिधित्त्व गर्ने कविहरू प्रशस्तै देखिन्छन् । यस्ता केही कविहरूमा अनिज पौडेल, उदय ठाकुर, ओमप्रकाश दाहाल, कल्पना नेपाल, गोबर्द्धन पूजा, छविरमण सिलवाल चट्याङ मास्टर, कर्णाखर खतिवडा, ठाकुर बेलवासे आदि रहेका छन् भने इन्द्रकुमार श्रेष्ठ, कपिल अधिकारी, गीता कोइराला, गोपाल भण्डारी, तीर्थराज अधिकारी, प्रकाशचन्द्र निङ्लेकु, भोगेन्द्र लिङ्देन, शिव प्रणत, श्री भद्र शर्मा आदि एकपटक भन्दा बढी कविता प्रकाशित गर्नेमा पर्दछन् । शब्दाङ्कुरमा प्रकाशित सबै कविताहरूलाई हेर्दा स्थापित कवि रचनाकार र नवोदित प्रतिभाका रचनाहरू बीच भेदभाव गरिएको पाइँदैन । स्थापित कविका भन्दा नवोदित प्रतिभाका कवितालाई बढी स्थान दिएको पाउन सकिन्छ । समग्र कविताको लयात्मकतालाई हेर्दा पद्य भन्दा गद्य कविताको बाहुल्यता नै रहेको देखिन्छ । समसामयिक प्रभाव तथा जटिल बिम्ब प्रतीकको प्रयोगका कारणले केही गद्य कविता पद्य कविताका तुलनामा बढी क्लिष्ट र दुरुह रहेका छन् । स्तरहीन रचनालाई सकभर नराख्ने प्रयास गरिएको देखिन्छ ।

### ४.२.१ भाव/विषयवस्तुगत आधारमा कविताको अध्ययन

कविताको मुख्य तत्त्वको रूपमा भाव वा विषयवस्तु देखा पर्दछ । मानव हृदयभित्र रहेका करुण, रौद्र, उत्साह, प्रेम, हास्य, शृङ्गार जस्ता भावहरूलाई कविले कविताका माध्यमबाट व्यक्त गर्ने गर्दछ । भावगत दृष्टिले हेर्दा शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरूले जीवन र जगतको विस्तृत पक्षलाई समेटेको देखिन्छ । वैयक्तिक तथा निजी समस्यादेखि लिएर समाज राष्ट्र र विश्वजनीन विकृति र विसङगतिलाई नै

प्रायः जसो कविताहरूले आफ्नो विषय बनाएका छन् । युगीन समस्याप्रति संवेदनशीलता, वैयक्तिकता, मानवीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय असङ्गति र अन्तर्विरोध पनि शब्दाङ्कुरमा प्रकाशित कवितामा पाउन सकिन्छ । यसैगरी महङ्गी, गरिबी, अशिक्षा, पछौटेपन, भ्रष्टाचार, सांस्कृतिक मूल्यको ह्रास, अन्याय, अत्याचार, नैतिकताको पतन जस्ता विषयवस्तुहरू पनि कविता मार्फत् व्यक्त भएको देखिन्छ । अझ युद्धको चापमा परेका नेपालीहरूले भोग्नु परेका पीडा यथार्थरूपमा कवितामा विषय बनेर आएको देखिन्छ । यसैगरी स्वतन्त्रता र प्रजातन्त्रको चाहना, राष्ट्रियता र प्राकृतिक सौन्दर्यको गायन, मानवतावादी चिन्तन, जीवन सम्बन्धी दृष्टिकोण र प्रेम प्रणय जस्ता विषयवस्तुलाई पनि शब्दाङ्कुरका कविताहरूले आफ्नो विषयवस्तु बनाएका छन् । शब्दाङ्कुरका कविताभित्र रहेका मुख्य प्रवृत्तिहरूलाई यसरी देखाउन सकिन्छ :

### ४.२.१.१ राष्ट्रियताको अभिव्यक्ति/देशप्रेमको अभिव्यक्ति

इतिहासमा राष्ट्रको लागि पूर्खाहरूले गरेको त्याग र समर्पणलाई हामी नेपालीले कहिल्यै पनि भुल्न हुँदैन । नेपाल दुई ढुङ्गा बीचको तरुल हो । दुई ठूला राष्ट्रका बीचमा रहेको नेपालमा कुनै पनि बहानामा जुन सुकै बेला ती ठूला राष्ट्रहरूबाट अतिक्रमण गरी नेपालको अस्तित्व मेटाउन सक्छन् । नेपाल र नेपालीको अस्तित्व सधैं कायम राख्न राष्ट्रमा जस्तो सुकै सङ्कट देखापरे पनि त्यसका लागि जुझ्न नेपालीमा शक्ति र तागत अझै पनि कम नभएको विचारलाई कवितामा तलका पङ्क्तिले यसरी देखाएको छ :

विर्सिदैनौं कहिले पनि
आफ्ना पुर्खाको रगत
अझै पनि छ
नेपालीको शक्ति र तागत

(मेरो देश नेपाल, पूर्णाङ्क ३७, पृ. २०)

नेपाली जाति वीरताको प्रतीक हो । नेपालीले वैरी सामु झुक्नु परेको अवस्था इतिहासमा आजसम्म छैन । वीरता नेपालीको त्यो पहिचान हो जसले हामीलाई विश्वभरी चिनाउन सफल भएको छ । वीर र साहसी नेपालीहरूमा लड्ने भिड्ने मात्र नभई सहयोग सद्भाव, दया, माया जस्ता उदारताका भावना पनि छ । कविताका

पङ्तिहरूले कविका यिनै भावनालावई उजागर गरेका छन्-

हामीभित्र साहस छ
हामीभित्रै एक वीर जीव छ
संसारमै हाम्रो उच्च स्थान छ
वैरीमाथि पनि दया गर्ने उदारता छ कि
सबैको हामीमाथि जलन छ
वीर नेपालीको यही पहिचान छ ।

( हामी वीर नेपाली, पृ १६)

राष्ट्रियता र देशप्रेमको भावना भएका कविताहरू सिर्जन गर्ने अन्य कविहरूमा सुजन पोखरेल, गीता न्यौपाने,सुमन के.सी.,कल्पना थापा, आभाष कर्माचार्य ,गोपाल भण्डारी, कृष्ण राई, राजीव बस्नेत, केशव भण्डारी, जीवेन्द्रदेव गिरी, धीरकुमार श्रेष्ठ, रामप्रसाद ज्ञवाली, सुभाषचन्द्र न्यौपाने, कविता गिरी आदि रहेका छन् ।

### ४.२.१.२ युद्धजनिन पीडाको अभिव्यक्ति र शान्तिको कामना

नेपालीले शान्ति र सुरक्षा चाहेका छन् । युद्धको पीडाले आक्रान्त भएर नेपालीहरूले त्यसबाट मुक्तिको चाहना गरेका छन् अन्याय र अत्याचार होइन सबै नेपालीहरूले न्यायपूर्ण समाजको अपेक्षा गरेका छन् । देश भित्र हत्या, हिंसा र आतङ्क नभई मेल मिलाप, एकता, शान्ति र सद्भावको वातावरण सिर्जना गर्न आग्रह गरिएको कवितात्मक पंक्तिलाई यसरी अगाडि सार्न सकिन्छ -

बम र गोलाको आवाज होइन
शान्तिको सन्देश देऊ
मारपिट र झगडा होइन
मेलमिलाप देऊ
अन्याय र अत्याचार होइन
न्याय देऊ
भ्रष्टाचार र घुसखोरी होइन
असल शासन देऊ

(देऊ मलाई ,पृ.६)

सबै नेपालीहरूले त्रास र पीडामा जीवन बिताउनु परेको छ । आफन्त गुमाउनु परेको पीडाको घाउ सुक्न नपाए पनि कृत्रिम हाँसोका साथ सबैमा शान्ति र दीर्घायुको कामना गर्नुपरेको छ । यस्तै विचारलाई कविताका पंक्तिहरूमा व्यक्त गरिएको छ -
आफन्तहरू गुमाउनु परेको गहिरो पीडाले

बगेको बलिन्द्र अश्रुधारा थाम्दै
बमहरू बोकेका हवाइजहाज मुनि बसेर
फेरि कृत्रिम मुस्कानसँग व्यक्त गर्नु छ
त सब प्रियजन र शुभचिन्तकहरूको नाममा
सफलता, शान्ति र दीर्घायुको शुभकामना ।

(शुभकामना, पृ. ९०)

युद्धजनिन पीडाको अभिव्यक्ति र शान्तिको कामना गरी लेख्ने अन्य कविहरूमा रामहरि ढकाल, बि. पि. काफ्ले, गीता अधिकारी, अर्जुन थापा, केशवराज सिलवाल, महेन्द्र श्रेष्ठ, कर्णाखर खतिवडा, त्रिलोचन आचार्य, श्री भद्र शर्मा, डा. गोविन्दराज भट्टराई आदि पर्दछन् ।

### ४.२.१.३ नारीवादी चिन्तन

क्षमता, ज्ञान, बुद्धि, विवेक, चिन्तन आदि केही कुरामा पनि नारीहरू पुरुषको तुलनामा कमी छैनन् । विश्वमा पुरुषले गरेका जुनसुकै र जस्तोसुकै कार्य पनि नारीहरूले गर्न सक्षम भइसकेका छन् र गरेका पनि छन् । तर पनि नारी र पुरुष बीचमा ठूलो असमानताको खाडल छ । नारीहरू पनि विकासका कार्यमा अगाडी बढेका छन्, सिर्जनाकी खानी नारी चिन्तनशील छन् । पुरुषले नारीलाई असक्षम र अस्वस्थता देखे पनि नारीहरू सक्षम र स्वस्थ्य छन् भन्दै नारी प्रति प्रेम र सद्भाव व्यक्त गर्दै कविताका यी पंक्तिले यसरी बोलेका छन् :

सम्बोधन म कसरी गरुँ नारी तिमीलाई
बिर्सन खोज्छु माया लाग्छ तिम्रो जिन्दगीलाई
कसैको विकास कसैको सिर्जना
चिन्तनशील पनि छन्

स्वस्थता कसको अस्वस्थता कसको

चिरफार गर्नु छ ।

(कविता, पृ.४)

ग्रामिण क्षेत्रका गरिब र निमुखा नेपाली दिदी बहिनीहरू मिठो खाने र राम्रो लाउने लोभ लालचमा परेर विदेशमा बेचिने गरेका छन् । प्रकृतिको सुन्दर काखमा रमाउने नारीहरू हरेकले प्रणयको पवित्र बन्धनमा बाँधिएर सफल र सुखी जीवन जिउने सपना बोकेको हुन्छ । तर सहरमा सबै थोक प्राप्त हुन्छ, धेरै पैसा कमाएर ऐश आरामको जिन्दगी जिउन सकिन्छ भन्ने भ्रमबाट बच्न नसकेका नेपाली नारीहरू निरक्षर भएकै कारण बेचिनुपरेको  हो । यस्तै विचार कविताका प्रस्तुत पंक्तिहरूमार्फत आएका छन् -

प्रणयको पवित्र बन्धनमा बाँधिएर

मिलनमा रमाउने सपना बाँचेर

प्रकृतिको सुन्दर काखमा रम्ने उनी

मीठो खाने राम्रो लाउने लालचमा पर्छन्

कुन स्वदेश कुन विदेश उनलाई के थाहा ?

निरक्षर भएकै विवशताले उनी बेचिइछन् ।

(उनी, पृ. ६)

नारीवादी विचारलाई कवितामार्फत् प्रस्तुत गर्ने अन्य कविहरूमा  युवराज बराल, प्रेम घिमिरे, लक्ष्मी वाग्ले, प्रियम्बदा काफ्ले, तारा काफ्ले, आर.के. जिज्ञासु, बसन्ती उप्रेती, सुषमा खड्का आदी रहेका छन् ।

### ४.२.१.४ निराशावादी चिन्तन

जीवनमा मान्छे आफूले सोचेजस्तो काम गर्ने अवसर सृजना होस् भन्ने चाहन्छ । तर अहिले विविध कारणले गर्दा त्यो अवस्था सृजना हुन सकेको छैन । यसले गर्दा योग्य र शिक्षित व्यक्तिहरू पनि आफ्नो गन्तव्यमा पुग्न असफल हुँदा छट्पटाएर बाँच्न विवश भएका देखिन्छन् । त्यसैले उनीहरूको जीवन सार्थक जीवन बन्न सकेको छैन । बाँच्नुको पनि कुनै अर्थ नभएको निराशावादी जीवन दृष्टिको भावलाई कविताका

माध्यमबाट प्रस्तुत पंक्तिहरूमा हेर्न सकिन्छ -

यहाँ म जस्ता कैयन छट्पटाइरहेछन्
जहाँ जीवन जीवन छैन
बाँच्नुको कुनै अर्थ छैन
कारण अन्तस्करणको वेदनामा

(अन्तस्करणको वेदनामा, पृ.१६)

यसरी भौतिक रूपमा जीवन रहेपनि सार्थक कार्य गर्न नसक्दा बाँच्नुको कुनै अर्थ नभएको निराशावादी विचारलाई कविताका पंक्तिहरूले उजागर गरेका छन् ।

जन्मदा मान्छे एक्लै जन्मन्छ तर समाजमा उसको पदार्पण भइसकेपछि ऊ परिवारको साथमा हुन्छ अथवा ऊ एक्लो हुँदैन । समाज र विभिन्न व्यक्तिहरूको माझ मान्छे बसेकै हुन्छ । तथापि सबै साथ हुँदा पनि आफूलाई एक्लो महसुस गर्दै जीवनको आशा र विश्वास शून्य भएको भावको चित्रण कविताका तलका पंक्तिहरूले उजागर गरेको देखिन्छ -

साथ शून्य छ
वास शून्य छ
खोज्दै हिँडे जीवनको
आश शून्य छ
भौँतारी हिँड्नुको के अर्थ
विश्वास शून्य छ

(शून्य, पृ.९)

मान्छेका सबै इच्छा र चाहनाहरू पूरा हुन सक्दैनन् । तर केही त्यस्ता इच्छाहरू हुन्छन् जुन लगनशील र मेहनतका साथ काम गर्दा पूरा गर्न सकिन्छ । त्यसरी गरेको कार्यबाट एउटा व्यक्ति मात्र नभई सिङ्गो राष्ट्रलाई नै उज्यालो पार्न सकियोस् । तर आज हाम्रो देशमा कसैले पनि निर्बाध रूपमा आफ्ना कार्यलाई अगाडि बढाउन सक्ने वातावरण सिर्जना हुन सकेको छैन । यही अवस्थाले गर्दा आफ्ना इच्छा र चाहनालाई पूरा गर्नका लागि जुर्मुराएर उठेका हातहरू पनि बाँधिन पुगेका छन् ।

इच्छा र चाहनाहरू मरेका छन् । यस्तै अभिव्यक्तिलाई कवि सर्वज्ञकुमार लेखि कवितामार्फत् यसरी व्यक्त गर्छन् -

फूल फुली सुगन्ध छर्ने एउटा इच्छा थियो
ओइलिएर आज त्यसै झऱ्यो
जुर्मुराएका जोश ती
किन त्यसै मऱ्यो ।

(उद्वेग, पृ. ७)

जीवनको आशा र निराशा दुबै पक्षमा रहेर कविहरूले कविता सिर्जना गरेका छन् । त्यस्ता कविता रचना गर्ने अन्य कविहरूमा  सकृना जोशी, सम्झना के.सी., मित्रजी, शर्मिला नेपाल, महेश दाहाल रोशन थापा नीरव आदी रहेका छन् ।

**४.२.१.५ मानवतावादी चिन्तन**

समानता, स्वतन्त्रता र भातृत्व प्रतिको चाहना नै मानवतावादी चिन्तन हो । मान्छेले मान्छेसँग मानवीय सम्बन्धका आधारमा व्यवहार गर्नुपर्छ । मान्छे मान्छेमा कोही ठूलो कोही सानो भन्ने हुँदैन । कोही मान्छेलाई कुनै ठाउँमा जाँदा साह्रो-गाह्रो र अप्ठ्यारो पर्दा सहयोग गर्ने मान्छेनै हुन्छ ।  सबैले स्वतन्त्ररूपमा जीवन यापन गर्न पाउनु पर्छ र सबै मानवबीच भातृत्वको सम्बन्ध स्थापित हुनुपर्छ भन्ने चिन्तन नै मानवतावादी चिन्तन हो । मानवसँगको सम्बन्ध मानवको जस्तो हुनुपर्ने कुरामा आधारित भएको यस मानवतावादी चिन्तन वर्तमान परिस्थितिमा तीब्ररूपमा देखा परेको छ । रगतको नाता भएमा मात्र मानव मानवबीच सम्बन्ध हुन्छ अथवा आफन्त हुन्छ । आफन्त (साइनो) नभएपनि कोही पराइ हुन सक्दैन किनभने सबैमा एउटै नाता वा सम्बन्ध रहेको छ । त्यो सम्बन्ध हो मानवताको जुन सम्बन्ध मानव-मानवबीच कहिल्यै अलग हुन सक्दैन भन्ने विचारलाई कवि शीतल राईले कविता मार्फत यसरी पोखेकी छन् -

छैनन् कसैको कोही आफन्त यहाँ
भन्दैमा हुन्न कोही पराई ।
नाता एउटै छ मानवताको
मेटिदैन कसैले मेटाई ।

मानव-मानवबीच एकताका लागि सबैमा समानता हुनुपर्छ । सबै मान्छेले एक अर्कालाई आफन्त ठानेमा कहिल्यै पनि हिँसा र अशान्तिको सिर्जना हुन सक्दैन । तर धेरै मान्छेका मनमा मानवता भन्ने शब्दले ठाउँ पाउन छोडेको देखिन थालेको छ । मानवतालाई मान्छेले विनिमय गर्ने वस्तुका रूपमा हेर्न थालेका छन् । शक्ति र पैसाको भरमा मान्छेले मान्छेलाई हत्या गर्ने प्रवृत्ति दिन प्रतिदिन बढिरहेकै छ । पैसा र शक्तिको दुरूपयोग गरी मान्छेले मान्छेलाई अमानवीय व्यवहार गर्ने तर्फ उद्दत रहेको देखिन्छ । मान्छेले पैसा र शक्तिको आडमा मानवताको विक्री गरिरहेको प्रसङ्गलाई कविताका पंक्तिले यसरी बोलिरहेका छन् -

प्रत्येक मानिसको मनबाट
मानवता निर्वासित भइसकेछ
पैसा शक्तिको आडमा
मानवता विक्रि भइसकेछ ।

(मानवता हराइसकेछ, पृ. १६)

मानवतावादी चिन्तनमा आधारित कविताहरू शब्दाङ्कुरमा प्रकाशित भएका छन् । यस्ता कविता रचना गर्ने अन्य कविहरूमा प्रवेश पौडेल, चन्द्रकुमार हतुवाली, लावण्य ढुंगाना, मााधव आचार्य, अस्मिता तामाङ, शम्भु गुरागाईं, कहरिशरण ढुंगाना, कल्पना राई , आर. के. जिज्ञासु, दीपक काफ्ले, अनिता वाग्ले आदि रहेका छन् ।

### ४.२.१.६ प्रेमप्रणयपरक भावको अभिव्यक्ति

शब्दाङ्कुर पत्रिकामा कविहरूले प्रेमप्रणय सम्बन्धी विषयवस्तुमा आधारित भएर कविताहरू सिर्जना गरेको देखिन्छ । प्रेममा विछोड हुँदा खप्नुपरेको पीडाको चित्रणका साथै माया प्रेम सफल भएपछि भोगेका खुसिका क्षणहरूलाई कविता मार्फत् प्रस्तुत गरिएका छन् । आफ्नी प्रेमिका बाहेक अरु कोही आफ्नो नदेख्ने अन्धभक्ति प्रेमिले उनीसँग छुट्टिएर टाढा बस्नुपर्दा आफू नसक्ने अवस्थामा पुगेका छन् । विछोड हुँदा पीडा र आँसु मात्र उनीले दिएको र जिन्दगी पनि टुक्रिसकेको विचारलाई कवि विनोद ओझाले कविताका पंक्तिमा यसरी राखेका छन् -

मनभरी पीडा दियौ आँखाभरी आँसु
टुक्रिएको यो जिन्दगी कसोरी म गाँसू
आफ्नो भन्ने कोही छैन कसोरी म बाँचू
तिमीसँग छुट्टिएर कति टाढा बसूँ ।

(पृ. ८)

यस्तै प्रेमप्रणयपरक भावको अभिव्यक्ति कवितामार्फत गर्ने अन्य कविहरूमा चेतकान्त चापागाई, भोगेन्द्र लिङ्देन,नानु ओझा, रोशन थापा नीरव, विनोद ओझा रमेश शुभेच्छु लुइँटेल, मिली कोइराला, मीना शाह, घनश्याम दाहाल, मधुसूदन लामिछाने, विश्वमणि आचार्य, शंकर नकर्मी, प्रकाशचन्द्र लिङ्देन आदि रहेका छन् ।

मायाप्रेम भनेको सृष्टिको शाश्वत कुरा हो यो निरन्तर चलि नै रहन्छ । मायाप्रेम यथार्थमा सबैको पूरा नहुन पनि सक्छ । वास्तविकता (विपना)मा प्रेम पूरा नभएपछि कल्पना (सपना)मा विलिन भएर प्रेमका विविध सन्दर्भलाई जोड्ने गरेको पनि देखिन्छ । जुनेली रातमा प्रेमीका परीका रूपमा उपस्थित हुँदै मिठा-मिठा गीतहरू सुनाएर फेरी भेट्ने बाचा गर्दै क्षितिजमा हराउने गरेको कुरालाई कवि सिद्धार्थले कविताका पङ्तिमार्फत् यसरी अभिव्यक्त गरेका छन् -

एक परी थिई
जुनेली रातमा आउँथी
मिठा गीत सुनाउँथी
आफूसँगै खेलाउँथी अनि
फेरी आउने बाचा गर्दै
क्षितिजमा हराउँथी ।

(ऊ किन आइन ?, पृ. ९)

### ४.२.१.७ प्राकृतिक सौन्दर्यको गायन र मानवीकरण

हाम्रो देश नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको देश हो । प्रकृतिको विविध पक्षको चित्रण गर्ने कविहरूले शब्दाङ्कुरमा विभिन्न कविताहरू सिर्जना गरेका छन् । कविहरूले स्थानीय स्तरमा रहेको सुन्दर ठाउँ, डाँडा, पाखा, खोला, नाला, आदिको चित्रण कविता मार्फत् गरेकाछन् । पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेका

कतिपय ठाउँहरूको जानकारी सबै पाठकलाई गराउने काम कविले कविताका माध्यमबाट गरेका छन् ।

इलामको श्रीअन्तु त्यस्तो ठाउँ हो जहाँबाट हामीले सूर्योदयको पहिलो दृश्य अवलोकन गर्न पाउँछौं । यसैगरी चियाका बोटहरू र सल्लाका बोटहरूमा विभिन्न पंक्षिहरूले खेल्ने लुकामारीको दृश्य अझ मनमोहक र आकर्षक देखिने गर्छ । प्रकृतिमा रमाउने विभिन्न पंक्षीहरू र कञ्चनजङ्घा अनि श्रीअन्तु प्रतिको ध्यानलाई कवितामार्फत कवि पवन गड्तौला यसरी राख्दै भन्छन् -

चियाको बोटमा लुकामारी खेल्ने मैना र
सल्लाको बोटमा झुलुक्क देखापर्ने ढुकुरलाई
हृदयदेखिको उद्गार र लाखौं प्यार
कञ्चनजङ्घा र श्रीअन्तुलाई ।

पृथ्वी, बादल, हावा हुस्सु आदिको मानवीकरण गर्दै वर्षा याममा पानी पर्न लाग्दाको क्षणको वर्णन कवि पीडित लक्ष्मीले कविताका पंक्तिमा यसरी गरेकी छन् :

सिँगारिएकी दुलहीझैँ पृथ्वी, बादलको घुम्टो ओढ्दछिन्
स्नेहले ओतप्रोत भई हावा, धर्तीलाई अँगाल्दछन् ।
हुस्सु बादल लहरिँदै नृत्य गर्दछन्
पंक्षी चरी मीठो धुनमा सङ्गीत सुसेल्दछिन् ।

(उनको आगमनमा ! पृ. ८)

विवाहमा उपस्थित हुने मुख्य पात्र दुलहीको भूमिकामा पृथ्वी (प्रकृत्ति)लाई उभ्याएर पृथ्वी दुलही झै सिँगारिएकी कुरालाई कवितामा चित्रण गरिएको छ । पृथ्वीले बादललाई घुम्टोको रूपमा ओढेकी, हावाले पृथ्वीलाई अङ्गालेको, हुस्सु, बादलले भने रमाइलो नृत्य गर्दै विवाहको वातावरणलाई अझै उल्लासमय बनाएको देखिन्छ । यही अवस्थालाई साथ दिँदै पंक्षीले पनि मिठो संगीत सुसेलीरहेको कुरालाई कवितामा देखाइएको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण सुन्दर नगरी पोखरा कवि कथाकारहरूका लागि काव्यलेखनको प्रेरणको मुख्य स्रोतका रूपमा रहेको देखिन्छ । यहीँका नदीनाला, पाखापखेरा, हिमाल आदिको चित्रण गर्दै राष्ट्रलाई चिनाउन पोखराले खेलेको भूमिकाको

चर्चा गर्दै कवि हरि 'सङ्कल्प' खतिवडा अगाडि भन्छन् -

मेरो यौवनरागझैँ धवल भै सेती बगेकी तल
खाली शैल तुषार हार हँसिला काली कुदेकी पर ।
नौलो सीप सुसेल्न जाँगर धसी पाखा पखेरा गरा
एक्लै राष्ट्रियता समाल्न धसिई खट्दै थियो पोखरा ।

आफू जन्मेको ठाउँ सबैलाई प्यारो लाग्छ । जति सुकै टाढा पुगेपनि आफ्नो गाउँ-ठाउँको सम्झना सबैलाई हुने गर्छ । अझ फेवा र माछापुच्छ्रेको काखमा जन्मिएका जो कोही त त्यहाँको सुन्दर र रमणीय दृश्य भुल्न कसरी सक्लान् र ? त्यसैगरी धेरै गहिराइमा यौवनको राग झैँ सुकिलो गरी बगेकी सेती नदी सँगै केही पर बग्न पुगेकी काली पनि पोखराको आकर्षणको केन्द्रबिन्दु बन्न सफल भएका छन् । यसैगरी पाखा-पखेरा र गराहरूपनि सृजनाका नौलारूप छर्न तम्तयार भएर बसेका कुरालाई कविताका पङ्तिमार्फत् प्रस्तुत गरिएको पाइन्छ ।

यस्ता भाव अभिव्यक्त गर्ने अन्य केही कविहरूमा  सुगम बस्नेत, केवलपुरे किसान हरि 'सङ्कल्प' खतिवडा,समर हुम्ली,गोर्खाली काइँलो आदि रहेका छन् ।

### ४.२.१.८ सामाजिक, राजनैतिक, सांस्कृतिक विसङ्गतिप्रति व्यङ्ग्य

सामाजिक र राजनैतिक विकृति र विसङ्गतिकै कारणले आज हाम्रो मुलुक दिनानुदिन पछाडि धकेलिँदै गइरहेको छ । देश र जनताको हित तथा उन्नति गर्न चुनिएका नेता तथा राजनैतिक दलहरूले आफ्नै स्वार्थका कारण राष्ट्रलाई अझ कमजोर पार्दै लगेका छन् । बाहिर बाहिर जनताको मन जित्न मिठा र आकर्षक कुरा गरे पनि भित्र भने राष्ट्रलाई माथि उठ्न नदिने र आफू सधैँ कसरी सत्तामा टिकिरहन सकिन्छ भन्ने दाउपेचमै नेताहरू व्यस्त भएका देखिन्छन् । दिन-रात, दुःख पीडा केही नभनि निरन्तर काममा खटिरहने गरिब, किसान, मजदुरले वर्षौंको मेहनत र परिश्रमबाट प्राप्त फललाई स्वयं उपभोग गर्न नपाएको स्थिति आज समाजमा छ । आफू केही नगर्ने तर गरीब दुःखीले बगाएको पसिनामा मोज गर्ने व्यक्तिहरू सबै समाजमा छन् । यस्तै विचारलाई कवि रमेश शुभेच्छुले आफ्ना कवितामा यसरी ठाउँ दिएको पाइन्छ -

रोप्छौँ अन्न फलाउँछौ तर यहाँ अर्कै छ बाली लिने
गर्छौँ दुःख बगाउँछौ नि पसिना अर्कै छ नामी हुने ।
भोको पेट मिचेर कर्मपथमा हिड्छौ यहाँ जीव हौ
जीव हौँ तर मेसिनसरी खट्छौ खटेर जियौ ॥

(श्रमभित्रको कथा, पृ. ६)

त्यस्तै प्रकृतिका कविताहरू रचना गर्ने अन्य कविहरूमा जगन्नाथ लम्साल, पारसमणी खतिवडा, 'वियोगी' परु पाठक,विभोर कुमाल,जीवनाथ अधिकारी, वी.पी घिमिरे, हरिशरण ढुङ्गाना, डा. गोपाल भण्डारी, गोविन्द बराल, चन्द्रकुमार हतुवाली, शंकर नकर्मी, अनिल पौडेल, टीका दाहाल, श्रीभद्र शर्मा, गेविन्दप्रसाद आचार्य, नर्मदेश्वरी सत्याल, रमेश शुभेच्छु लुइटेल, नारायण पराजुली आदि रहेका छन् ।

निश्चित समय काम गरेपछि मान्छेलाई आरामको आवश्यकता हुन्छ । काम गर्नका लागि उसलाई तागत चाहिन्छ । त्यसका लागि उसले भोको पेट भर्नुपर्ने हुन्छ । तर समाजमा त्यस्तो अवस्था सृजना भएको छ जहाँ मान्छे मेसिनसरी निरन्तर रूपमा भोको पेट लिएर काम गर्न बाध्य पारिन्छ । दुःख गरी बगाएको पसिनामा अरुले मोज गर्नु अन्याय हुन जान्छ भन्ने विचारलाई कविताका पंक्तिमा समेटिएको देखिन्छ ।

नेता सच्चा र इमान्दार भई सही ढंगले काम गर्ने हो भने राष्ट्रमा संकटको अवस्था सृजना नहुन सक्छ र जनताले पनि शान्तिपूर्वक जीवन यापन गर्न पाउनेछन् । देशलाई हाँक्ने राजनीतिक दलका नेतामा आज यस्ता गुणहरू पाउन प्रायः असम्भव जस्तै भएको छ । हजाम र नेताको तुलना गर्दै हजामले एक पटकमा एक व्यक्तिको मात्र टाउको खल्वाट पार्न सक्छन् । हजामले काम विगारे पनि फेरी केही समय पछि कपाल पलाउने गर्छ र उसले आफ्नो कैँची र छुरा पनि देख्ने गरी चलाउँछ । यसका विपरीत नेता आज यति डरलाग्दा बन्दै गएका छन् जसले आफ्ना हतियारलाई जनतामाझ नदेख्ने गरी चलाउँछन् र उनीहरूले विगारेका कार्यबाट देश र जनता सयौँ वर्ष पछि धकेलिन पुग्छन् भन्ने विचारलाई व्यङ्ग्यात्मक कवितामार्फत् कवि चट्याङ मास्टरले यसरी प्रस्तुत गरेका छन् -

तर दुईवटामा हजाम राम्रो एक टाउको एक चोटीमा
नेताले त ओहो मुड्ने लाखौँलाई एक चोटीमा
विगारे पनि हजामले त कपाल फेरी पलाउँछ
कमसेकम छुरा कैँची देख्ने गरी त चलाउँछ ।

(नेता र हजाम, पृ. ४)

नारी सृजनाकी मूल हो भने ममताकी खानी पनि । सहनशीलताको प्रतिमूर्तिका रूपमा उभिएकी नारीले वर्तमान समयमा सहरिया सभ्यतामा रमाउने र आधुनिक हुने नाममा आफ्नो संस्कार र संस्कृतिलाई भुल्दै गएको विचार कवितामा हरि सङ्कल्प खतिवडाले यसरी अभिव्यक्त गरेका छन -

म यौटी नायिका सच्चा अप्सरा मर्दभोगकी
सती वीरङ्गना मै हूँ यौटाकी हैन लाखकी
म चोली लाउने हैन लुक्छन काया टुनामुना
पटुकमिा म बेरिन्न छोपी यौवन चाहना ।

(सहरिया सावित्रिको सुचरित्र, पृ. ६)

नारीवादी चिन्तनसँग सम्बन्धित कलम चलाउने अन्य कविहरूमा युवराज बराल,प्रेम घिमिरे,लक्ष्मी वाग्ले, प्रियंवदा काफ्ले, तारा दाहाल,आर के. जिज्ञासु, बसन्ती उप्रेती, सुषमा खड्का आदि रहेका छन्  ।

बालप्रतिभाका निम्ति नियमित रूपमा ‘बालमञ्च’ नामक छुट्टै स्तम्भ राखेर बालप्रतिभाका कवितात्मक रचनाहरू शब्दाङ्कुरमा प्रकाशित भएका देखिन्छन् ।

### ४.२.१.९ भाषाप्रेम

भषाप्रेम पनि शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरूमा देखिन्छ । सबै नेपालीलाई भाषाका माध्यमले एकतामा बाँध्न सफल आदिकवि भानुभक्त आचार्यप्रति सम्मान र श्रद्धा प्रकट गर्दै कविताहरू रचिएका छन् । त्यस्ता कविहरूमा शम्भु दुर्गम, वासु काफ्ले, षडराज अधिकारी, प्रियम्बदा काफ्ले, नेत्रप्रसाद न्यौपाने, सुन्दरी लामा, सुमन श्रेष्ठ ‘अविज्ञ’,नेत्रमणि आचार्य, मुना बास्कोटा, सोमनाथ दाहाल आदि रहेका छन् ।

भानुभक्तले सबैले बुझ्न सक्ने सरल र सोझो भाषामा काव्य सिर्जना गरेका थिए । भानुभक्तले रचेका काव्यका पंक्तिहरू नेपालीका मन-मुटुमा अहिले पनि ताजा नै

रहेका छन् । भानुभक्त पछि पनि नेपाली साहित्यमा अझ नयाँ र नौला काव्य सृजनाहरू भए तापनि ती काव्यहरू भानुभक्तका सरल काव्यसँग तुलनीय छैनन् । भानुभक्तको काव्यमा देखिएको जुन गति र लय थियो त्यसैलाई विगारेर काव्य सिर्जना गरी आफू ठूलो बन्न चाहने कविहरू पनि देखिन थालेका छन् । नेपाली भाषा र साहित्यप्रति गरेको योगदानका कारण कविप्रति उच्च मूल्याङ्कन गरिएको भावहरू प्रस्तुत पंक्तिहरूमा पाउन सकिन्छ -

अनेकौं देखिन्छन् पछि रचित सम्भ्रान्त रचना
हुँदैनन् दाँजोमा रवि उदयमा अन्य उपमा
टुटाई भाषाको गति लय बिगार्लान् पछि कतै ।
नयाँ धक्कू देलान् कविवर छिटो आउ अहिल्यै ।

(धन्य भानु ! पृ. ७)

जब भानुभक्तको काव्यको प्रचार प्रसार भयो त्यसले क्षितिजमा भएको सबै अन्धकार हटाई उज्यालो ज्योति फैलाउने काम गऱ्यो । सरल काव्य भएका कारणले सुन्दा मात्रै पनि त्यसबाट धेरै नेपालीले नीति र ज्ञानका कुरा बुझ्न सके । यही सरल काव्यका माझमा भानु अझ चम्किरहेका छन् भन्दै भानुप्रतिको स्मृतिलाई तलका पंक्तिहरूले यसरी व्यक्त गरेका छन् -

पैलो झुल्का नभ क्षितिजमा भानुको भो प्रसार
फैल्यो ज्योति यस सकलमा दुर भो अन्धकार ।
चम्के भानू कलम-कुटिले काव्यको खेतमाझ
सम्झन्छौं यो दिवस कविका कृत्यले नित्य आज ॥

(सम्झना धेर हुन्छ, पृ. ६)

## ४.२.२ शिल्प संरचनागत आधारमा कविताको अध्ययन

कविता एउटा सिङ्गो संरचना भएकाले यसलाई चिनाउन यसका संरचक तत्त्वहरूलाई छुट्टाछुट्टै रूपमा चिनाउन आवश्यक हुन्छख । तसर्थ यस अन्तर्गत देखा पर्ने विभिन्न घटकहरूलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

### ४.२.२.१ शीर्षक

कविताको नाम वा संकेत नै शीर्षक हो । यसले समग्र कविताको भाव वा

विचारलाई पनि प्रतिनिधित्व गरेको हुन्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरूको शीर्षकलाई हेर्दा सबैभन्दा छोटो एक शब्दको शीर्षक देखि सबैभन्दा लामो नौ शब्दको शीर्षक पाउन समिन्छ ।  सबैभन्दा छोटो शीर्षकका रूपमा वी.पी. घिमिरेको 'म' र यादव भट्टराईको 'म' कविता देखिन्छन् भने लामो शीर्षकका रूपमा खनाल मेघनाथ बन्धुको 'साहित्यले मनलाई शान्त सुशील र विवेकी बनाउँछ सोचौं त' कविता रहेको छ । यस पत्रिकाका प्रकाशित केही कविताहरूका शीर्षक साङ्केतिक भए पनि प्राय सबै कविताका शीर्षक अन्तसङ्गतियुक्त तथा सामञ्जस्यमूलक छन् । सङकेतात्मक शीर्षक भएका कवितामा मूल भाव र शीर्षकका बीचमा सोझै सङगति नभई सङ्केतले सङ्गतिबोध गराएको पाइन्छ ।

### ४.२.२.२ संरचना

कुनै पनि कृतिको संरचना भन्नाले त्यसको बनावट वा आकार भन्ने बुझिन्छ । कवितामा आन्तरिक र बाह्य दुबै संरचना हुन्छन् । बाह्य संरचना कविताको पाउ, चरण या पंक्ति विधानमा आधारित हुन्छ भने आन्तरिक संरचनामा चाहिँ केन्द्रीय कथ्य वा भावविचारको शृङ्खला हो । संरचनाका दृष्टिले हेर्दा शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरू मध्ये सबैभन्दा लामो गद्य कविताका रूपमा रोशन थापा नीरवको 'भावना सँगै नयाँ वर्ष भएर' रहेको छ । जुन ७४ हरफको देखापर्छ । छोटो गद्य कविताका रूपमा बम बहादुर जितालीको 'कस्तो लाग्छ ?' ६ हरफको रहेको छ । न्युनतम एक शब्दका पंक्ति देखि लिएर अधिकतम नौ शब्दका पंक्तिसम्म कवितामा पाउन सकिन्छ । पद्य कवितामा सबै भन्दा छोटो कविताको रूपमा गोविन्द आचार्यको 'यसरी चल्छ शासन' एक पद्यको देखापर्छ भने लामो श्री भद्र शर्माको 'के भानु फेरी फर्किएलान् ?' दस पद्यको रहेको छ ।

### ४.२.२.३ लयविधान

कविताको परिचायक स्वरूपको रूपमा लयविधान महत्त्वपूर्ण रहनेगर्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरूमा गद्य र पद्य दुबै लयको प्रयोग भएको पाइन्छ । संख्यात्मक हिसाबले पद्यलयमा भन्दा केही बढी गद्यलयका कविता सिर्जना भएको देखिन्छ । कविता गद्यात्मक भईकन पनि साङ्गीतिक झङ्कारयुक्त छन् । अनुप्रास, यमक जस्ता शब्दालङ्कारहरूको प्रयोग र उपमा, रूपक, समासोक्ति, उत्प्रेक्षा

आदि अर्थालङ्कारहरूको समुचित प्रयोगबाट कविताहरू उत्कृष्ट बन्न पुगेका छन् ।

### ४.२.२.४ भाषाशैली

शब्दाङ्कुर पत्रिकामा प्रकाशित कविताहरूको भाषा सरल, सहज र बोधगम्य रहेको देखिन्छ । कवितामा बढी लयात्मक पद, पदावली र वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । सरल वाक्य भन्दा मिश्र र संयुक्त वाक्यहरूको प्रयोग ज्यादा पाइन्छ । कविताको भाषा अभिधात्मक, लक्षणात्मक र व्यञ्जनात्मक तीनै किसिमको रहेको पाइन्छ । कवितामा प्राय : वर्णनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

### ४.२.२.५ कथनपद्धति

कथनपद्धति कवितामा महत्त्वपूर्ण पक्षको रूपमा रहने गर्छ । कवितालाई पाठक सामु प्रस्तुत गर्ने तरिका नै कथनपद्धति हो । कवि आफैं म पात्रका रूपमा उपस्थित भई विषय वर्णन गर्दा प्रथमपुरुष दृष्टिविन्दु हुन्छ भने कवि कविताबाट टाढा रहेर कसैलाई पात्रका रूपमा उपस्थित गरी विषय वर्णन गर्दा तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कवितामा दुबै कथनपद्धतिको प्रयोग भएको छ । कविप्रौढोक्ति कथनपद्धतिमा रचित कविताहरू बढी देखिन्छन् भने कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिमा रचिएका कविता केही कम देखिन्छन् । भाष्कर भण्डारीको के संसार बनाऔं ? (पू. १५, पृ. ९) कविता कवि प्रौढोक्ति कथनपद्धतिमा संरचित छ भने कवि सिद्धार्थको ऊ किन आइन ? (पू. १६, पृ. ९) कविता कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिमा संरचित छ ।

## ४.३ गजल/ गीत

नेपाली साहित्यमा गजललाई छुट्टै विधाको रूपमा स्थान नदिए तापनि यसको लोकप्रियता र व्यापकताले गर्दा गजले आफ्नो छुट्टै पहिचान स्थापना गरेको भने देखिन्छ । गजल गेयात्मक र लयात्मक रूपमा प्रस्तुत गरिने छोटो संरचना भएको पद्यात्मक रचना हो जसमा कुनै न कुनै भाव वा विषयको केन्द्रियता देखापर्छ ( उदासी,२०५९: ६) । विलक्षण शैलीमा भएको तीव्र विन्यास वा विषयको केन्द्रियता भएको सरल, संक्षिप्त र प्रभावकारी पङ्क्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयात्मक पद्य संरचना गजल हो (बराल,२०४६:१३६) ।

शब्दाङ्कुर पत्रिकाको १ देखि ५० पूर्णाङ्कसम्ममा प्रायः सबै अङ्कहरूमा गजल

प्रकाशित भएको देखिन्छ । पूर्णाङ्क ९ र २२ बाहेकका सबै अङ्कमा गजल प्रकाशित भएको देखिन्छ । २३ औ अङ्क गजल विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । शब्दाङ्कुरमा जम्मा २०० जना गजलका/गीतकारका २९२ वटा रचना (गीत र गजल) हरू प्रकाशित भएका छन् । जसमध्ये ३३ वटा गीत रहेका छन् भने बाँकी सबै गजलहरू रहेका छन् ।

शब्दाङ्कुरमा प्रकाशित भएका गीत गजलमा प्रेम प्रणयको प्रसङ्ग, नारी सौन्दर्यको वर्णन र प्रशंसा गर्ने विषयमा मात्र सीमित नरही सामाजिक विकृति र विसङ्गति ,विश्वासघात, गरीब नेपालीले निरीह भई बाँच्नु परेको अवस्था, मान्छेले गुमाउँदै गएको नैतिकता, बाहिर साधु जस्तो देखिए पनि भित्रि रूपमा अर्काको गला रेट्ने प्रवृत्ति, आधुनिकताको नाममा नारीहरू नाङ्गिदै गएको अवस्था, पैसा र शक्तिको आडमा एक नेपालीले अर्को नेपालीलाई अपहरण गर्ने प्रवृत्ति, शान्ति कायम गर्ने नाममा हतियार उठाई नेपाली दाजुभाइकै हत्या गर्ने प्रवृत्ति, शिक्षित युवाहरू बेरोजगार हुनुपरेको अवस्था आदिकुरालाई पनि विषयको रूपमा समेटेको पाइन्छ ।

## ४.४ शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाको विवेचना

### ४.४.१ कथाको परिचय

कथा साहित्यको एक प्रमुख विधाको रूपमा देखापर्छ । कथ् धातुमा आ प्रत्यय लागेर बनेको कथाले एक प्रकारको स्वतन्त्र साहित्यिक विधालाई बुझाउँछ । कथा अंग्रेजीको सर्ट स्टोरी बाट हिन्दीमा कहानी हुँदै नेपालीमा क्रमशः कहानी, लघुकथा, कुथुङ्ग्री र कथा भनिदैँ कथामा स्थिरता हुन पुगेको छ जसले आधुनिक कथालाई बुझउँछ ।

कथाको जन्म मानवको जन्म र भाषाको आविष्कार सँगै भएको हामीले अनुमान गर्न सकिन्छ किनकी भाषाको प्रयोग गर्न जान्ने मानवजातिले कथा कथ्न पनि जानेको हुनुपर्छ । जुनसुकै देश र मानवसमुदायमा प्रचलित भाषाहरूमा पाइने दन्त्यकथा वा लोककथालाई यसको आधार मान्न मान्न सकिन्छ । प्रारम्भमा कथाहरू मौखिक रूपमा नै जीवित थिए ।

अनुभूतिले लेख्य रूपमा प्रकट हुने अवसर पाएपछि कथाले लेख्य रूपमा प्रवेश गऱ्यो र यसले साहित्यको महत्त्वपूर्ण विधा बन्ने अवसर पाएको हो ।

नेपाली साहित्यमा कथा कसरी भित्रियो भन्ने विषयमा अनेकौं चिन्तनहरू भएका छन् । नेपाली संस्कृतिको मूलस्रोत भारती संस्कृति भएकाले यहाँ वेद पूराणका कथाको प्रचलन लोकजीवनमा प्रशस्त रहेकाले देवी देवताको विविध प्रकारका कथाले जनजीवनमा रोचक प्रभाव पार्दै ल्याएको देखिन्छ । सामान्यतया नेपाली जनमानसले कथा भन्नसाथ सत्यनारायणको कथा, स्वस्थानि ब्रतकथा, वेतालपच्चीसीको कथा, हात्तिमताइको कथा, पिनासको कथा आदिलाई बुझ्ने गर्दछन् । यी कथाहरू विधागत सचेतताका साथ लेखिएका कथाहरू नभई धार्मिक प्रचार र मनोरञ्जन दिनका लागि लेखिएका कथाहरू हुन् । यी कथाहरूले नेपाली कथाको विकास क्रममा पृष्ठभूमिको काम मात्र गरेको छन् । यी कथाहरूको यथार्थ जीवनसँग कम सम्बन्ध भएकाले ती प्रति सुरुमा जति अभिरुचि देखिइयो उति पछिपछि रुचि घट्न थाल्यो । अब कथामा यथार्थता, बास्तविकता घटना एवम् पात्रको अपेक्षा गर्न थालियो । समयको माग नै यस्तो थियो । कथाकारहरू कल्पनाकाशबाट यथार्थ धरतिमा आर्लन बाध्य भए । अब कथामा देश, काल, परिस्थितिको यथार्थ चित्रण हुन थाल्यो इतिहासमा झैँ (यात्री, २०४९ : ख) । हामी यिनलाई आधुनिक कथा भन्ने गर्दछौँ । नेपाली कथाको परम्परागत प्रवृत्तिको आधुनिकतातिर यस्तो रूपान्तरण आधुनिक कालको पहिलो चरणमा नै देखापऱ्यो । १९९१ साल देखि १९९७ का बीचमा यस प्रथम चरणमा आदर्श र परम्परागत मूल्य एवम् मान्यताको स्थितिसमेतलाई कथाको स्वरूपमा प्राप्त गर्न सकिन्छ (सुवेदी, २०५१ : ४२) ।

हाम्रा प्राचीन कथाहरूबाट आधुनिक कथाले धेरथोर सिकेको हुन सक्छ तापनि आधुनिक कथा मूलतः पश्चिमको देन हो । समालोचक रत्नध्वज जोशी भन्छन् :'कथा सुन्ने सुनाउने परम्परा नेपाली जीवनको झिसमिसे बेलादेखि चल्दै आएको अनुमान हुन्छ तापनि आधुनिक ढङ्गढाँचाको कथा लेख्ने परम्परा हामीकहाँ विदेशबाटै आएको हो, बङ्गाली र इङ्लिसको माध्यमबाट यो आयो' (अर्याल, २०५५ : ७) ।

ऐतिहासिक विकाससँगै कथाको स्वरूपमा समेत व्यापक परिवर्तन हुँदै आएकाले कथालाई एउटै सर्वसम्मत परिभाषा भित्र समेट्न सकिने स्थिति छैन तापनि कथालाई जीवन र जगतको आन्तरिक र बाह्य पक्षको कुनै क्षणविशेषको कलात्मक र पूर्ण चित्र हो भन्न सकिन्छ । अहिले कथाका क्षेत्रमा देखिएको लघु कथाको रूपलाई पनि कथा नै

मान्ने गरिएको छ । यसमा पनि आख्यान हुन्छ । लघु कथामा जीवन जगतको सानो टुक्रा वा अनुभूतिलाई प्रतीकात्मक र रहस्यात्मक रूपमा साधारण कहानीका माध्यमबाट व्यक्त गरिन्छ (न्यौपाने, २०४९ : १५२) । लघुकथामा संक्षिप्तता र साङ्केतिकता हुन्छ भने त्यसको विस्तारित रूप कथामा हुन्छ (पौडेल, २०५४ : १२० अ.प्र.एम् ए. शोधपत्र) ।

केही कथाहरूले जीवनको अलिक लामो सेरोफेरो लगाउने हुँदा ती सामान्य कथाभन्दा लामा हुन्छन् तापनि तिनलाई उपन्यासको समकक्षमा राख्न भने सकिँदैन । कथाकारले आफ्नो उद्देश्य अनुरूप कथानकको संयोजन गर्दा त्यो उपन्यासजस्तै दीर्घ आयाम बन्न सक्छ तर उपन्यास नै बन्न सक्दैन । लम्ब्याउन सकिन्छ भन्दैमा कथालाई लम्ब्याएर उपन्यास बनाउन सकिन्न औ कथा सानो आकारको हुन्छ भनेर अपर्याप्त विवृतिका टिपोटको मात्र सन्निवेश भए कथा हुन्न । कथा न छोट्याइएको उपन्यास हो, न लम्ब्याइएको कथा उपन्यास हो (बराल, २०५३ : ५३)।

कथा विधाका विकासमा पनि पत्रपत्रिकाहरूको योगदान लामो समयदेखि नै महत्त्वपूर्ण रहँदै आएको छ । यसै क्रममा शब्दाङ्कुरले कथा साहित्यमा गरेको योगदानको चर्चा गर्न सकिन्छ ।

शब्दाङ्कुरमा प्रकाशित साहित्यका विधाहरूलाई हेर्दा कविता पछिको स्थान अर्थात् दोस्रो स्थान कथा विधाले लिएको देखिन्छ । शब्दाङ्कुरका १ देअि ५० पूर्णाङ्कसम्मका सबै अङ्कमा कथाहरू प्रकाशित भएका छैनन् । १, २, ९, १३, १५, १७, २३, र ४८ अङ्कहरूमा कथाहरू प्रकाशित भएका छैनन् । स्थापित साहित्यकार भन्दा नवोदित साहित्यकारका कथाहरू बढी मात्रामा प्रकाशित भएको देखिन्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरू मध्ये लघुकथाहरू केही बढी मात्रामा प्रकाशित भएका देखिन्छन् ।

शब्दाङ्कुरमा १ देखि ५० पूर्णाङ्कसम्ममा ४४ कथाकारका ६१ कथाहरू प्रकाशित भएका छन् । यस गणनामा लघुकथालाई पनि समावेश गरिएको छ । यी ४४ कथाकारहरूमध्ये धेरैको एउटा मात्र कथा प्रकाशित छ भने केही कथाकारहरूको एक भन्दा बढी कथाहरू प्रकाशित भएका छन् । अगिव बनेपाली, जोतारे धाइवा, पीडित लक्ष्मी, वासु काफ्ले, विमल भौकाजी, रत्नमणि नेपाल आदि कथाकारका एउटा मात्र कथा प्रकाशित छ । कथाकार निमिष, विमल श्रेष्ठ, इन्द्रकुमार श्रेष्ठ, राजेन्द्र सुवेदी,

पुष्करराज भट्टका भने दुई कथाहरू प्रकाशित छन् । दुई भन्दा बढी कथा प्रकाशित गर्नेहरूमा दीपक सुवेदी, भोगेन्द्र लिङ्देन र अरुणबहादुर खत्री पर्दछन् ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूलई कथातत्त्वका आधारमा संक्षिप्त रूपमा तल विवेचना गरिएको छ :

### ४.४.२ कथावस्तु

कथावस्तु कथाको प्रधान तत्त्व हो । घटनाहरूको शृङ्खलात्मक प्रस्तुति नै कथावस्तु हो । कथामा घटनाहरू योजनाबद्ध रूपमा प्रस्तुत भएर आएका हुन्छन् । घटनाहरूलाई जोड्ने काम कथावस्तुले गर्छ । २०५८ कार्तिकदेखि मासिक रूपमा प्रकाशित शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा विशेष गरेर समसामयिक, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक विकृति र विसङ्गतिहरूलाई प्रस्तुत गरिएको छ । कथाहरूका विषयवस्तुमा विविधता देखिए तापनि प्रायः कथाहरू नेपाली जनमानसकै सेरोफेरोमा घुमेका छन् । नेपाली समाजको जर्जर, आर्थिक स्थिति, राजनीतिक तथा सामाजिक क्षेत्रमा देखिएका विकृति, अन्धविश्वास तथा रुढिपूर्ण मूल्य र मान्यताहरूका साथै दिनप्रतिदिन बढ्दै गएको पशिचमा संस्कृतिको प्रभाव आदिलाई शब्दाङ्कुरमा प्रकाशित कथाहरूले विषय बनाएका छन् । केही कथाहरू व्यङग्यात्मक शैलीमा लेखिएका छन् भने केही कथाहरू सूत्रात्मक शैलीमा लेखिएका छन् । लघुकथाले शब्दाङ्कुर पत्रिकामा पर्याप्त स्थान पाएको छ ।

आजको मान्छेले भोग्नुपरिरहेको आवश्यकता, अङ्खठ्यारा समस्याहरूलाई यस पत्रिकामा प्रकाशित कथाहरूले विषय बनाएका छन् । समाजमा घटेका र घट्न सक्ने खालका घटनाहरूलाई कथाका स्रोतका रूपमा अँगाली लेखिएका यी कथाहरूका कथावस्तु जीवनका सुखदुःख बोकेका र यथार्थ किसिमका रहेका छन् ।

नेपाली समाजमा व्याप्त गरिबी र त्यसले जन्माएको विकृति, विसङ्गति, समस्या एवम् अङ्खठ्याराहरूलाई समेटेर लेखिएका कथाहरू शब्दाङ्कुरमा प्रकाशित छन् । दिनरात पसिना बगाएर पनि दुई छाक सन्चोले खान नपाउनेहरूको व्यथादेखि लिएर गरिब निमुखाहरूको पसिनामा शोषक सामन्तीहरूले मोज गर्ने गरेका घटनाहरूलाई कथाहरूमा समेटिएको छ । गरिबीकै कारण मर्नु र बाँच्नुको दोधारमा बाँच्नेहरूको अवस्थालाई शब्दाङ्कुरका कथामा कथावस्तु बनाइएको छ । गरिबीकै कारण कैयौँ

प्रतिभाहरूको प्रतिभा मरेर गएको वर्तमान अवस्थालाई पनि यस पत्रिकामा प्रकाशित कथाहरूमा कथावस्तु बनाइएको छ । आफूमा  प्रतिभा भएर पनि त्यसको विकासको बाधक गरिबी भएको कारण कतिपय प्रतिभाले सडकमा रहन बाध्य हुनुपरेको अवस्था र दालभातको समस्यालाई समाधान गर्नपट्टि लाग्दैमा आफूमा निहित प्रतिभालाई तिलाञ्जली दिनुपर्ने विवशतालाई पनि कथावस्तु बनाएर कथाहरूको सिर्जना गर्ने काम शब्दाङ्कुरका कथाकारहरूले गरेका छन् ।

समाजमा चाकडी र चाप्लुसी गर्नेहरूको पदोन्नति हुने तर इमान्दार भई काम गर्ने कर्मचारीहरू भने पदोन्नतिमा नपुग्ने जस्तो प्रशासनिक विकृतिलाई अरुण बहादुर खत्रीको उत्प्रेरणा कथामा उजागर गरिएको छ ।

'निजामति पुरस्कार पाउनेहरूको नाम गोरखापत्रमा प्रकाशित भएको थाहा पाउनासाथ उसले आफ्नो नाम त्यहाँ खोज्न थाल्यो । उसले आफ्नो नाम त्यहाँ पाउन सकेन बरु त्यसका ठाउँमा मालपोत कार्यालयका पूर्णलक्ष्मीको नाम थियो जसका बारेमा एक महिना अगाडि मात्र समाचार छापिएको थियो कि ऊ घुस नलिई कसैको कामै गर्दिन' (शब्दाङ्कुर, पूर्णाङ्क : २६, पृ.१०) ।

स्वच्छ मूल्याङ्कन नभई नातावाद, कृपावाद, चाकडी र चाप्लुसीको भरमा मात्र नियुक्ति हुने, त्यसै गरी सरुवा, बढुवा हुने गरेको हाम्रो समाजमा व्याप्त त्यस्तो प्रशासनिक विकृतिलाई पनि यस शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा कथावस्तुको रूपमा समेटिएको छ । प्रशासनतन्त्र अर्थात् कर्मचारीतन्त्रमा बिद्यमान विकृतिहरूलाई उदाङ्गो पार्ने र नङ्ग्याउने काम पनि यस पत्रिकाका कथाकारहरूले गरेका छन् ।

नेपाली समाजमा आजसम्म पनि रहिरहेको जातीय उच्चनीचता, अन्धविश्वास, कुसंस्कार, धार्मिक आडम्बरलाई शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा कथावस्तु बनाइएको छ । कथित तल्लो जाति मानिनेहरूको आर्थिक, सामाजिक अवस्थाको चित्रण गर्नुका साथै सामाजिक अन्धविश्वास, भेदभाव र त्यसले समाजमा पारेको नकारात्मक प्रभाव एवम् धार्मिक आडम्बरलाई पनि कथामा प्रस्तुत गरिएको छ । श्याम के. महर्जनको 'परिणाम' कथाको केही अंश यहाँ प्रस्तुत गरिएको छ -

'बाजे हजुर राम्रो सँग हिड्न सक्नुहुन्न । त्यसकारण एकछिन पछिमात्र बाटो काट्नुहोला । तर बाहुनले भनिहाले अँ, अब तँजस्तो तुच्छ जातको कुरा सुनी म बाटो

नकाटूँ, हामी भनेको ठूलो जात । हाम्रो परम्परा र संस्कृतिमा सानो जातको कुरा सुन्नु र मान्नु धर्म एवम् संस्कृतिबिरुद्ध हुन्छ' (शब्दाङ्कुर, पूर्णाङ्क : २८, पृ.१४) ।

समाजमा पुरुषहरूले र समाजले नारीहरूमाथि गर्ने अन्यय, अत्याचार, शोषणलाई कथावस्तु बनाएर कथाको सिर्जना गरिएको छ । आर्थिक अभावका कारण कतिपय अवस्थामा नारी माथि यौनशोषण गरिएको घटना, सन्तान नभएको कारण देखाई पुरुषले बहुविवाह गर्ने प्रथाका साथै पुरुषबाट मात्र नभई सौताले सौता (नारीले नारीलाई) माथि गर्ने अन्याय अत्याचारका विषयलाई पनि कथामा विषयवस्तु बनाइएको छ । उषा घिमिरे 'पृथक'को 'अस्तित्वहीन सपना' कथाको केही अंशलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन जान्छ -

'यता विवाह भएको पाँच वर्ष बित्दा पनि सपनाबाट कुनै सन्तान नजन्मिएपछि समाजको गाइँगुइँले जीवन छटपटिन थाल्यो । गाउँलेहरूले नानाथरी भनेपछि सहन नसकेर विवाहपूर्व खाएको सँगै मर्ने सँगै बाँच्ने कसम सहजै तोडेर उसले नवदुलही भित्र्यायो वर्ष नबित्दै कान्छीबाट छोरो जन्मिएपछि सपनाले सौताका अनेक झम्टा खानुपऱ्यो' (शब्दाङ्कुर, पूर्णाङ्क : २३, पृ.१०) ।

यसरी समाजमा व्याप्त विविध विकृति र विसङ्गतिहरूलाई विषयवस्तु बनाएर सिर्जना गरिएका प्रमुख कथाहरूमा विमल श्रेष्ठको व्यवहार, सुमित्रा बाङ्देल 'चेली'को प्रतिप्रश्न,अगिव बनेपालीको समाधान, श्याम के. महर्जनको परिणाम अरुणबहादुर खत्रीको उत्प्रेरणा, दिनमान गुर्मछान 'दिगु'को दायित्व, हरिप्रसाद भण्डारीको खा देवे खा, अच्युत घिमिरेको प्रतिभाको मृत्यु, रामविक्रम थापाको स्रोतहीन सम्पत्ति सुशिल कुमारको दोषी को ?,अर्जुन प्रसाद दाहालको सूत्रकथा, निमिषको यो नाटक होइन गोविन्द घिमिरेको मौलिकता, सुवर्ण कर्माचार्यको प्रवृत्ति,राजेन्द्र सुवेदीको नैतिकता आदि रहेका छन् ।

माओवादीले जनयुद्धको घोषणा गरेपछि सरकारी पक्ष र विद्रोही पक्ष बीच सङ्घर्ष हुँदा नेपाली जनताले भोग्नु परेका पीडालाई पनि शब्दाङ्कुरका कथाहरूले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । नेताको भाषण नारा र कागजमा मात्र सीमित रहेको र देशमा झन-झन गरिबी बढ्दै गएको, नेताहरू भ्रष्टाचार, नातावाद कृपावादमा डुबेका कारण गृहयुद्ध प्रारम्भ भएको र गृहयुद्धका कारण सर्वसाधारण जनताले कष्टमय जीवन

बिताउनु परेको अवस्थाको चित्रण पनि कथाहरूमा कथावस्तुका रूपमा आएका छन् । प्रजातन्त्रको प्राप्ति पछि नेपाली जनताले राजनीतिक दलबाट जुन किसिमको अपेक्षा, आशा राखेका थिए त्यो आशा निराशामा परिणत भएको तितो यथार्थलाई पनि कथाले समेटेको छ । शोषित-पीडित, पिछडिएका र गरिब जनतामाथि भएको अन्याय र अत्याचारका बिरुद्ध आवाज उठाउँदा त्यस्ता व्यक्तिलाई राज्यद्वारा बेपत्ता पारिएको घटनालाई पनि कथाले छोएका छन् । कथाकार जोतारे धाइवाको 'अन्योल' कथाका केही पंक्तिलाई यसरी देखाइएको छ :

'उसप्रति चनाखो नजर राख्ने कार्यमा पनि अधिकारी वर्गले कडिकडाऊ नीति भित्रभित्रै बनाए । अन्ततः पूर्णवीरलाई साज्यसत्ताले पक्राउ गरी अज्ञात स्थलमा लगेर बेपत्ता पारेको खबरले गाउँ सहर पूरै ततायो' (शब्दाङ्कुर, पूर्णाङ्क : ३२, पृ.१३) ।

शिक्षा क्षेत्रमा देखा परेका अराजकता, अनैतिकतालाई पनि कथाले विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । उच्चशिक्षा हासिल गरे पनि त्यसको कुनै मूल्य नभएको शिक्षित बेरोजगार युवा उत्पादन गर्ने यन्त्रका रूपमा विश्वविद्यालय स्थापित हुँदै आएका छन् । विद्यालय, विश्वविद्यालयमा राजनीतिका नाममा दिनहूँ जसो हुने गरेको अनैतिक क्रियकलापलाई पनि कथावस्तुका रूपमा शब्दाङ्कुरका कथाहरूमा समेटिएका छन् । विद्यालय ज्ञान आर्जन गर्ने एउटा घर भए पनि वर्तमानमा यसले रणसङ्ग्राम स्थलका रूपमा आफूलाई उभ्याउन सफल भैसकेको छ । विद्यालय, विश्वविद्यालयमा भवन निर्माण स्थलमा झैँ प्रशस्त ढुङ्गा, इँटा र काठका टुक्राहरू थुपारिएका भेटिन्छन् । विद्यार्थीका लागि यी सामग्रीहरू खेलौनाका रूपमा प्रयोग गरिरहेको कुरालाई साधना प्रतीक्षाको 'परिचय' कथाले यसरी प्रस्तुत गरेको छ -

'भ्रममा नपर्नुहोला, यो कुनै भवन निर्माण वा विमानस्थल हो भनेर । यी ढुङ्गा, इँटा, काठका टुक्रा, सिसा आदि खेलौना हुन् । हरेक दिन यहाँ प्रतिस्पर्धाको खेल हुन्छ, यिनै सामग्री अनि लट्ठी र गोलीका बीच' (शब्दाङ्कुर, पूर्णाङ्क : ४७, पृ.१८) ।

विद्यालय जाँदै नगई कक्षा पास गरेको प्रमाणपत्र दिने प्रवृत्ति आज समाजमा व्याप्त छ । शिक्षकले स्कुलमा आफैँले पढाउने विद्यार्थीमाथि विविध बहानामा यौन शोषण गर्ने गरेका घटना पनि कथावस्तुका रूपमा आएका छन् ।

नेताहरू सत्ता र कुर्सीमा आफू नपुगुञ्जेल सन्त साधुको रूपमा प्रस्तुत हुँदै सबैमाथि समान व्यवहार गर्न खोज्ने तर जब सत्ता र कुर्सीमाथि आफू पुगिन्छ त्यसपछि हिंस्रक रूपमा प्रस्तुत भई अगिपछिका केही कुरा पनि नसम्झने प्रवृत्तिलाई पनि कथाले आफ्नो विषय बनाएका छन् । यस्ता कथा सिर्जना गर्ने प्रमुख कथाकार र कथाहरूमा साधना प्रतिक्षाको परिचय, भोगेन्द्र लिङ्देनको अन्तिम इच्छा, विदुर चालिसेको आत्मग्लानी इन्द्रकुमार श्रेष्ठको विकृति, पुष्करराज भट्टको यात्रा, चिरञ्जीवि दहालको सानेको मृत्यु, पीडित लक्ष्मीको कालो चस्मा, दीपक सुवेदीको कथा, घमिरे युवराजको प्रदुषण, राजेन्द्र सुवेदीको सर्वगुण सम्पन्न सम्राट, दीपक प्रसाद नेपालको विष्णुमती बगिरहेकै थियो, आदि रहेका छन् ।

आन्दोलनका नाममा देश बन्द गर्दा जनताले भोग्नु परेको पीडा, शक्ति र पैसा हुनेले जतिसुकै ठूलो गल्ती गरे पनि सजाय भोग्नु नपर्ने, न्यायालय पनि पैसामा विकेको अवस्थालाई पनि कथावस्तुका रूपमा शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथामा आएका छन् । घुस नलिई जनताको कुनै पनि काम नगर्ने भ्रष्टचारी र घुसखोरीको चित्रणका साथै प्रेममा भएका धोको, विश्वासघातका कारण लागेको चोट, आँसु एवम् प्रेमको निरन्तरतालाई पनि विषयवस्तु बनाएर कथाहरू सिर्जना भएका छन् । यस्ता प्रवृत्तिका कथाकार र कथाहरूमा दीपक सुवेदीको आन्दोलन, विमल श्रेष्ठको बानी, गोबिन्द बरालको न्याय,लुमडी आचार्यको सयकडा बीस, रामहरि ढकालको मानसिकता, रत्नमणि नेपालको सोध्न बाँकी छ, सरिता कार्कीको सङ्गत, सोमनाथ दाहालको कथा एउटा मान्छेको, अरुणबहादुर खत्रीको दोष, निशा थापा प्राप्तिको सम्झना आदि रहेका छन् ।

### ४.४.३ पात्र वा चरित्र

कथाका विभिन्न तत्त्वहरूमध्ये पात्र वा चरित्र पनि एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा देखापर्छ । कथामा भएका घटनाहरूलाई अगाडि बढाउने काम पात्रले गर्दछन् । कथामा प्रत्यक्ष वा परोक्ष रूपमा आएका मानव वा मानवेतर पात्रको उपस्थिति नै चरित्र हो । कथामा प्रयोग भएका पात्रहरूका क्रियाकलापका आधारमा प्रमुख सहायक, गतिशील स्थिर, बहिर्मुखी अन्तर्मुखी, उच्च, मध्यम र निम्न कुन किसिमका छन् भनी छुटयाइन्छ ।

शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा प्रमुख र सहायक दुवै किसिमका पात्रहरूको प्रयोग भएको देखिन्छ । कथामा मूल कथानकसँग सम्बन्धित मुख्य पात्रलाई नै प्रमुख पात्र भनिन्छ । यस्ता प्रमुख पात्रमा नायक, नायिका, खलनायक र मूल कथामा केन्द्रीय भूमिका भएका अन्य कुनै पनि पात्र आउन सक्छन् । यस पत्रिकामा प्रकाशित कथाहरूमा प्रयोग भएका केही प्रमुख पात्रमा चिरञ्जीवी दहाल जीवनको 'सानेको मृत्यु' कथाको साने, विजया स्मृतिको फनक्क फर्क्यो कथाको रामे, जोतारे धाइवाको अन्योल कथाको पूर्णवीर, अरुणबहादुर खत्रीको 'उत्प्रेरण' कथाको अर्जुनबहादुर, सोमनाथ दाहालको 'कथा एउटा मान्छेको' कथाको ऊ पात्र, हरिप्रसाद भण्डारीको 'खा देवे खा' कथाको देवीराम पाध्या आदि देखिन्छन् । त्यसै गरी कथामा नायकलाई सहयोग गर्न आउने र प्रसङ्ग अनुसार बीच-बीचमा आएर मूल कथावस्तुलाई गतिशीलता दिने पात्र नै सहायक पात्र हुन्छन् । शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा प्रयोग भएका केही सहायक पात्रहरूमा विदुर चालिसेको आत्मग्लानी कथाको दोकान्दार, रनबहादुर, सरिता कार्कीको 'सङ्गत' कथाको सौरभको बुबा, विनयकुमार महर्जनको 'हँ....।' कथाको दिनेश, निमिषको 'सुभद्राको चोलो' कथाकी सावित्री, रत्नमणी नेपालको 'सोध्न बाँकी छ' कथाकी केटी, छोरी, छोरो आदि रहेका छन् ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा गतिशील र स्थिर दुवै किसिमका पात्रहरूको प्रयोग भएको छ । गतिशील चरित्रको कथाभरी सक्रिय भूमिका रहेको हुन्छ । कथामा घट्ने घटनाहरूका आधारमा उनीहरूको कार्यव्यापारमा परिर्वन हुने गर्छ । यसैले गतिशीलता वा परिवर्तनशीलता यस्ता पात्रको स्वभाव हुन्छ । शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा प्रयोग भएका केही गतिशील पात्रहरूमा पवित्रा राईको 'गल्ती महसुस गर्नु बुद्धिमानी हो' कथाको प्रदीप, पुष्करराज भट्टको 'यात्रा' कथाको धनीराम, विदुर चालिसेको 'आत्मग्लानी' कथाको माइला, हरिप्रसाद भण्डरीको 'खा देवे खा' कथाको देवीराम पाध्ये आदि रहेका छन् । त्यसै गरी शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा स्थिर पात्रको पनि उपस्थित रहेको देखिन्छ । जुन पात्रको कथामा घटित घटना वा क्रियाकलापमा कुनै भूमिका रहँदैन त्यस्ता पात्रलाई स्थिर पात्र भनिन्छ । कथामा घट्ने घटना वा क्रियाकलापले उनीहरूलाई कुनै प्रभाव पर्दैन । यस्ता पात्रहरू गतिहीन, निष्क्रिय हुन्छन् र यिनीहरूमा कुनै परिवर्तन देखिँदैनन् । त्यसैले यस्ता

पात्रलाई स्थिर पात्र भनिएको हो । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा देखापरेका केही स्थिर पात्रहरूमा विजया स्मृतिको 'फनक्क फर्क्यो' कथाको रामे, श्याम के. महर्जनको 'छेपारो' कथाको सुशान्त, गोबिन्द कुइकेल 'अपजसी'को नरे कथाको नरे', अच्युत घिमिरेको 'सन्तुष्टिको सुस्केरा' कथाको बुढीआमै आदि रहेका छन् ।

शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा अन्तर्मुखी र बहिर्मुखी दुबै किसिमको स्वभाव भएका चरित्रहरूको प्रयोग भएको देखिन्छ । जीवनलाई आफ्नै रचनामा ढाल्ने, सांसारिक क्रियाकलापदेखि आफूलाई टाढा राख्ने, आफ्ना मनका कुरा खुलस्त गर्न नसक्ने किसिमका पात्रहरू अन्तर्मुखी हुन् । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा प्रयोग भएका केही अन्तर्मुखी पात्रहरूमा रत्नमणी नेपालको 'सोध्न बाँकी छ' कथाको जीवन, रामविक्रम थापाको 'स्रोतहीन सम्पत्ति' कथाकी सुन्दरी आदि रहेका छन् ।

शब्दाङ्कुरका कथाहरूमा बहिर्मुखी प्रवृत्तिका पात्रहरूको पनि चित्रण गरिएको पाइन्छ । बाहिरी सम्पर्कमा आउने र आफ्ना कार्यव्यापारबाट जातीय सन्दर्भ, सांस्कृतिक परम्परा, आर्थिक अवस्था र सामाजिक दायित्वमाथि प्रकाश पार्ने खालका पात्रहरू बहिर्मुखी पात्रहरू हुन् । शब्दाङ्कुरका कथाभित्र रहेका केही बहिर्मुखी पात्रहरूमा हरिप्रसाद भण्डारीको 'खा देवे खा' कथाकी पाध्येनी बज्यै, इन्द्रकुमार श्रेष्ठको 'विकृति' कथाको मनोहर, गोपाल, अरुणबहादुर खत्रीको 'दोष' कथाको बेदबहादुर, श्याम के. महर्जनको 'परिणाम' कथाको पुरोहित आदि रहेका छन् ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा प्रयोग गरिएका पात्रहरूलाई वर्गीय दृष्टिकोणबाट हेर्दा उच्च, मध्यम र निम्न तिनै वर्गको प्रतिनिधित्व गर्ने पात्रहरू पाउन सकिन्छ । आर्थिक अवस्थाका आधारमा हेर्दा देखिने उच्च वर्गीय पात्रहरूमा विजया स्मृतिको 'फनक्क फर्क्यो' कथाकी मालिक्नी, अरुणबहादुर खत्रीको 'सोचाइ' कथाकी रमा, राजेन्द्र सुवेदीको 'सर्वगुणसम्पन्न सम्राट' कथाको सम्राट आदि रहेका छन् । त्यसै गरी यस पत्रिकामा प्रकाशित कथाहरूमा प्रयोग भएका केही मध्यम वर्गीय पात्रहरूमा रत्नमणी नेपालको 'सोध्न बाँकी छ' कथाको कृष्ण,साधना प्रतिक्षाको 'परिचय' कथाकी म, निमिषको 'सुभद्राको चोलो' कथाकी सुभद्रा, रामहरि ढकालको 'मानसिकता' कथाको गोविन्द, विदुर चालिसेको 'आत्मग्लानी' कथाको रनबहादुर आदि रहेका छन् ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित भएका कथाहरूमा निम्न वर्गको भूमिकामा देखिएका पात्रहरूमा विजया स्मृतिको 'फनक्क फर्क्यो' कथाको रामे, पीडित लक्ष्मीको 'कालो चस्मा' कथाकी चमेली, अरुणबहादुर खत्रीको 'धुर्त्याईं' कथाको अधबैँसे मानिस, अच्युत घिमिरेको 'सन्तुष्टिको सुस्केरा' कथाकी बुढी, विमल श्रेष्ठको 'व्यवहार' कथाको दमाइकी छोरी, भोगेन्द्र लिङदेनको 'चोटिल स्वाभिमान' कथाको भिखारी आदि रहेका छन् ।

### ४.४.४ उद्देश्य

उद्देश्य पनि कथाको अन्य तत्त्वहरूभैँ एक  महत्त्व पूर्ण तत्त्व हो । मानिसले विनाउद्देश्य कुनै पनि काम गरेको हुँदैन । त्यसैगरी कथाकारले पनि कथा सिर्जना गर्दा कुनै एक वा एकभन्दा बढी उद्देश्य राखेको हुन्छ । जीवनमा भोगेको अनुभव र अनुभूतिहरूलाई कृतिका माध्यमबाट प्रस्तुत गर्ने उद्देश्य कथाकारले राखेको हुन्छ । कथाका माध्यमबाट कथाकारले जीवनसम्बन्धी आफ्ना धारणाहरू अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा प्रकट गरेका छन् । शब्दाङ्कुरका कथाकारहरूले पनि जीवनसम्बन्धी विभिन्न धारणालाई प्रस्तुत गर्ने र वर्तमान समाजमा व्याप्त विविध विकृति र विसङ्गति उदाङ्गो पार्ने उद्देश्यले कथाहरू सिर्जना गरेको देखिन्छ ।

समाजमा व्याप्त गरिबी, आर्थिक विषमता र त्यसबाट सृजित समस्याहरू देखाउने उद्देश्यले सिर्जना गरिएका थुप्रै कथा शब्दाङ्कुरमा प्रकाशित भएका छन् । त्यस्ता कथाकार र कथाहरूमा अगिव वनेपालीको समाधान,अच्युत घिमिरेको सन्तुष्टिको सुस्केरा,रामविक्रम थापाको स्रोतहीन सम्पत्ति अरुणबहादुर खत्रीको धुर्त्याईं, सुमित्रा बाङ्देल चेलीको प्रतिप्रश्न, आदि रहेका छन् ।

हरेक क्षेत्रमा भ्रष्टाचार व्याप्त छन् । जसले भ्रष्टाचार गऱ्यो त्यो महान हुने, सम्मान पाउने अनि जसले भ्रष्टाचार नगरी इमान्दार भई काम गऱ्यो त्यो अपमानित हुने, दण्डको भागिदार बन्नुपर्ने अवस्था छ । पैसा र शक्ति हुनेले मात्र बाँच्न सक्ने पैसा र शक्ति नभएका मानिस समाजमा बाँच्न नसक्ने अवस्था, अधिकारका लागि लड्दा विचल्ली भएका परिवार, विहान हिँड्दा बेलुका नफर्कने स्थितिको चित्रण कथामा रहेका छन् । वर्तमान अवस्थामा देखिएका यिनै विविध राजनीतिक विकृति र विसङ्गतिलाई देखाउने उद्देश्यले लेखिएका कथाहरू शब्दाङ्कुरमा प्रकाशित छन् । त्यस्ता कथाहकरूमा

विमल श्रेष्ठको बानी, श्री ओम रोदनको आयोग, गोविन्द बरालको न्याय,चिरञ्जीवी दहालको सानेको मृत्यु, अरुणबहादुर खत्रीको दोष, इन्द्रकुमार श्रेष्ठको दोषी निर्दोषी, लुमडी आचार्यको सयकडा बीस, विदुर चालिसेको आत्मग्लानी,पिडीत लक्ष्मीको कालो चस्मा आदि रहेका छन् ।

धार्मिक, सांस्कृतिक कुसंस्कारका साथै शिक्षामा देखिएको विकृति र विसङ्गतिलाई देखाउने उद्देश्यले पनि कथाहरू शब्दाङ्कुरमा प्रकाशित भएका छन् । यस्ता कथाहरूमा  विमल श्रेष्ठको व्यवहार,श्याम के महर्जनको परिणाम, इन्द्रकुमार श्रेष्ठको विकृति, हरिप्रसाद भण्डारीको खा देवे खा,दीपक सुवेदीको कथा, साधना प्रतिक्षाको परिचय, गोविन्द घिमिरेको मौलिकता आदि रहेका छन् ।

व्यक्तिमा भएको प्रतिभाले उचित अवसर नपाए त्यो पलाएन हुन सक्छ भन्ने देखाउने उद्देश्यले पनि कथाहरू सिर्जना भएका छन् । यसैगरी माया प्रेमबाट पाएको धोका, विश्वासघातका कारण त्यसबाट सृजना हुने परिणामलाई देखाउने उद्देश्यले लेखिएका कथाहरू पनि शब्दाङ्कुरमा प्रकाशित छन् । यस्ता कथाहरूमा उषा घिमिरे 'पृथक'को अस्तित्वहीन सपना, अच्युत घिमिरेको प्रतिभाको मृत्यु,श्याम के महर्जनको छेपारो, रत्नमणि नेपालको सोध्न बाँकी छ, निशा थापा प्राप्तिको सम्झना, रामहरी ढकालको मानसिकता आदि रहेका छन् ।

### ४.४.५ दृष्टिबिन्दु

कथामा दृष्टिविन्दुको  महत्त्व पूर्ण स्थान रहेको हुन्छ । कथामा कुन पात्रको केन्द्रीय भूमिका छ अथवा कुन पात्रलाई मुख्य केन्द्र बनाएर सम्पूर्ण कथा भनिएको छ र कथानकसँग त्यस पात्रको कस्तो सम्बन्ध गाँसिएको छ त्यसै आधारमा नै कथाको दृष्टिबिन्दु छुट्याइन्छ । अर्थात् कथामा म वा त्यो पात्रको निर्णायक वा प्रमुख भूमिका हुन्छ । म पात्र भएमा प्रथम पुरुष र त्यो पात्र भएमा तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएका कथाहरूमा साधना प्रतिक्षाको परिचय, निशा थापा प्राप्तिको सम्झना, अच्युत घिमिरेको सन्तुष्टिको सुस्केरा, विनय कुमार महर्जनको .....हँ !, ईश्वरमान राईको उपचार, भोगेन्द्र लिङदेनको   महेश सर ! एउटा कथा...,आदि रहेका छन् ।

शब्दाङ्कुर पत्रिकामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरि लेखिएका कथाहरूमा रामहरि ढकालको मानसिकता, विदुर चालिसेको आत्मग्लानी, हरिप्रसासाद भण्डारीको खा देवे खा, पीडित लक्ष्मीको कालो चस्मा, अरुणबहादुर खत्रीको उत्प्रेरणा, निमिषको सुभद्राको चोलो, विजया स्मृतिको फनक्क फर्क्यो आदि रहेका छन् ।

### ४.४.६ भाषाशैली

विचारलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो र भाषाालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा, तरिका वा पद्धति नै शैली हो । आफ्नो जीवनमा घटेको घटना वा अनुभूतिलाई रचनाकारले सिर्जनाका रूपमा भाषाका माध्यमबाटै प्रस्तुत गरिने साहित्यिक विधा भएकाले भाषाशैली कथाको  महत्त्व पूर्ण तत्त्व हो । कुनै पनि कथाकृतिहरूमा प्रयोग गरिएको भाषाशैली प्रचलित र परम्परागत हुन्छ भने कुनै नयाँ-नयाँ र विचित्र हुने गर्छ । कथाकारले आफूमा छुट्टै मौलिकता र नौलोपन देखाउन परम्पराभन्दा भिन्न र नयाँ नयाँ भाषाशैलीको प्रयोग गर्ने गर्छ तर त्यो पाठकका लागि भने दुर्बोध्य हुने गर्छ । प्रचलित र परम्परागत भाषाशैलीको प्रयोग गरेर लेखिएका रचनाहरू भने पाठकका लागि सरल र सहज हुने गर्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरूमा पनि भाषाशैलीका दृष्टिकोणले अधिकांश कथा सरल र सुबोध्य रहेका छन् । शब्दाङ्कुरमा प्रकाशित अधिकांश कथाहरूमा सामान्य पाठकका लागि हुने सरल र सहज भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । केही कथा भने बौद्धिक पाठकका लागि सरल भए पनि सामान्य पाठकका लागि जटिल र दुर्बोध्य भएको पनि पाइन्छ । यस पत्रिकामा प्रकाशित कथाहरूमा जटिल दुर्बोध्य भाषाशैलीलाई अँगाली लेखिएका प्रमुख कथाहरूमा निमिषको ‘यो नाटक होइन’ र विमल भौकाजीको ‘यस्तो एउटा परम्परा’ रहेका छन् । यी कथाहरूमा प्रयोग भएका शब्द, शब्दावली एवम् वाक्य सरल भन्दा बढी मिश्रित किसिमका रहेका छन् । यी कथाको भाषाशैली कथा पढेर सजिलै ग्रहण गरी विषयवस्तुलाई बुझ्न केही अप्ठ्यारो किसिमका छन् ।

शब्दाङ्कुरमा प्रकाशित केही कथा बाहेक अधिकांश कथाहरू सरल र सुबोध्य किसिमका छन् । नेपाली गाउँले र शहरिया परिवेशमा प्रयोग हुने अत्यन्त साधारण नेपाली भाषाका शब्द तथा वाक्यहरूको प्रयोग भएको छ । बौद्धिक पाठकको चाहना अपेक्षा नगर्ने यी कथाहरूमा प्रयुक्त भाषा एकपटकको सरसर्ती अध्ययनबाट नै सजिलै

बुझ्न सकिने किसिमको छ । आम नागरिकहरूको साझा चाहना, साझा प्रचलित शब्द, शब्दावली र वाक्यगठनका माध्यमद्वारा अभिव्यक्त गरिएकाले यस पत्रिकाका कथाहरू सरल, स्पष्ट र सुबोध किसिमका रहेका छन् ।

यसरी शब्दाङ्कुरमा प्रकाशित कथाहरूमा सरल र जटिल दुबै किसिमको भाषाशैलीको प्रयोग भए तापनि सरल, सहज र सामान्य पाठकले पनि पढ्न सक्ने भाषाशैलीको प्रयोग अधिकांश कथामा भएको छ ।

समग्रमा भन्नुपर्दा शब्दाङ्कुरमा प्रकाशित कथाहरूको प्रमुख कार्यपीठिका नेपाली समाज नै रहेको छ । समाजमा देखा परेका राजनैतिक, आर्थिक, सांस्कृतिक आदि विविध विकृति विसङ्गति र युगीन जनजीवनसँग सम्बन्धित विविन्न किसिमका कथाहरू प्रकाशित गरी शब्दाङ्कुर पत्रिकाले नेपाली साहित्यमा कथा विधाको विकासमा ठूलो र  महत्त्व पूर्ण योगदान पुऱ्याएको छ ।

### ४.४.७ विचारतत्त्व

कथाको सारवस्तु नै विचारतत्त्व हो । कथा पढिसकेपछि समग्रमा हामीले त्यसबाट थाहा पाउने अभिप्राय वा भावार्थ नै विचारतत्त्व हो । शब्दाङ्कुर पत्रिकामा प्रकाशित कथाहरू फरक-फरक विचारमा आधारित भएका छन् ।

राजनीतिक नेताहरूको अदूरदर्शिता र गैर जिम्मेवारीपनले गर्दा आज सङ्कट भोग्नु परिरहेको छ । भ्रष्टाचार र घुसखोरीले गर्दा व्यक्ति माथि उठे पनि राष्ट्र भने झन् दुब्लाउँदै गएको छ । पैसा र शक्ति भएमा जसले जे गरे पनि हुने अवस्था आज देशमा छ । हत्या, हिंसा र आतङ्कको छायामुनि नेपाली जनता बाँच्न बाध्य र विवस छन् । तसर्थ शान्ति स्थापना गर्दै राष्ट्रमा असल शासन कायम गरी सबैले डर, त्रास मुक्त जीवन यापन गर्न पाउनु पर्छ भन्ने कुरालाई शब्दाङ्कुरका कथाले विचारका रूपमा प्रस्तुत गरेका छन् । भाषा, संस्कृति र रीतिरिवाज भनेको नेपालीको पहिचान हो । आधुनिक र सभ्य बन्ने नाममा आफ्नो संस्कृतिलाई विर्सिएर विदेशी संस्कृति आत्मसात गर्दा हाम्रो पहिचान नै गुम्न सक्छ भन्ने विचारलाई पनि शब्दाङ्कुरका केही कथाले उठाएका छन् । शिक्षा विकासको मूल आधार हो । तर पनि सबै नेपाली (नारी पुरुष) ले समान रूपमा शिक्षा प्राप्त गर्न सकेका छैनन् । विकासका लागि सबैमा समान शिक्षाको आवश्यकता हुन्छ । शिक्षा र चेतनाको अभावमा आज नारीहरू कुटिनु,

बेचिनुका साथै शोषित र पीडित भई बाँचेका छन् । विद्यालय राजनीति गर्ने प्रमुख स्थानका रूपमा परिणत हुँदै गएको छ । राजनीति गर्ने नाममा विद्यार्थीबीच दिनहु जसो झै-झगडा र कुटपिट हुने गरेको छ । यस्तो अवस्थामा विद्यालय, विश्वविद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थीले भोलिका दिनमा देशलाई कहाँ पुऱ्याउलान् ? विद्यार्थीहरूले आफ्नो कर्तव्य र उद्देश्यलाई भुल्दै गएको कुरालाई पनि शब्दाङ्कुरका कथामा विचारका रूपमा प्रस्तुत गरिएका छन् ।

## ४.५ शब्दाङ्कुर पत्रिकामा प्रकाशित निबन्धहरूको विवेचना

### ४.५.१ निबन्ध को परिचय

कुनै विषयलाई रचनाकारले आफ्ना अनुभूति वा विचारहरूले रङ्ग्याएर स्वतन्त्र रूपमा अभिव्यक्त गर्दछ भने त्यसलाई निबन्ध भनिन्छ । निबन्धमा लेखकले सीमित घेराभित्र आबद्ध रही आफ्ना असीमित विचारहरूलाई व्यक्त गर्ने गर्दछ । निबन्ध लघु आयामको सङ्क्षिप्त गद्य  साहित्यिक विधा हो । जुनसुकै विषयमा लेख्न सकिने निबन्ध सुगठित र कसिलो हुनुपर्छ । निबन्धमा लेखकका निजी चिन्तन र विचारहरू जतासुकै छरिएका हुन्छन् । लेखकले आफ्ना अनुभूतिहरू पोख्ने स्वतन्त्रता निबन्धमा पाए पनि छिरोलिएको चिन्तनभित्र पनि अन्तः सम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ यसको विशेषता हो (शर्मा, २३०६३:६) ।

साहित्यका विभिन्न विधामध्ये निबन्ध विधा कान्छो विधाका रूपमा लिइन्छ । निबन्ध अन्य विधा भन्दा पछि मात्र विकसित भएको विधा मानिन्छ । गद्यको अभिव्यक्ति क्षमता सबल हुँदा हुँदै पनि सृजित वस्तुको प्रकाशन वितरण, संरक्षण र सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध विधाको सृजना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध कनिष्टतम विधा हो यसको परिणामस्वरूप नेपाली निबन्ध पनि सृजनाविधिको कान्छो भाइको रूपमा देखापरेको छ (सुवेदी, २०५१) । पश्चिममा सत्रौं शताब्दीको आरम्भसँगै निबन्धको पहिचान गर्दै यसको स्वरूपबारे चर्चा गर्न थालिएको हो । सन् १५८० तिर मोन्तेनले आफ्ना रचनाहरूबारे टिप्पणी गर्दै निजात्मक लेखनबारे चिनारी दिने प्रयास गरेकाले उनलाई नै निबन्धबारे सर्वप्रथम टिप्पणी गर्ने व्यक्ति मानिएको छ । त्यसपछि फ्रान्सिस वेकन, डा. जोन्सन, जर्ज क्रयाव, रिचर्डसन, सेट व्युभ, अलेक्जेण्डर स्मिथ , ह्युवाकर, रवर्ट

लिण्ड जे.वी. प्रिण्ट आदिले पश्चिममा निबन्धलाई परिभाषित गर्ने काम गरे । पछि यो क्रम १९ औँ शताब्दीमा बङ्गला साहित्य हुँदै भारतवर्षमा प्रवेश गर्‍यो । यसपछि नेपालीमा पनि निबन्ध सृजना गर्ने र निबन्धलाई परिभाषित गर्ने प्रचलन देखापर्‍यो । लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, बालकृष्ण पोखरेल, रामलाल अधिकारी जस्ता स्रष्टाले आ-आफ्नै किसिमले निबन्धको परिभाषा दिए ।

यसमध्ये लक्ष्मीप्रसाद देवकोटाको कथन छ - यो टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमन बेदान्त । यसमा ठरोपना हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर ओर्लिन्छ । चुरोट खाँदै साथी भाइसँग चुट्किलो जेहेन देखाउने ताश गन्जिफा गफ जस्तो यो प्रबन्ध हलुका क्षणको शृङ्गार हो (देवकोटा, २०४७, भूमिका) । निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई वर्गमा छुट्याउने गरिन्छ । आत्मपरक निबन्ध बढी रागात्मक हुन्छ र यसले आत्मप्रतिपादनमा जोड दिन्छ भने वस्तुपरक निबन्ध विषयप्रधान हुन्छ र यसले वस्तुको प्रतिपादनमा जोड दिन्छ । यही फरकका आधारमा आत्मपरक निबन्धलाई निबन्ध र वस्तुपरक निबन्धलाई प्रबन्ध भन्ने गरिएको छ । निजात्मक निबन्धलाई साहित्यिक तथा परात्मक निबन्ध (प्रबन्ध) लाई असाहित्यिक पनि भनिन्छ (बराल, २०४६: ४१) । पूर्व र पश्चिमका धेरैजसो टिप्पणीकारहरूले यस वर्गीकरणलाई स्वीकारेका छन् र आत्मपरक रचना नै वास्तविक निबन्ध हो भन्ने कुरामा जोड दिएका  छन् । देवकोटाले भने निबन्ध र प्रबन्धमा यस्तो भेद मानेका छैनन । उनले आफ्ना आत्मपरक रचनालाई पनि प्रबन्ध भनेका छन् । वास्तवमा निबन्ध र प्रबन्ध दुवै तत्सम शब्द हुन् । प्राचीन समयमा यी दुवै एउटै अर्थमा प्रयोग हुन्थे । व्यवहारमा निबन्ध प्रबन्धलाई पर्यायवाचक शब्दकै रूपमा प्रयोग गर्ने चलन देखिएको छ (उपाध्याय, २०६७, १६३) ।

निबन्धलाई सबैभन्दा पहिले निबन्ध र प्रबन्ध गरी दुई समूहमा छुट्याउने गरिए पनि शैली, प्रस्तुति, उद्देश्य आदिका विविधताले गर्दा यसका विभिन्न रूप र उपरूपहरू देखापरेका छन् । विवरणात्मक निबन्ध, विश्लेषणात्मक निबन्ध, नियात्रा (यात्रा निबन्ध), हास्य व्यङ्ग्य निबन्ध आदि नेपाली निबन्धका क्षेत्रमा देखिएका रूप उपरूपहरू हुन् । यसबाट नेपाली साहित्यमा निबन्ध विधाले व्यापकता पाउँदै आएको कुराको पनि पुष्टि हुन्छ र निबन्ध विधाको यसै व्यापकताका सन्दर्भमा शब्दाङ्कुर पत्रिकाले यसको

विकासको निम्ति दिएको योगदानको चर्चा गर्नु सान्दर्भिक हुन आउँछ ।

नेपाली साहित्यको कविता र कथा विधामा जस्तै निबन्ध विधामा पनि शब्दाङ्कुरको उल्लेख्य योगदान देखापर्छ । शब्दाङ्कुर पत्रिकामा कविता, कथा र समीक्षा पछिको चौथो स्थान निबन्धले ओगटेको देखिन्छ । शब्दाङ्कुरको पूर्णाङ्क १ देखि ५० सम्ममा २३ निबन्धकारका २५ वटा निबन्धहरू प्रकाशित भएका छन् । शब्दाङ्कुरका सबै अङ्कुरहरूमा नियमित रूपमा निबन्धहरू प्रकाशित भएका देखिदैनन् । लेख/विशेष लेख, समाचार निबन्ध, यात्रा संस्मरण (निबन्ध, व्यङ्ग्य निबन्ध, आदिका माध्यमबाट पनि शब्दाङ्कुरमा विभिन्न लेख निबन्धहरू प्रकाशित गरिएका छन् । यी शीर्षक अन्तर्गत निबन्धको विधागत आयामभित्र राख्न नसकिने सामान्य लेखकहरू पनि समावेश गरिएका छन् ।

शब्दाङ्कुरमा प्रकाशित निबन्धहरूमा अधिकांशत नबोदित प्रतिभाका रचनाहरूले स्थान पाएका छन् । तुलसी विवस, राजेन्द्र सुवेदी जस्ता केही स्थापित लेखकका निबन्धहरू प्रकाशित छन् भने रामकुमार श्रेष्ठ, प्रनिता चित्रकार, चन्द्र ढकाल, पवन गड्तौला जस्ता नवोदित प्रतिभाका निबन्धहरू पनि प्रकाशित छन् ।

यस पत्रिकामा आत्मपरक र वस्तुपरक दुवै खालका निबन्धहरू प्रकाशित भएका छन् । लेखकका निजी चिन्तनहरूले पनि निबन्धमा प्रशस्त स्थान पाएका छन् । यात्रा निबन्धहरू पनि शब्दाङ्कुरमा प्रकाशित भएका छन् । त्यसैले यस पत्रिकामा प्रकाशित समग्र लेख तथा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, निजात्मक, विश्लेषणात्मक र यात्रा निबन्ध गरी विभिन्न श्रेणीमा राखेर हेर्न सकिन्छ । शब्दाङ्कुरमा प्रकाशित निबन्धहरूलाई लेखकका वर्णानुक्रमका आधारमा तल प्रस्तुत गरिएको छ ।

### ४.५.२ विषयवस्तु

शब्दाङ्कुर पत्रिकामा निजी विचार र अनुभवहरूको भावनात्मक अभिव्यक्ति भएका निबन्धहरू प्रकाशित छन् । यस्ता निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्ध भनिन्छ । शब्दाङ्कुरमा बढी मात्रामा आत्मपरक निबन्धहरू प्रकाशित भएका छन् जसमध्ये सविन चित्रकारको 'मुक्ति' रमेश चौलागाईको 'जीवन र यथार्थ' रामकुमार गेलालको 'पहिचान' प्रनिता चित्रकारको 'यथार्थ र मेरो जीवनको अनुभूति ' पवन गड्तौलाको 'मेरो जीवन बारुदको फूल' तुलसि विवशको 'विभ्रम' आदि मुख्य

रहेका छन् ।

वस्तुपरक अर्थात् परात्मक निबन्धहरू पनि शब्दाङ्कुरमा प्रकाशित भएका छन् । यस्ता निबन्धहरूले निजात्मक अभिव्यक्ति भन्दा वस्तुको प्रकाशनमै ज्यादा जोड दिएका हुन्छन् । यस्ता निबन्धहरूमा अनिल बस्नेतको 'के नेपाल विश्वको जलस्रोतमा दोस्रो धनी देश हो त ?' नारायण प्रसाद पौडेलको 'भोजन' राजेन्द्र सुवेदीको 'पानी' नर्मदेश्वरी सत्यालको वारि जमुनाको स्मृतिमा आदि रहेका छन् ।

नियात्रा अर्थात् यात्रा निबन्ध पनि शब्दाङ्कुरमा प्रकाशित छन् । यात्राका क्रममा लेखकले सुनेका, देखेका, भोगेका कुराहरूलाई यात्रानिबन्ध मार्फत् निबन्धकारले पाठकसामु प्रस्तुत गरेका छन् । प्रायः यस्ता खाले निबन्धहरू संस्मरणात्मक शैलीमा लेखिएका छन् । क्रान्ति श्रेष्ठको 'फुजीको शिखरमा नेपाली झण्डा' दीपक चिन्तकको 'गजलमय दमकको पहिलो साहित्यिक यात्रा' ध्रुव नेपालको 'साँच्चै नै सातो गएको थियो ' भोगेन्द्र लिङ्देनको 'आस्थाकी देवी मनकामनाको काखमा' राजेन्द्र सुवेदीको 'आधुनिक कालिदासको रुखकटान र कुन्सानकाकासँगको बसयात्रा' आदि शब्दाङ्कुरमा प्रकाशित  महत्त्व पूर्ण यात्रा निबन्धहरू हुन् । यी निबन्धहरूमा सम्बन्धित लेखकका अनुभवहरू प्राकृतिक एवम् सांस्कृतिक दृश्यहरू तथा स्मरणीय घटनाहरू सरल र रोचक ढंगमा व्यक्त भएका छन् ।

### ४.५.३ भाषाशैली

भाषाशैली साहित्य सृजनाको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । गद्यविधाहरूमा प्रयोग भएका भाषाका तुलनामा निबन्ध विधामा प्रयोग हुने भाषा बढी रागात्मक हुने गर्छ । शब्दाङ्कुर पत्रिकामा प्रकाशित अधिकांश निबन्ध रचनाको भाषाशैली सरल, सहज, कोमल र रागात्मक रहेको पाइन्छ ।

यस पत्रिकामा प्रकाशित अधिकांश निबन्धहरू आत्मपरक शैलीमा प्रस्तुत गरिएका छन् । भने केही रचनाहरू वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत भएका छन् । अधिकांश रचनाहरूमा भाषिक सरलता हुनुका साथै लयात्मकता समेत पाइन्छ । शब्दाङ्कुरका निबन्धहरूमा हवनकुण्ड, दण्डवत, गगन, तरुलतिका, आदिवृत्ति, प्रविष्टि, बह्म, स्वर्णिम जस्ता तत्सम शब्दहरू रिङ, होटल, ह्याण्डल, सिट, डिस्टर्ब, ह्वीस्की, भिडियो, बस, फोन, ग्रीनपार्क आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि

भएको पाइन्छ । त्यस्तै छयाल्लब्याल्ल, झलझली, किरिर्र, झपक्क, लुथ्रुक्क, खलखल, खचाखच, थुम्थुम्याए जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग भएका छन् । जसले गर्दा निबन्धहरू आकर्षक र रोचक बनेका छन् ।

समग्र रूपमा हेर्दा शब्दाङ्कुर पत्रिकाले समसामयिकक क्षेत्रमा देखा परेका सबै प्रकारका लेख तथा निबन्धहरूको प्रकाशन गरेको देखिन्छ । विषयगत व्यापकता ओगटेका वर्णनात्मक निबन्ध, यात्रानिबन्ध संस्मरण जस्ता विविध निबन्ध रचनाहरू प्रकाशित गरेर शब्दाङ्कुरले नेपाली साहित्यको निबन्ध विधाको विकासमा उल्लेखनीय योगदान गरेको छ ।

### ४.५.४ उद्देश्य

विना उद्देश्य कोही पनि कुनै काममा लागेको हुँदैन । साहित्य निर्माणको पनि आफ्नै उद्देश्य रहेको हुन्छ । निबन्ध रचना पनि एक विधा भएकाले यसको रचनामा पनि निबन्धकारले आफ्नो छुट्टै उद्देश्य राखेको हुन्छ । शब्दाङ्कुरमा प्रकाशित निबन्ध मार्फत् निबन्धकारले आत्मप्रकाशन गर्नुका साथै राष्ट्रका अनुभवहरू प्राकृतिक एवम् सांस्कृतिक दृश्यहरू तथा स्मरणीय घटनाहरूलाई प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । दिनानुदिन बढ्दै गएको महङ्गी, बेरोजगार, असुरक्षा र हिंसाले नेपालीलाई कष्टमय जीवनयापन गर्न बाध्य पारेको छ । यथार्थमा सारा नेपालीले राष्ट्रमा शान्ति र सद्भाव चाहेका छन् तर पूरा हुन सकेको छैन । हिंसा वीहिन शान्त र समृद्ध राष्टको चाहना कल्पना (सपना) मा मात्र सीमित हुन पुगेको छ । नेपालीहरूले असल र राष्ट्रको हित हुने कार्य तर्फ अगाडि बढ्नु पर्छ, खराव र राष्ट्रको अहित हुने कार्यले सारा नेपाली दुःखित भई बाँच्नु पर्ने हुन्छ । तसर्थ सवै नेपालीले शान्ति पूर्वक बाँच्न पाउने वातावरण सिर्जना गरौं भन्ने उद्देश्यका साथ निबन्धहरू सिर्जना भएका छन् ।

## ४.६ अन्तर्वार्ता /संवाद

नेपाली साहित्यको इतिहासमा साहित्यिक पत्रपत्रिकाहरूले विचार सम्प्रेषणका लागि विशिष्ट साहित्यकारहरूका अन्तर्वार्ता छाप्ने गरेको देखिन्छ । साहित्यको गद्य रूप अन्तर्गत पर्ने अन्तर्वार्ता साहित्यका अन्य विधाहरूका तुलनामा निकै पछि मात्र प्रचलनमा आएको हो । अन्तर्वार्ता विधाका विकासमा नेपाली पत्र -पत्रिकाहरूले प्रशस्त योगदान गरेका छन् । केही पत्रिकाहरूले त अन्तर्वार्ता विशेषाङ्क समेत

निकालेका छन् । आज अन्तर्वार्ताले साहित्यमा जुन स्थान प्राप्त गरेको छ त्यो पत्रपत्रिकाहरूकै कारणले सम्भव भएको हो । त्यसो त केही अन्तर्वार्ताकारहरूले आफूले लिएका अन्तर्वार्ताहरू पुस्तकाकारकै रूपमा पनि प्रकाशित गरेका छन् ।

शब्दाङ्कुरको पूर्णाङ्क १ देखि ५० पूर्णाङ्क सम्ममा जम्मा एउटा मात्र अन्तर्वार्ता (संवाद) छापिएको छ । जुन अन्तर्वार्ता साहित्यिक व्यक्तित्वसँग सम्बन्धित छ । शब्दाङकुरले पूर्णाङ्क ५० मा प्रसिद्ध आख्यानकारका रूपमा सुपरिचित साहित्यकार कृष्ण धरावासी सँग देवी नेपालले गर्नु भएको अन्तर्वार्ता (संवाद) प्रकाशित भएको छ । उत्तरआधुनिकता के हो र यसले नेपाली साहित्यमा पारेको प्रभावका बारेमा धारावासीका विचार बुझ्न पाठकलाई यस संवादले सहयोग गर्ने देखिन्छ । यसै गरी लीलालेखनलाई उत्तरआधुनिकताको नेपाली संस्करणका रूपमा चिनिने गरेको सन्दर्भमा लीलालेखन र उत्तरआधुनिककताको सम्बन्धका बारे पनि धरावासीको विचार बझ्न पाठकलाई यस अन्तर्वार्ताले सघाउ पुयाउने देखिन्छ ।

**४.७ अनुवाद साहित्य**

शब्दाङ्कुर पत्रिकाका विभिन्न अङ्कहरूमा पाँच जनाका सातवटा साहित्यिक सामग्रीहरू अनुवाद गरी छापिएका छन् । जसमध्ये चार जनाका छ सामग्री अन्य भाषाबाट नेपाली भाषामा अनुवाद गरिएका छन् भने एउटा सामग्री चाहिँ नेपालीबाट अंग्रेजी भाषामा अनुवाद गरिएको छ । त्यसैले यहाँ अन्य भाषाबाट नेपालीभाषामा अनुवाद गरिएका साहित्यिक सामग्रीहरूको मात्र सङ्क्षिप्त चर्चा गरिन्छ ।

शब्दाङ्कुरको पूर्णाङ्क १ देखि पूर्णाङ्क ५० सम्ममा छापिएका यी चार जनाका छ वटा अनुदित साहित्यिक सामग्रीमध्ये सबै विदेशी लेखकहरूका रहेका छन् । विधागत आधारमा यी अनुदित सामग्रीलाई हेर्दा भने तीन जना कविको तीनवटा कविता र तीनवटा समीक्षा अनुवाद गरिएका छन् । यी अनुदित साहित्यिक सामग्रीहरू मूल लेखकको भाषाबाटै नेपालीमा अनुवाद गरिएका छन् । साहित्यका यस प्रकारका अनुदित सामग्रीले नेपाली भाषाका पाठकहरूलाई विश्वप्रसिद्ध साहित्यकार तथा तिनका रचनाका बारेमा जानकारी हासिल गर्न मद्दत मिलेको देखिन्छ ।

शब्दाङ्कुर पत्रिकाको पूर्णाङ्क १२ मा एलिसिया रिको वर्नलको तीन कविता भन्ने शीर्षकको कविता प्रकाशित भएको छ । नेत्रहादुर सुवेदीले यस कवितालाई नेपालीमा

अनुवाद गरेका छन् । बाग्मती, धर्म र अविनाशी स्रोत गरी तीन शीर्षकका कविता प्रकाशित भएको छ । एलिसिया रिको वर्नल फिलिपिनी कवि हुन् । उनले नेपाल सम्बन्धी चित्रहरूबाट प्रभावित भएर उक्त कविताहरू लेखेको थाहा पाउन सकिन्छ ।

पूर्णाङ्क १५ मा तसलीमा नसरीनको 'मृत्युदण्ड' शीर्षकको कविता प्रकाशित भएको छ । राजेन्द्र सुवेदीले यस कवितालाई नेपालीमा अनुवाद गरेका छन् । मृत्युदण्डको संघारका पुगेको व्यक्तिलाई अन्तिम इच्छा के छ भनेर सोध्दा कसैलाई भेट्ने वा मिठो कुरा खाने इच्छा व्यक्त गर्ला तर कविको इच्छा त्यो भन्दा भिन्न छ । कविले असमानता, विभेद, वर्गविहीनतालाई राज्य वा सबै राष्ट्रले निर्मूल पार्नुपर्ने कुरालाई अगाडि सारेकी छन् । यदि आफ्नो यस्तो अन्तिम इच्छा पूरा नगरेमा फाँसीको डोरी चुडाँएर पनि त्यस विरुद्ध आवाज उठाउने कुरा कविले कवितामार्फत् व्यक्त गरेको पाइन्छ ।

पूर्णाङ्क १७ मा विलियम सेक्सपियरको 'रति र काम' शीर्षकको कविता प्रकाशित छ । श्री भद्र शर्माद्वारा अनुवाद गरिएको यस 'रति र काम' शीर्षकको कविता पूर्णाङ्क १७ देखि पूर्णाङ्क ३६ सम्म जम्मा १९ भाग प्रकाशित भएको देखिन्छ ।

पूर्णाङ्क ४७ मा रवर्ट लि फ्रस्टको 'हिउँ परेको साँझ जङ्गलछेउ रोकिँदा' कविताको समीक्षा प्रकाशित भएको छ । यसलाई लक्ष्मीप्रसाद न्यौपानेले अनुवाद गरेका छन् । अमेरिकी कवि रवर्ट लि फ्रस्टको यस कवितामा जीवन यात्रामा अगाडि बढेका जो कोहीले पनि सचेत भई अगाडि बढ्नुपर्छ भन्ने विचारलाई समीक्षामार्फत् प्रस्तुत गरिएको छ ।

पूर्णाङ्क ४८ मा मेरीआन मुरको 'जेली माछा' शीर्षक कविताको समीक्षा प्रकाशित भएको छ । यसलाई पनि लक्ष्मीप्रसाद न्यौपानेले अनुवाद गरेका छन् । अमेरिकी प्रकृतिवादी आधुनिक कवि मेरीआन मुरको 'जेलीमाछा' कवितामा भएका विचारलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ । मान्छेका इच्छा र चाहनाहरू सधैँभरि एउटै रहिरहँदैनन् , परिवर्तन पनि भइरहन्छन् भन्ने विचार यस समीक्षामा प्रस्तुत भएको छ ।

पूर्णाङ्क ४९ मा ल्याङस्टन ह्युजको 'हर्ल्याम' शीर्षक कविताको समीक्षा प्रकाशित छ । यसलाई पनि लक्ष्मीप्रसाद न्यौपानेले अनुवाद गरेका छन् । यस समीक्षामा

स्वतन्त्रता र अधिकार प्राप्त नभएमा त्यसका लागि मान्छेले एक दिन क्रान्ति गर्ने र यसले विष्फोटको रूप लिन सक्ने विचारलाई कवितामा प्रस्तुत गरिएको छ ।

**४.८ समालोचना/समीक्षा**

कुनै पनि कृति माथि गरिएको टिप्पणी वा प्रतिक्रियालाई समालोचना भन्ने गरिन्छ । यसलाई आलोचना, समीक्षा आदि भन्ने पनि चलन छ । नेपाली वृहत् शब्दकोशमा समालोचनाको अर्थ कुनै विषयवस्तु वा कुराको राम्रा-नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम, कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुण दोषको वस्तुगत विवेचना, कुनै ग्रन्थ, लेख व्यक्ति आदिका गुण, दोषको सम्यक विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना समीक्षा आदि भन्ने उल्लेख गरिएको छ (त्रिपाठी र अन्य, २०६७:१२३५) ।

कुनै पनि रचनाका आ-आफ्नै साहित्यिक मूल्य हुन्छन् । यसर्थ सामान्तया कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशनमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरी निश्चित मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो (प्रधान, २०५८:६) ।

नेपाली समालोचनाको क्षेत्रमा स्वच्छ समालोचनाको विकास अझै राम्ररी भइसकेको देखिदैन । कृतिबाट प्राप्त प्रभावलाई आधार बनाएर विवेचना गर्ने काम अर्थात् आत्मसंस्कारवादी वा प्रभाववादी समालोचनाको अतिवादिता ज्यादै बढ्दै गएकाले नेपाली समालोचना व्यक्तिगत रुचि-अरुचिको प्रधानता, आलोच्य कृतिको उपेक्षा एवम् प्रभावको बढी व्याख्या, निष्कर्षको अपरीक्षणीय स्थिति र फितलोपन आदिका कारणबाट भासमा गाडिदै गएको देखिन्छ (श्रेष्ठ र शर्मा, २०४९ : १६०) । नेपाली समालोचनाको वर्तमान स्थिति यस्तो देखिए पनि अहिले आएर भाषिक तथ्याङ्कका आधारमा वस्तुनिष्ट ढङ्गले कृतिको वैज्ञानिक र सिर्जनात्मक मूल्याङ्कन गर्ने आलोचनाको नयाँ दृष्टि अर्थात शैली वैज्ञानिक समालोचनाको प्रारम्भ भइसकेकाले नेपाली समालोचनाको भविष्य उज्ज्वल छ भन्न  सकिन्छ ।

नेपाली समालोचनाको विकासको क्षेत्रमा लामो समयदेखि पत्रपत्रिकाको भूमिका महत्त्व पूर्ण रहँदै आएको छ । २०५८ सालदेखि नियमित रूपमा प्रकाशित हुँदै आएको शब्दाङ्कुर साहित्यिक पत्रिकाले विभिन्न किसिमका समालोचना/समीक्षा प्रकाशित गर्दै

आएको छ । शब्दाङ्कुरको पूर्णाङ्क १ देखि पूर्णाङ्क ५० सम्ममा १६ जनाका ५६ वटा समीक्षात्मक रचनाहरू प्रकाशित भएका छन् । कथा, कविता, गीत, गजल, मुक्तक, नाटक, उपन्यास, निबन्ध जस्ता विधाका समालोचना तथा समीक्षात्मक लेख प्रकाशित भएका छन् । कविता विधासँग सम्बन्धित समीक्षा केही बढी देखिन्छन् भने अन्य विधासँग सम्बन्धित समीक्षा कम रहेका छन् । शब्दाङ्कुरमा समालोचनाका क्षेत्रमा ख्यातिप्राप्त समालोचकका समालोचना/समीक्षा देखि लिएर नवोदित समालोचकहरूका समालोचनाहरू समेत प्रकाशित भएका देखिन्छन् । शब्दाङकुरमा समालोचना/समीक्षा प्रकाशित गर्ने स्थापित तथा नवोदित समालोचकहरूमा प्रा.राजेन्द्र सुवेदी, प्रा.डा.वासुदेव त्रिपाठी, डा. गोपाल भण्डारी, देवी नेपाल, जगन्नाथ उपाध्याय, ज्ञानु विद्रोही, डिल्लीराम ढुङ्गेल, निमिष, धीरकुमार श्रेष्ठ, लावण्य ढुङ्गाना, यादव भण्डारी, रश्मि असफल, अभिमन्यु आदि रहेका छन् । यिनीहरूका समालोचनाले विभिन्न कृति र कृतिकारका बारेमा जानकारी लिन चाहने पाठकका लागि निकै ठूलो सहयोग मिल्ने देखिन्छ ।

शब्दाङ्कुरमा एउटा समालोचना/समीक्षा प्रकाशित गर्नेदेखि लिएर धैरै पटक ( १३, १४) समालोचना/समीक्षा प्रकाशित गर्नेहरू पनि छन् । अभिमन्यु, रश्मि असफल, धनकुटे कान्छा आदिका समालोचना/समीक्षात्मक लेख एक पटक मात्र प्रकाशित छन् भने ज्ञानु विद्रोही र निमिषको १३ पटक प्रकाशि भएका छन् । यसैगरी सबैभन्दा बढी देवी नेपालको १४ पटक समालोचना समीक्षात्मक लेख प्रकाशित भएको छ ।

समालोचनामा गुण र दोष दुवै पक्षलाई केलाउने काम गरिन्छ । गुण पक्षभन्दा दोष वा कमजोरी पक्षको जति बढी चर्चा गरिन्छ त्यो त्यति सबल हुन जान्छ । व्यक्तिको प्रभावमा परेर कमजोरी पक्षको ढाकछोप गर्दै सबल पक्षलाई मात्र देखाउने गर्दा समालोचनाको स्तर माथि उठ्न सकेको देखिदैन । प्रायः समालोचनाहरूले रचना वा रचनाकारका कमजोरी भन्दा गुण पक्षमा नै ज्यादा जोड दिएका देखिन्छन् । नेपाली समालोचनामा देखिएको प्रभाववादी समालोचना परम्परालाई अधिकांश समालोचकले पछ्याएकै देखिन्छ । समालोचनाको पछिल्लो चरणमा विकसित भएको शैली वैज्ञानिक समालोचना पद्धति शब्दाङ्कुरमा प्रकाशित समालोचनात्मक रचनाहरूमा देख्न सकिदैन ।

समालोचनालाई कुनै पनि समालोचकहरूले केवल आलोचना वा गुणगान

गाउने माध्यम मात्र बनाउनु उचित हुँदैन । धेरै र अनावश्यक आलोचना र गुणगान गाउने काम दुवै समालोचना विधाका लागि हानिकारक हुन जान्छ । कृति वा व्यक्तिको प्रभावमा परेर बढी गुणगान गाउने र व्यक्तिप्रति आफ्नो समर्थन नभएमा उसले लेखेको कृतिको आलोचना मात्र गर्ने कार्यले समालोचक माथि नै पाठकको विश्वास हराएर जान सक्छ । त्यसकारण शब्दाङ्कुरमा समालोचना/समीक्षा प्रकाशित गर्ने अधिकांश समालोचकहरूले कृतिको गुण दोष दुवै पक्षलाई समान रूपले हेर्दै कृतिको विश्लेषण गर्ने तर्फ लाग्नु पर्ने आवश्यक रहेको देखिन्छ ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित समालोचना/समीक्षा जुन सुकै प्रकृतिका भए पनि नेपाली साहित्यको समालोचना विधामा निकै ठूलो योगदान गरेका छन् । यसकारण शब्दाङ्कुर पत्रिकाले स्थापित तथा नवोदित समालोचकका समालोचनात्मक रचनाहरू प्रकाशित गरेर समालोचना विधाका साथै समग्र नेपाली साहित्यप्रति एउटा पत्रिकाले पुऱ्याउन सक्ने योगदान दिएको छ भन्न सकिन्छ ।

### ४.९ लोकसाहित्य

लोकको साहित्य नै लोक साहित्य हो । लेखक अज्ञात रहने लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा जस्ता मौखिक भाषिक संरचनाका रूपमा रहेर सामाजिक सम्पत्तिका रूपमा रहँदै आएका रचना नै लोक साहित्य अन्तर्गत पर्दछन् । शब्दाङ्कुर पत्रिकाको विभिन्न अङ्कहरूमा नेपाली साहित्यका विभिन्न पक्षसँग सम्बन्धित अनुसन्धानात्मक तथा समीक्षात्मक लोकसाहित्यसँग सम्बन्धित सामग्रीहरू प्रकाशित भएका छन् । यस पत्रिकाको सबै अङ्कमा लोक साहित्यसँग सम्बन्धित रचनाहरू प्रकाशित भएका त छैनन् । पूर्णाङ्क १ देखि ५० सम्ममा जम्मा ५ जना लेखकका ९ वटा लोकसाहित्यिक रचनाहरू प्रकाशित भएका छन् । यी सामग्रीहरूले लोकगीत, लोकनाटक, टुक्का, उखान र विभिन्न जातीय संस्कृतिका बारेमा स्पष्ट पार्ने काम गरेको छ । नेपाली साहित्यमा प्रयोग हुँदै आएको विभिन्न टुक्काहरूको आर्थिक र सामाजिक पक्षसँगको सम्बन्धको बारेमा पनि चर्चा गरिएको छ । लोक साहित्य अन्तर्गत उखानमा आएका विभिन्न नारी सम्बन्धित संकुचित धारणाले लोकहृदय नारीप्रति अझै पनि उदार बन्न नसकेको विचारलाई तुलसी मैनालीले स्पष्ट पारेका छन् । यसैगरी मुसहर जातिको आफ्नो विभिन्न संस्कार- संस्कृति, किराँती लोकथाका

साथै थारू लोक साहित्यका बारेमा पनि शब्दाङ्कुरमा संक्षिप्त रूपमा भएका विभिन्न चर्चा परिचर्चाले लोक साहित्यलाई बुझ्न र अध्ययन गर्न चाहने जो कोहीलाई सहयोग पुग्ने देखिन्छ ।

### ४.१० साहित्यिक अनुसन्धान, भाषा व्याकरण

शब्दाङ्कुर पत्रिकामा थोरै भए पनि भाषा व्याकरण सम्बन्धी लेखकहरू प्रकाशित छन् । पूर्णाङ्क २७, ४७ र ४८ मा गरी जम्मा दुई जना लेखकका तिनवटा भाषा साहित्य सम्बन्धी लेखहरू प्रकाशित भएका छन् । थोरै नै भए पनि यी सामग्रीहरूले भाषा साहित्य सम्बन्धी जानकारी लिन चाहने पाठकका लागि नेपाली भाषाको महत्त्व र नेपाली भाषाको क्षेत्र विस्तार, अभिलेखीय नेपाली भाषाको अध्ययनमा देखिने विविध समस्याका साथै लेख्य नेपाली भाषामा कोटिकारको प्रारम्भिक प्रयोगको अवस्थाका बारेमा पनि बुझ्नका लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.११ सम्पादकीय

शब्दाङ्कुर पत्रिकाको सबै अङ्कमा प्रकाशित भएको  महत्त्व पूर्ण स्तम्भ सम्पादकीय हो । यस  पत्रिकाको संरक्षकका रूपमा राजेन्द्र सुवेदी रहेका छन् भने पूर्णाङ्क १ देखि पूर्णाङ्क ५० सम्ममा प्रधान सम्पादकका रूपमा धीरकुमार श्रेष्ठ रहेको देखिन्छ । पूर्णाङ्क ४८ सम्म सल्लाहकारका रूपमा कोही छैनन् भने ४९ पूर्णाङ्कदेखि प्रा.डा.गोविन्दराज भट्टराई र प्राज्ञ जीवेन्द्रदेव गिरी सल्लाहकारका रूपमा रहेका छन् । पूर्णाङ्क १ मा प्रधान सम्पादक बाहेक अन्य सम्पादक मण्डलमा देवी नेपाल, जगन्नाथ उपाध्याय, जगन्नाथ ज्ञवाली र डिल्लीराम ढुङ्गेल रहेका छन् । पूर्णाङ्क ४ मा देवी नेपाल सह-सम्पादकका रूपमा रहेको देखिन्छ भने ५ मा कार्यकारी सम्पादकका रूपमा रहेको देखिन्छ । यसैगरी पूर्णाङ्क ५ मा सम्पादकहरूमा जगन्नाथ उपाध्याय, डिल्लीराम ढुङ्गेलका साथै सुवर्ण कर्माचार्य र कल्याण रोक्कालाई थप गरेको देखिन्छ । यो क्रमले पूर्णाङ्क ४८ सम्म निरन्तरता पाएको छ भने पूर्णाङ्क ४९ मा सम्पादकमा चंकी श्रेष्ठ, नर्मदेश्वरी सत्याल र मायामितु न्यौपानेलाई थप गरिएको छ र कल्याण रोक्का भने रहेका छैनन् । भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे र प्रकाशचन्द्र निङ्लेकुलाई सहायक सम्पादकका रूपमा राखिएको छ । शब्दाङ्कुर पत्रिकाको पूर्णाङ्कक १ देखि ५० सम्मको सम्पादकीयमा पृष्ठ सङ्ख्या उल्लेख गरिएको छैन । पूर्णाङ्क ५० मा भने सम्पादकीय

नभनी हाम्रो अभिमत मार्फत सम्पादकीय प्रस्तुत भएको छ ।

पूर्णाङ्क १, २, ३ ९, १४, १७, १८ र १९ अङ्कहरूमा सम्पादकीय कवितात्मक रूपमा प्रस्तुत गरिएको छ । विश्वमा कहीँ पनि शान्ति छैन । विश्व सन्त्रासमय छ त्यसैले मान्छे निर्भिक रूपमा बाँच्न सकिरहेको छैन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका हरेक गरा, फाँट, पाखा र पखेराहरूमा खुसी र सुन्दरताको फूल फुल्नपर्छ भन्ने विचार कवितामा आएका छन् । कविको कलम धेरै नै शक्तिशाली हुन्छ यसले कठोर शासक र निरङ्कुश सत्तालाई पनि जित्न सक्छ । युद्धमा जित्नेले खुसीयाली र हार्नेले दुःखमा शोक मनाए पनि जीत कसैको नभई युद्धको मात्र हुने विचार पनि सम्पादकीय कविता मार्फत् अभिव्यक्त भएका छन् ।

पूर्णाङ्क ४, ५, ६, ७, ८ र ११ को सम्पादकीयमा शब्दाङ्कुर सानो र प्रारम्भिक अवस्थाको पत्रिका भएकाले यसको विकास र निरन्तरताको लागि सबै क्षेत्रको सहयोगको अपेक्षा गर्दै सफलता र असफलता जे भए पनि यसलाई निरन्तरता दिइने कुराको साथै साहित्यिक पत्रिकाप्रति विक्रेता र वितरकको नकारात्मक दृष्टिकोण रहेको कुरालाई उठाइएको छ ।

पूर्णाङ्क १३-१५ मा साहित्यकार लैनसिंह वाङ्देल, शरदचन्द्र शर्मा, नयनराज पन्त र कुलमणि देवकोटाको असामयिक निधनप्रति शब्दाङ्कुर परिवारले श्रद्धाञ्जलि व्यक्त गर्नुका साथै वाङ्देलको साहित्यिक योगदानको संक्षिप्त रूपमा चर्चा गरिएको छ । एउटा सानो सिर्जनामा पनि सम्पूर्ण जीवन, देश, काल, वातावरण र सर्जक हुर्किएको समाजको प्रतिविम्ब उतारिएको हुन्छ । समयको माग अनुसार हरेक कुरालाई परिवर्तन गरिएन र भएन भने त्यो विलुप्त भएर जान्छ भन्ने कुरा पूर्णाङ्क १६-२२ सम्मका सम्पादकीयमा आएका छन् ।  मान्छेमा मानवता र मानवीय संवेदना हराउँदै गएको उल्लेख पूर्णाङ्क २५ को सम्पादकीयमा छ । सञ्चारको कारणले विश्व साँघुरिदै गएको छ । सञ्चार र ज्ञानको भण्डारका रूपमा लिइने इन्टरनेटको प्रयोग बढ्दै गएको अवस्थामा साहित्यमा पनि यसको प्रयोग हुँदै जानुपर्छ भन्ने धारणा पूर्णाङ्क २८ को सम्पादकीयमा देखापर्छ । सर्जकले समयानुसार पाठकको रुचिलाई ध्यानमा राखेर मात्र साहित्य सिर्जना गर्न सक्यो भने त्यस्तो रचनाले स्थायित्व पाउन सक्छ र साहित्य समाजको ऐना हो त्यसैले समाजमा घट्ने र घट्न सक्ने सबै विषयलाई छर्लङ्ग प्रस्तुत

गरिनुपर्छ भन्ने विचार पूर्णाङ्क ३१ सम्मको सम्पादकीयमा रहेको छ । व्यक्तिलाई नभई कृतिलाई आधार मान्दै त्यसमा भएका गुण र दोषलाई केलाउनुपर्छ । समालोचनाका नाममा कृति भन्दा व्यक्तिलाई बढी महत्त्व दिँदै साहित्यिक मूल्य र मान्यता रत्तिभर नभएका रचनालाई पनि आकाशमा पुऱ्याइदिने र साहित्यिक मूल्य र मान्यता भित्र रहेका रचनालाई भने भासमा गाडिदिने परम्पराप्रति असन्तोष व्यक्त भएको छ । साहित्यमा शैली  महत्त्व पूर्ण हुन्छ र सामान्य वा जटिल जुनसुकै विषयलाई पनि कलात्मक रूपमा प्रस्तुत गर्न शैली आवश्यक हुन्छ भन्ने कुरा पूर्णाङ्क ३४ सम्मको सम्पादकीयमा आएको छ । मानव बीच देखिने मावताको सम्बन्ध धरासायी हुँदै गएको विचार पनि अभिव्यक्त भएको छ । साहित्यमा गुणात्मकताको विकास भए पनि पाठकको संख्या वृद्धि हुन नसकेको र सम्पादकीय मार्फत् पूर्णाङ्क ४१ मा आएको छ । कुनै पनि भाषाको विकास हुन सके मात्र त्यस भाषाको साहित्यले पनि विकास हुने अवसर प्राप्त गर्न सक्छ भन्ने कुरा पूर्णाङ्क ४२ सम्मका सम्पादकीयमा आएका छन् । शब्दाङ्कुरले स्तरीयताका नाममा सरल, सहज र गहन रचनालाई पन्छाउने र सरल र सहजका नाममा सस्ता निरुद्देश्य रचनालाई अँगाल्ने काम नगर्ने कुरा पूर्णाङ्क ४५ को सम्पादकीयमा आएको छ । पूर्णाङ्क ४६ मा सबै भाषा भाषीले एक अर्काको भाषाप्रति सकारात्मक दृष्टिकोण राखेर अगाडि बढेमात्र भाषाको विकास हुन सक्छ भन्ने कुरालाई उठाइएको छ । पूर्णाङ्क ५० मा 'हाम्रो अभिमत' अन्तर्गत प्रस्तुत गरिएको सम्पादकीयमा उत्तरआधुनिकता शब्दको प्रयोग र यसको व्यापकताका सन्दर्भमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

यसै गरी प्रत्येक नयाँ वर्षमा सबैप्रति शुभकामना व्यक्त गरिएको छ  भने पूर्णाङ्क १२, २४, ३७ र ३८ मा शब्दाङ्कुरले प्रकाशनको क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो वर्ष पूरा गरेको  कुरालाई राखिएको छ ।

यसरी शब्दाङ्कुरको सम्पादकीयमार्फत् साहित्यको विकासमा शब्दाङ्कुरको प्रयास, पत्रिकाले झेल्नुपर्ने आर्थिक लगायतका विविध समस्या, भाषा र साहित्यको सम्बन्ध, विभिन्न समयमा घटेका दुःखदायी घटना र त्यसले समाज र साहित्यमा परेको असर आदिका बारेमा सशक्त रूपमा कलम चलाएको देखिन्छ ।

### ४.१२ अन्य विधाहरू

शब्दाङ्कुर पत्रिकामा प्रेरक व्यक्तित्व, स्वास्थ्य विज्ञान, ओझेलबाट, समाचार, पाठकप्रतिक्रिया, साहित्यिक हाजिरी जवाफ आदि जस्ता विविध विषयसँग सम्बन्धित प्रशस्त लेख रचनाहरू रहेका छन् । प्रस्तुत शोधपत्रमा साहित्यका प्रमुख विधाहरू अन्तर्गत यस्ता शीर्षकहरूका सामग्रीलाई समेट्न नसकिएकाले यहाँ अन्य विधाहरू अन्तर्गत राखेर यस्ता रचनाहरूलाई समग्र रूपमा हेर्ने प्रयास गरिएको छ ।

अन्य विधाहरू अन्तर्गत चर्चा गर्न लागिएका सामग्रीहरूमध्ये सर्वप्रथम शब्दाङ्कुरका १ देखि ५० पूर्णाङ्कसम्ममा जम्मा तिस अङ्कमा राखिएको ओझलबाट लाई उल्लेख गर्न सकिन्छ । शब्दाङ्कुरको पचास अङ्क मध्ये १, १८, २१, २२, २३, २४, ३१ लगायतका जम्मा बिस अङ्कमा ओझेलबाट लाई राखिएको छैन । विभिन्न विधाहरूको सृजना मार्फत्, साहित्यिक संघ-संस्थामा आबद्ध भएर, साहित्यिक पत्रपत्रिकाको सम्पादन गरेर, नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान दिए पनि चर्चामा आउन नसकी ओझेलमा परेका नेपाली तथा भारतीय मूलका नेपाली साहित्यकारहरूलाई चिनाउने प्रयास यस स्तम्भमा गरिएको छ । यसमा दामोदर पुडासैनी, नारायण प्रसाद शर्मा, सुमित्रा वाङ्देल राई, तुलसीदास श्रेष्ठ अलि मियाँ, जस्ता नेपाली साहित्यकार तथा चन्द्रमा कन्दङ्वा, लीलाधर गौतम, राजेन्द्र भण्डारी, केदारमान गुरूङ लगायतका भारतीय मूलका नेपाली साहित्यकारका जन्म, शिक्षा, दीक्षा, पुरस्कार, सम्मान, प्रकाशित कृति, सङ्क्षिप्त विचार र उनीहरूले नेपाली साहित्यमा गरेको योगदानका बारेमा सङ्क्षिप्त चिनारी दिइएको छ ।

यसैगरी केही अङ्कहरूमा 'प्रेरक व्यक्तित्व' शीर्षक अन्तर्गत अन्तर्राष्ट्रिय स्तरका विभिन्न वाद तथा सिद्धान्तका प्रयोगकर्ता, नोबेलपुरस्कार विजेता, दार्शनिक, चिन्तक आदिका बारेमा सङ्क्षिप्त लेख प्रकाशित छ । पूर्णाङ्क ४० देखि ५० सम्म जम्मा ११ जना विशिष्ट विद्वान्हरूका विचारलाई बुझ्न यस शीर्षक अन्तर्गतका लेखले महत्त्व पूर्ण योगदान दिएको देखिन्छ ।

शब्दाङ्कुर पत्रिकामा साहित्यिक समाचार पनि प्रकाशित भएका छन् । पूर्णङ्क १, २ र ३ बाहेकका पूर्णाङ्क ५० सम्म सबै अङ्कमा साहित्यिक समाचार प्रकाशित भएका छन् । देश भरिका विभिन्न संघ-संस्था, स्कुल तथा क्याम्पसहरूमा आयोजना भएका

साहित्यिक गतिविधिलाई समाचारमार्फत् जानकारी दिने प्रयास गरिएको छ । साहित्यकारहरूको सम्मान, साहित्यिक कृतिहरूको विमोचन, विभिन्न विषयमा कार्यपत्र प्रस्तुत, गोष्ठिका साथै अन्य विभिन्न कार्यक्रममा भएका साहित्यिक गतिविधिलाई समाचार मार्फत् प्रस्तुत गरिएको छ । कहिले र कहाँ के कस्ता कार्यक्रमहरू आयोजना गरिए भन्ने कुराको जानकारी प्राप्त गर्न यसबाट ठूलो मद्दत मिलेको देखिन्छ ।

स्वास्थ्य सम्बन्धी सल्लाहका साथै रोगका बारेमा जानकारी दिने काम 'स्वास्थ्य विज्ञान' अन्तर्गत गरिएको छ । धुम्रपानको प्रयोग गर्दा त्यसबाट पर्ने दीर्घकालीन असर, सूर्तीजन्य पदार्थको सेवनबाट हुने हानीका बारेमा स्वास्थ्य विज्ञानमा उल्लेख गरिएको छ । यसै गरी महामारीको रूपमा फैलिएको झाडापखालाबाट देखापरेको समस्याका साथै रोकथामको जानकारी, कुष्ठ रोग, निमोनिया, मानसिक रोग र प्रजनन स्वास्थ्यका बारेमा पनि जानकारी दिने प्रयास गरेको देखिन्छ ।

यी बाहेक पाठक प्रतिक्रिया र साहित्यिक हाजिरीजवाफ पनि शब्दाङ्कुरमा आएका छन् । पाठकको विचार बुझ्ने उद्देश्यले राखिएको पाठक (स्तम्भ) प्रतिक्रियामा पाठकका विचारहरूलाई जस्ताको तस्तै राखिएको छ । शब्दाङ्कुरप्रति आफूलाई लागेका गुनासाहरूका साथै प्रशंसाहरू पनि पाठक प्रतिक्रियामा आएका छन् । साहित्यिक हाजिरी जवाफ अन्तर्गत साहित्यसँग सम्बन्धित कुनै तिन प्रश्नको उत्तर सोधिएको छ । सही उत्तर मिलाउने मध्ये तिन जनलाई पुरस्कृत गरिने जानकारी साहित्यिक हाजिरी जवाफमा दिइएको छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ अध्यायगत सारांश

प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदहरूमा तयार गरिएको छ, जसमध्ये पहिलो परिच्छेदमा नेपाली साहित्यिक पत्रिका प्रकाशनको परम्परामा शब्दाङ्कुरको आगमन/प्रकाशन प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा शब्दाङ्कुरमा प्रकाशित रचनाहरूको विवरण रहेको छ । यस्तै चौथो परिच्छेदमा शब्दाङ्कुरको साहित्यिक योगदान र विधागत सर्वेक्षण एवम् विश्लेषण गरिएको छ । पाँचौ परिच्छेदमा उपसंहार प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ । यस अन्तर्गत विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य महत्त्व र उपादेयता, अध्ययनको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा राखिएका छन् । यो समग्र शोधपत्रको परिचय खण्ड रहन गएको छ ।

दोस्रो परिच्छेदमा साहित्यिक पत्रपत्रिकाको परम्परालाई राखिएको छ । साथै यस परम्परामा शब्दाङ्कुरको आगमन, उद्देश्य नामकरण, सम्पादन मुद्रण र वितरण प्रक्रियालाई प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा शब्दाङ्कुरमा प्रकाशित रचनाहरूको विवरणलाई प्रस्तुत गरिएको पत्रिकामा प्रकाशित सबै साहित्यिक विधाहरूलाई वर्णानुक्रम सूचीका आधारमा प्रस्तुत गरिएको छ । साहित्येतर विषयलाई यस विवरणमा समावेश गरिएको छैन ।

चौथो परिच्छेदमा शब्दाङ्कुरका रचनाहरुको विश्लेषण र मूल्याङ्कन एवम् साहित्यिक योगदानलाई प्रस्तुत गरिएको छ । पत्रिकामा प्रकाशित प्रमुख साहित्यिक विधाहरूलाई विभिन्न प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

विधागत रूपमा हेर्दा शब्दाङ्कुरमा प्रकाशित कविताहरूले वर्तमान मान्छेका जीवन भोगाइका अनुभूतिहरूलाई अभिव्यञ्जित गर्न खोजेका देखिन्छन् । वैयक्तिक तथा नजिी समस्यादेखि लिएर समाज, राष्ट्र र विश्वजनीन विकृति र विसङ्गतिलाई नै प्रायः

जसो कविताले विषयको रुमपा उठाएका छन् । महङ्गी गरिबी, अशिक्षा, पछौटेपन, भ्रष्टाचार सांस्कृतिक मूल्यको ह्रास, अन्याय अत्याचार, नैतिकताको पतन जस्ता कुराहरुलाई पनि कविहरूले कवितामा कथ्यका रूपमा प्रयोग गरेका छन् । यसैगरी युद्धको चापमा परेका नेपालीहरूले भोग्नु परेका पीडालाई पनि यथार्थरूपमा कवितामा प्रस्तुत गरिएको छ । स्वतन्त्रता र प्रजातन्त्रको चाहना, राष्ट्रियता प्राकृतिक सौन्दर्यको विविध पक्षको चित्रण, मानवतावादी चिन्तनका साथै प्रेम प्रणय सम्बन्धका भावनाहरूलाई अभिव्यक्त गर्ने कविताहरू पनि शब्दाङ्कुरमा प्रकाशित भएका छन् । यसै गरी पश्चिमा संस्कृतिको बढ्दो अतिक्रमण र शास्त्रार्थको होडबाजीप्रति चिन्ता व्यक्त गर्दै राष्ट्रको शान्ति र राष्ट्रियताको रक्षा देशभक्तिपूर्ण भावना बोकेका कविताहरू पनि शब्दाङ्कुरमा आएका छन् । लयका हिसाबले हेर्दा गद्य र पद्य दुवै शैलीका कविताहरू शब्दाङ्कुरमा प्रकाशित भएका छन् । पद्य कविताका तुलनामा गद्य कविताहरूमा वा मुक्त छन्दका कविताहरू केही बढी रहेका छन् । पद्य कविता गद्यका तुलनामा लयात्मक त छँदैछन्, सरल र सुबोध्य पनि रहेका छन् । गीत, गजल र मुक्तकका साथै जापानी हाइकू शैलीका कविताहरू पनि प्रशस्त मात्रामा प्रकाशित भएका छन् । यी रचनाहरूले कविताको विधागत आयामलाई निकै विस्तार गर्ने काम गरेका छन् । शब्दाङ्कुरमा प्रकाशित गीत गजलले समग्र रूपमा प्रेम प्रणयको प्रसङ्ग र नारी सौन्दर्यको वर्णन, प्रशंसामा मात्र सीमित नरही सामाजिक विकृति र र विसङ्गति, विश्वासघात, मान्छेले गुमाउँदै गएको नैतिकता शान्ति कायम गर्ने नाममा हतियार उठाई नेपाली दाजुभाइकै हत्या गर्ने प्रवृत्ति, शिक्षित युवाहरू बेरोजगार हुनुपरेको अवस्था आदि कुरालाई विषयको रूपमा उठाएका छन् । तसर्थ सङ्ख्यात्मक दृष्टिले मात्र होइन गुणात्मक दृष्टिले पनि शब्दाङ्कुरमा प्रकाशित कविता, गीत, गजलहरू पठनीय छन् र तिनले नेपाली साहित्यको कविता विधाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

आधुनिक नेपाली कथाको विकासमा पनि शब्दाङ्कुर पत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । शब्दाङ्कुर पत्रिकाको १ देखि ५० पूर्णाङ्कसम्म प्रकाशित कथाहरूलाई हेर्दा ४४ जना कथाकारका ६१ वटा कथारु प्रकाशित भएका देखिन्छन् । अध्ययन गरिएका विधाहरूमध्ये सङ्ख्यात्मक रूपमा कवितापछिको स्थान कथाविधाले

लिएको देखिन्छ । नेपाली कथा साहित्यका केही स्थापित कथाहरूदेखि लिएर अधिक नवप्रतिभाहरूका कथाहरूलाई समेत पर्याप्त स्थान दिएर शब्दाङ्कुर पत्रिकाले दिएर आकार सानो हुँदा हुँदै पनि यतिका कथाहरू प्रकाशित गर्नुलाई साहित्यिक योगदानका हिसाबले उत्साहवर्द्धक कदम मान्नै पर्छ ।

नेपाली समाजमा व्याप्त गरिबी र त्यसले जन्माएको विकृति, विसङ्गति र समस्या एवम अप्ठ्याराहरूलाई कथाहरूले छुने प्रयास गरेका छन् । हरेक क्षेत्रमा बढ्दै गएको राजनीतिक हस्तक्षेप, कर्मचारीतन्त्रमा देखिएको ढिलासुस्ती र भ्रष्टाचारका साथै शैक्षिक क्षेत्रमा देखिएको अराजकतालाई पनि शब्दाङ्कुरका कथाहरूले चिरफार गर्ने प्रयास गरेको देखिन्छ । नेपाली समाजमा आजसम्मपनि कायम रहेको जातीय उँचनीचता, अन्धविश्वास, कुसंस्कार र धार्मिक आडम्बरलाई पनि कथाहरूले विषय बनाएका छन् । शब्दाङ्कुरमा प्रकाशित केही कथाहरू कथाकारका बौद्धिकताको किचाइले दुर्बोध्य बनेका छन् भने केही कथाहरू सूत्रात्मक शैलीमा लेखिएका छन् । प्रायः अधिकांश कथामा अभाव र सङ्कटग्रस्त जीवन बिताउन बाध्य निम्नवर्गीय नेपाली समाजमा प्रतिनिधि पात्रलाई उभ्याएर नेपाली समाजको अवस्थालाई देखाउन खोजिएको छ । धन दौलतको आडमा तल्लोवर्गको शोषण गर्ने, पाश्चात्य प्रभावमा पारेर आफ्नो धर्म संस्कृतिप्रति घृणा गर्ने आदि प्रवृत्तिका चरित्रहरूको वास्तविक स्वरूप उतार्नमा कथाहरू सफल भएका छन् । यसले गर्दा शब्दाङ्कुरले आधुनिक नेपाली साहित्यलाई उत्कृष्ट कथाहरू प्रदान गरेर गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले नेपाली कथालाई माथि उठाउने काम गरेको छ ।

निबन्ध क्षेत्रमा पनि शब्दाङ्कुर पत्रिकाको योगदान उल्लेख्य रहेको छ । संख्यात्मक हिसाबले कविता-गीत, गजल र कथा पछिको स्थान ओगट्न सफल निबन्ध विधामा विविध प्रवृत्तिका निबन्धहरूका माध्यमबाट नेपाली साहित्यलाई फलाउने र फुलाउने कार्य गर्दै आएको देखिन्छ । संस्मरणात्मक निबन्ध, निजात्मक निबन्ध, यात्रा निबन्ध आदिका साथै खोजअनुसन्धनात्मक केही लेखहरूसमेत प्रकाशित गरेर शब्दाङ्कुरले निबन्धको विधागत आयाम विस्तार गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । सबै निबन्धहरू पठनीय छन् । आत्मपरक र यात्रा निबन्धहरू सशक्त रहेका छन् । कविता र कथाको जस्तो स्थान निबन्ध विधाले शब्दाङ्कुरमा पाउन भने सकेको

छैन । केही निबन्धात्मक रचनाहरूलाई भने निबन्ध विधा अन्तर्गत नराखी स्वतन्त्र रूपमा प्रकाशित गरिएको छ । जस्तो सुकै प्रकारका निबन्धहरू प्रकाशित भए पनि निबन्ध विधामा शब्दाङ्कुर पत्रिकाको योगदान प्रशंसनीय नै रहेको छ ।

अन्तर्वार्ता विधालाई साहित्यका प्रमुख विधाका रूपमा स्थापित गराउन पत्रपत्रिकाको भूमिका समेत महत्त्वपूर्ण रहने गर्छ । प्रसिद्ध साहित्यकारहरूका साहित्यसम्बन्धी, जीवन र जगतसम्बन्धी विचारहरूलाई बुझ्न अन्तर्वार्ताले सहयोग गरेको हुन्छ । त्यसैगरी आफ्ना रचनाका बारेमा व्यक्तिगत विचार बुझ्न पनि यो महत्त्व पूर्ण हुने देखिन्छ । विभिन्न दृष्टिकोणबाट अन्तर्वार्ता नेपाली साहित्यको विकासका निम्ति सहयोगी हुँदाहुँदै पनि शब्दाङ्कुरले यसलाई पर्याप्त स्थान दिन भने सकेको छैन । पूर्णाङ्क १ देखि ५० सम्ममा एउटा मात्र अन्तर्वार्ता प्रकाशित भएको छ । एउटै मात्र अन्तर्वार्ता प्रकाशित भए पनि यो साहित्यिक अन्तर्वाता रहेको छ । उत्तरआधुनिकता र लीलालेखनसँग यसको सम्बन्धका बारेमा लेखकका धारणा बुझ्न यसले सहयोग गरेको छ । एउटै मात्र अन्तर्वार्ता प्रकाशित भए पनि वैचारिक हिसाबले उच्च रहेको उक्त अन्तर्वार्ताले नेपाली साहित्यको अन्तर्वार्ता विधालाई माथि उठाउन सक्दो प्रयास गरेको छ ।

शब्दाङ्कुरले अनुवाद साहित्यिलाई पनि समेट्न सकेको छ । विभिन्न भाषामा लेखिएका रचनाहरूको अनुवाद गरेर प्रकाशित गर्ने काम शब्दाङ्कुर पत्रिकाले गरेको छ । सबैले सबै भाषामा लेखिएका रचनाहरू पढ्न र बुझ्न सक्दैनन् । आफूले नजानेको भाषामा भएका कृतिहरू पढ्न र विचारहरू बुझ्न हामीलाई कठिनाइ हुन्छ । यस्तो अवस्थामा अन्य भाषामा लेखिएका कृतिहरूको अध्ययन गरी नयाँ नयाँ कुरा थाहा पाउन अनुवादले धेरै नै सहयोग पुऱ्याएको हुन्छ । तसर्थ अनुवाद गरिएका रचना साहित्यिक पत्रपत्रिकाले प्रकाशित गरिदिने हो भने त्यस्ता रचना सबैले पढ्न र बुझ्न सकिने हुन्छ । यसबाट अन्य भाषाको साहित्यिक स्थितिबारे पनि जानकारी पाउन मद्दत मिल्दछ । यसै कोणबाट हेर्दा अनुवाद साहित्यको क्षेत्रमा पनि शब्दाङ्कुर पत्रिकाको योगदान महत्त्व पूर्ण रहेको देखिन्छ ।

शब्दाङ्कुर पत्रिकाको पूर्णाङ्क १ देखि ५० सम्ममा कुनै पनि अङ्कमा साहित्यका विधाहरूमध्ये उपन्यास विधा भने प्रकाशित भएको देखिँदैन । यसै गरी नाटक तथा

एकाङ्की पनि पूर्णाङ्क ५० सम्ममा प्रकाशित भएको छैन । अन्य विधालाई जस्तै उपन्यास र नाटक तथा एकाङ्की विधालाई पनि यथासम्भव समावेश गराएमा शब्दाङ्कुर पत्रिका अझ लोकप्रिय हुने देखिन्छ ।

समालोचना, कृति परिक्रममा/समीक्षा, व्यक्तित्व चिनारी, सम्पादकीय लेख आदिमा पनि शब्दाङ्कुर पत्रिकाको स्थान महत्त्वपूर्ण रहेको छ । प्रारम्भदेखि नै कृति परिक्रमा/समीक्षालाई स्थान दिएको शब्दाङ्कुरले प्रकाशित भएका नयाँ नयाँ पुस्तकका बारेमा समीक्षात्मक लेखहरू प्रकाशित गरेको छ । ओझेलमा परेका साहित्यिक व्यक्तित्वका बारेमा जानकारी दिने काम गर्नु शब्दाङ्कुरको महत्त्व पूर्ण पक्ष रहेको छ भने गद्य तथा पद्य दुबै रूपमा आएको बौद्धिक तथा चिन्तनशील सम्पादकीयले शब्दाङ्कुरको गरिमालाई अझ माथि उठाउने काम गरेको छ ।

शब्दाङ्कुर पत्रिकामा प्रकाशित रचनाहरुको समष्टिगत मूल्याङ्कन गर्दा यसमा प्रायः स्तरीय र बौद्धिक सामग्रीहरू नै प्रकाशन भएका देखिन्छन् । शब्दाङ्कुरका विभिन्न अङ्कमा रहेका पाठक प्रतिक्रियाहरूबाट पनि यही कुराको पुष्टि हुन्छ । पूर्णाङ्क ४० र ३३ मा प्रकाशित शब्दाङ्कुर सम्बन्धी केही जानकारीमा उल्लेख भएको शब्दाङ्कुर पत्रिका स्तरीय र उत्कृष्ट छ यस पत्रिकामा मैले उत्कृष्ट साहित्यहरू पढ्न पाएकोमा यसलाई अभार प्रकट गर्दछु भन्ने वाक्यले पनि यो पत्रिका स्तरीय छ भन्ने कुरालाई नै सङ्केत गरेको देखिन्छ ।

शब्दाङ्कुर पत्रिकामा साहित्येतरका केही लेख रचनाहरू पनि प्रकाशित भएका छन् । एउटा सिङ्गो अङ्क नै साहित्येतर विषयसँग सम्बन्धित नभए तापनि केही अङ्कहरूमा यस्ता लेख आएका छन् । विशेषत स्वास्थ्य सम्बन्धी विविध जानकारी दिने उद्देश्यले त्यस्ता लेखहरू यसमा प्रकाशित भएका छन् । शब्दाङ्कुर पत्रिकामा केही अङ्कमा न्यून मात्रामा प्रकाशित भएका साहित्येतर रचना भए पनि यो एक महत्त्वपूर्ण साहित्यिक पत्रिकाका रूपमा शब्दाङ्कुरको स्थान गरिमामय र सुरक्षित रहने विश्वास गर्न सकिन्छ ।

व्यक्तिगत प्रयासमा प्रकाशन गर्न थालिएको यस पत्रिकाको व्यवस्थापन पक्ष सन्तोषजनक नै रहेको देखिन्छ । पत्रिकाको पूर्णाङ्क १ देखि अहिलेसम्मका सबै अङ्कहरूको अभिलेख उचित तरिकाले राखेको पाइएको छ । राखिएको अभिलेखमा

शब्दाङ्कुरका १ देखि ५० पूर्णाङ्कसम्मका सबै अङ्कहरू प्राप्त भएका छन् । शब्दाकुर पत्रिकाको निम्ति यो राम्रो पक्ष रहेको छ । यसै गरी शब्दाङ्कुर पत्रिका सबै ठाउँमा सहज रूपले प्राप्त हुने स्थिति बन्न सकेको छैन । साहित्यिक योगदानका दृष्टिले महत्त्व पूर्ण हुनाका साथै अन्य साहित्यिक पत्रपत्रिकाहरूसँगको तुलनामा निकै कम मूल्यमा उपलब्ध भए पनि पाठकहरूको संख्या न्यून रहनु, सबै ठाउँमा पर्याप्त मात्रामा पत्रिका उपलब्ध नहुनु शब्दाङ्कुरको कमजोर पक्षको रूपमा रहेको छ ।

कुनै पनि संघ संस्थाको आर्थिक सहयोग विना नै शब्दाङ्कुर पत्रिका प्रकाशन हुँदै आएको छ । शब्दाङ्कुरमा विशेषाङ्कहरू पर्याप्त मात्रामा प्रकाशित भएका छैनन् । प्रकाशित रचनाहरूमध्ये खास गरेर कविता र गजल निकै बढी मात्रामा आएका देखिन्छन् भने नाटक र औपन्यासिक रचना भने नदेखिएकाले यसतर्फ पनि शब्दाङ्कुरले केही सुधार गर्नु आवश्यक रहेको देखिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने कुनै संघ संस्थाको आर्थिक सहयोग विना व्यक्तिगत प्रयासमा प्रकाशन हुँदै आएको शब्दाङ्कुर पत्रिका समकालीन साहित्यिक पत्रिकाहरूका क्षेत्रमा देखापरेका स्तरीय पत्रिका हो । नेपाली साहित्यिक पत्रकारिताका भीडमा यस पत्रिकाको स्थान उच्च रहेको छ । यसले नेपाली साहित्यको समसामयिक धारालाई सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उच्चता प्रदान गरेर नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान पुऱ्याउँदै आएको छ। अन्त्यमा शब्दाङ्कुर पत्रिका सम्पूर्ण नेपाली साहित्यकै एक उत्कृष्ट पत्रिकाको हो । यसले नेपाली साहित्यका विकासमा अनुपम र उदाहरणीय योगदान गरेको छ भन्न सकिन्छ ।

## ५.२ समष्टिगत निष्कर्ष

यस शोधकार्यको अध्ययनबाट प्राप्त निष्कर्षलाई तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

(क) शब्दाङ्कुर कुनै सङ्घ संस्थाको आर्थिक सहयोग बिना व्यक्तिगत प्रयासमा प्रकाशन हुँदै आएको साहित्यिक मासिक पत्रिका हो ।

(ख) २०५८ साल कार्तिक देखि प्रकाशन हुन थालेको शब्दाङ्कुर पत्रिका २०६८ सालसम्म आइपुग्दा पनि निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

(ग) नेपाली साहित्यिक पत्रपत्रिकाको भीडमा यसको स्थान उच्च रहेको छ ।

(घ) सानो आकारमा प्रकाशन हुँदै आए पनि यस पत्रिकाले साहित्यको सबै प्रमुख विधाहरूलाई समेट्ने प्रयास गरेको देखिन्छ ।

(घ) यस पत्रिकाले स्थापित साहित्यकारका साथै नबोदित साहित्यकारका रचनालाई उत्तिकै स्थान दिएर प्रकाशित गरेको छ ।

(ङ) राजधानी बाहिरका साहित्यकारका रचनालाई राजधानी भित्रबाट प्रकाशित हुने यस पत्रिकाले विशेष महत्त्वका साथ प्रकाशित गरी ओझेलमा परेका साहित्यकारलाई चिनाउने काम गरेको छ ।

(च) यस पत्रिकाले नेपाली साहित्यको समसामयिक धारालाई सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उच्चता प्रदान गरेर नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान दिएको छ ।

(छ) शब्दाङ्कुर पत्रिका सम्पूर्ण नेपाली साहित्यकै एक उत्कृष्ट पत्रिका हो र यसले नेपाली साहित्यको विकासमा अनुपम र उदाहरणीय योगदन दिएको छ ।

# सन्दर्भ सामग्री सूची


अर्याल, भैरव, **साझा कथा**, नवौं सं. साझा प्रकाशन, ललितपुर, २०५५ ।

उपाध्याय, केशवप्रसाद , **साहित्यप्रकाश** , सातौँ सं. साझा प्रकाशन, ललितपुर, २०६७।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४**, दोस्रो सं. साझा प्रकाशन, ललितपुर २०५३ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली वृहत् शब्दकोश**, सातौं सं. ने.प्र.प्र. काठमाडौ, २०६७।

दीक्षित, कमल, **कालो अक्षर**, साझा प्रकाशन ललितपुर, २०२८ ।

देवकोटा, लक्ष्मीप्रसाद **भूमिका लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौं सं. साझा प्रकाशन ललितपुर २०४७।

देवकोटा, ग्रीष्म बहादुर, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,** तेस्रो सं. साझा प्रकाशन ललितपुर, २०५९ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रुपरेखा**, दोस्रो सं. साझा प्रकाशन ललितपुर, २०५९ ।

बराल, ईश्वर, (सम्पा.) **सयपत्री**, चौथो सं.साझा प्रकाशन ललितपुर, २०४६ ।

रिमाल, वासु 'यात्री',(सम्पा.) अठ्ठाइस कथा, दोस्रो सं. साझा प्रकाशन, ललितपुर, २०४९ ।

शर्मा, गोपीकृष्ण , नेपाली निबन्ध परिचय, चौधौँ सं. ,रत्नपुस्तक भण्डार, काठमाडौं , २०६३ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, चौथो सं., साझा प्रकाशन, काठमाडौं, २०४९ ।

सुवेदी, राजेन्द्र (सम्पा.) स्नातकोत्तर नेपाली निबन्ध, पूरक प्रकाशन, काठमाडौं, २०५१ ।

................., स्नातकोत्तर नेपाली कथा, साझा प्रकाशन, काठमाडौं, २०५१ ।

**शोधपत्रको सूची**

पौडेल, शेषकान्त, **नेपाली साहित्यमा गरिमा पत्रिको योगदान**, (अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि (२०५४), पृ. १२० ।

पन्त, सुरेश, **नेपाली साहित्यमा मिर्मिरे पत्रिकाको योगदान**, (अप्रकाशित एम.ए. शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि.(२०५७) ।

**पत्रिकासूची**

कुँवर, उत्तम, 'नेपाली पत्रपत्रिकाको विकास', रुपरेखा (वर्ष १७ अङ्क १० फागुन, २०३३ पृ. १० ।